# संसदीय विवरण पुस्तिका

## प्रतिनिधि सभा

## (२०४८ - २०५१)




संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

# प्रथम प्रतिनिधि सभा

(प्रथम अधिवेशनदेखि सातौ अधिवेशनसम्म)
२०४८-२०५१

**संसद सचिवालय**
संसद भवन, सिंहदरबार
काठमाडौं
URL: www.parliament.gov.np

## प्राक्कथन

संसदीय शासन प्रणालीको पुनर्स्थापना पश्चात २०४८ साल बैशाख २९ गते सम्पन्न प्रथम आमनिर्वाचन देखि २०५१ साल आषाढ २७ गते प्रतिनिधि सभाको विघटनसम्म अर्थात् प्रथम अधिवेशनदेखि सातौं अधिवेशनसम्मको अवधिमा प्रतिनिधि सभा र यसका समितिहरुबाट भए-गरेका कार्यहरुको संक्षिप्त विवरण जानाकारी गराउने उद्देश्य प्रस्तुत पुस्तक प्रथम प्रतिनिधि सभाको रहेको छ । साथै प्रस्तुत पुस्तकमा सभामुख तथा उपसभामुखको निर्वाचन र शपथ ग्रहण, मन्त्रिपरिषद्को गठन र हेरफेर, विपक्षी दलका नेता र मुख्य सचेतकहरु, संसदीय दलका नेताहरु, संसदका महासचिव र सभाका सचिवहरुको नियुक्ति, अन्तर्व्यवस्थापिका संघमा नेपालको सहभागिता र नेपाली संसदीय प्रतिनिधि मण्डलद्वारा विदेश भ्रमण तथा विदेशी संसदीय प्रतिनिधिमण्डलद्वारा नेपाल भ्रमण, सार्क सभामुखहरुको सम्मेलन र बडापत्र अनुमोदन, समय-समयमा आयोजित गोष्ठि, सेमिनार आदि विषयहरुले पनि स्थान पाएका छन् । अधिकांश विवरणहरु तालिकाको रुपमा र सम्भव भएसम्म तुलनात्मक रुपमा प्रस्तुत गर्ने कोशिस गरिएको छ । जरुरी सार्वजनिक महत्वको प्रस्ताव, ध्यानाकर्षण, संकल्प, विधेयक आदि विषयहरु, संयुक्त समितिका सदस्यहरु र सभाका समितिहरुका सदस्यहरुको नामावली परिशिष्टहरुमा र सभाका सम्पूर्ण सदस्यहरुको नामावली पुस्तकको प्रारम्भमै राखिएको छ । संसद सचिवालयको सामान्य चिनारी दिने क्रममा यसको परिचय, स्वीकृत दरवन्दी र संगठन तालिकालाई पनि समावेश गरिएको छ ।

प्रस्तुत पुस्तक प्रकाशित गर्ने कार्य संसद सचिवालयको प्रथम प्रयास भएकोले प्रकाशन कार्यमा ढिलाई हुन गएकोमा क्षमा याचना गर्दै यसमा भएका कमी-कमजोरी देखाई भविष्यमा यसलाई परिष्कृत र बढी उपयोगी बनाउनमा पाठकवृन्दबाट अमूल्य सहयोगको हार्दिक अपेक्षा गर्दछु ।

सूर्यकिरण गुरुङ्ग
सचिव
प्रतिनिधि सभा

२०५४, आषाढ

# प्रतिनिधि सभा

## **माननीय सदस्यहरुको नाम**

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १. | श्री अकवरबहादुर सिंह (रा.प्र.पा.) | दार्चुला | २ |
| २. | श्री अर्जुनजंगबहादुर सिंह (ने.कां.) | बझाङ्ग | १ |
| ३. | श्री अर्जुननरसिंह के.सी. (ने.कां.) | नुवाकोट | ३ |
| ४. | श्री अम्विका साँवा (ने.क.पा. एमाले) | ताप्लेजुङ्ग | २ |
| ५. | श्री अमिक शेरचन (सं.ज.मो.ने.) | चितवन | ३ |
| ६. | श्री अमृतकुमार बोहरा (ने.क.पा. एमाले) | सिन्धुपाल्चोक | १ |
| ७. | श्री अशोककुमार राई (ने.क.पा. एमाले) | खोटाङ्ग | ३ |
| ८. | श्री आत्माराम ओझा बाहुन (ने.कां.) | पर्सा | १ |
| ९. | श्री आनन्दप्रसाद ढुङ्गाना (ने.कां.) | धनुषा | ३ |
| १०. | श्री इन्द्रबहादुर खड्का (ने.क.पा. एमाले) | दोलखा | १ |
| ११. | श्रीमती उमा अधिकारी (ने.कां.) | पर्वत | २ |
| १२ | श्री ऋषिकेश गौतम (ने.कां.) | बारा | ३ |
| १३ | श्री ओमकारप्रसाद गौचन (ने.कां.) | बाग्लुङ्ग | ३ |
| १४. | श्री ओमविकास गौचन (ने.क.पा. एमाले) | मुस्ताङ्ग | - |
| १५. | श्री कमलप्रसाद चौलागाई (सं.ज.मो.ने.) | रामेछाप | २ |
| १६. | श्री कमलेशकुमार शर्मा (ने.कां.) | कपिलवस्तु | १ |
| १७. | श्री कमानसिंह लामा (सं.ज.मो.ने.) | काभ्रेपलान्चोक | १ |
| १८. | श्री कालुराम राना (ने.कां.) | पाल्पा | १ |
| १९. | श्री किरण गुरुङ्ग (ने.क.पा. एमाले) | तनहुँ | ३ |
| २०. | श्री कुलप्रसाद उप्रेती (ने.क.पा. एमाले) | ताप्लेजुङ्ग | १ |
| २१. | श्री कुलप्रसाद शर्मा (फयल) (ने.क.पा. एमाले) | खोटाङ्ग | २ |
| २२. | श्री कुवेरप्रसाद शर्मा (ने.कां.) | सप्तरी | ४ |
| २३. | श्री के.पी. शर्मा (ओली) (ने.क.पा. एमाले) | झापा | ६ |
| २४. | श्री केशवप्रसाद बडाल (ने.क.पा. एमाले) | काभ्रेपलान्चोक | ३ |
| २५. | श्री कृष्णकुमार जोशी (ने.कां.) | बैतडी | १ |
| २६. | श्री कृष्णगोपाल श्रेष्ठ (ने.क.पा. एमाले) [#] | काठमाडौं | ५ |
| २७. | श्री कृष्णप्रसाद दाहाल (ने.क.पा. एमाले) | मकवानपुर | १ |
| २८. | श्री कृष्णप्रसाद भट्टराई (ने.क.पा. एमाले) | पर्वत | १ |

[#] मा. श्री मदनकुमार भण्डारी (दुई निर्वाचन क्षेत्रबाट निर्वाचित) ले राजीनामा दिनु भई रिक्त रहेको प्रतिनिधि सभा सदस्य-पदको उप-निर्वाचनमा निर्वाचित हुनु भएको ।

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| २९. | श्री कृष्णप्रसाद सिटौला (ने.कां.) * | झापा | १ |
| ३०. | श्री कृष्णबहादुर महरा (सं.ज.मो.ने.) | रोल्पा | २ |
| ३१. | श्री कृष्णबहादुर शाही (ने.क.पा. एमाले) | जाजरकोट | २ |
| ३२. | श्र कृष्णराज श्रेष्ठ (ने.क.पा. एमाले) | सिन्धुपाल्चोक | २ |
| ३३. | श्री कृष्णसिंह परियार (ने.कां.) | बाँके | ३ |
| ३४. | श्री क्याबु बुढा (ने.कां.) | डोल्पा | |
| ३५. | श्री खगराज शर्मा (ने.क.पा. एमाले) | बर्दिया | २ |
| ३६. | श्री खड्गबहादुर बुढा (सं.ज.मो.ने.) | रुकुम | १ |
| ३७. | श्री खलील मियाँ (ने.कां.) | सुनसरी | ४ |
| ३८. | श्री खुमबहादुर खड्का (ने.कां.) | दाङ्ग | ३ |
| ३९. | श्री गजेन्द्रनारायण सिंह (ने.स.पा.) | सप्तरी | २ |
| ४०. | श्री गणेश पण्डित (ने.क.पा. एमाले) | नुवाकोट | २ |
| ४१. | श्री गणेशबहादुर खड्का (ने.कां.) | दैलेख | १ |
| ४२. | श्री गम्भीरजंङ्ग कार्की क्षेत्री (ने.कां.) | पाल्पा | २ |
| ४३. | श्री गिरिजाप्रसाद कोइराल (ने.का..) | मोरङ्ग | १ |
| ४४. | श्री गोपाल गुरागाई (ने.क.पा. एमाले) | धनकुटा | २ |
| ४५. | श्री गोपालजी जङ्ग शाह (ने.कां.) | रुकुम | २ |
| ४६. | श्री गोपालमान श्रेष्ठ (ने.कां.) | स्याङ्गजा | १ |
| ४७. | श्री गोविन्द चौधरी (ने.कां.) | रौतहट | ३ |
| ४८. | श्री गोविन्दनाथ उप्रेती (ने.क.पा. एमाले) | काभ्रेपलान्चोक | ४ |
| ४९. | श्री गोविन्दप्रसाद शर्मा कडेल (ने.कां.) | बागलुङ्ग | १ |
| ५०. | श्री गोविन्दबहादुर शाह (ने.कां.) | अछाम | २ |
| ५१. | श्री गोविन्दराज जोशी (ने.कां.) | तनहुँ | २ |
| ५२. | श्री गोविन्दराज ज्ञवाली (ने.क.पा. एमाले) | बर्दिया | ३ |
| ५३. | श्री गंगाबहादुर कुँवर (ने.कां.) | कैलाली | १ |
| ५४. | श्री गंगालाल तुलाधर (ने.क.पा. एमाले) | धादिङ्ग | २ |
| ५५. | श्री घनेन्द्र बस्नेत (ने.क.पा. एमाले) | संखुवासभा | २ |
| ५६. | श्री चन्द्रप्रकाश मैनाली (ने.क.पा. एमाले) | झापा | ५ |
| ५७. | श्री चन्द्रप्रकाश बानिया (ने.क.पा. एमाले) | म्याग्दी | २ |
| ५८. | श्री चिनकाजी श्रेष्ठ (ने.कां.) | गोरखा | ३ |
| ५९. | श्री चिरञ्जीवी वाग्ले (ने.कां.) | गोरखा | १ |

* मा. श्री द्रोणप्रसाद आचार्यको निधन भई रिक्त भएको प्रतिनिधि सभा सदस्य पदको उप-निर्वाचनमा निर्वाचित हुनु भएको ।

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| ६०. | श्री छक्कबहादुर लामा (सं.ज.मो.ने.) | हुम्ला | - |
| ६१. | श्री छविप्रसाद देवकोटा (ने.कां.) | सल्यान | २ |
| ६२. | श्री जगन्नाथ आचार्य (ने.कां.) | भक्तपुर | २ |
| ६३. | श्री जागृतप्रसाद भेटवाल (ने.क.पा. एमाले) | चितवन | १ |
| ६४. | श्री जीतवीर तामाङ्ग लामा (ने.क.पा. एमाले) | दोलखा | २ |
| ६५. | श्री झकबहादुर पुन (ने.कां.) | गुल्मी | १ |
| ६६. | श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | इलाम | १ |
| ६७. | श्री टेकबहादुर चोखाल (ने.कां.) | कैलाली | ३ |
| ६८. | श्री टंक राई (ने.क.पा. एमाले) | खोटाङ्ग | १ |
| ६९. | श्री डम्वरसिंह सम्वाहाम्फे (ने.क.पा. एमाले) | पाँचथर | २ |
| ७०. | श्री डिल्लीबहादुर महत (ने.म.कि.पा.) | जुम्ला | - |
| ७१. | श्री ढुण्डिराज शर्मा पौड्याल (ने.कां.) | अर्घाखाँची | २ |
| ७२. | श्री तारानाथ रानाभाट (ने.कां.) | कास्की | १ |
| ७३. | श्री तारिणीदत्त चटौत (ने.कां.) | कञ्चनपुर | २ |
| ७४. | श्री तिलकप्रसाद न्यौपाने (ने.कां.) | कालिकोट | - |
| ७५. | श्री तुलबहादुर गुरुङ (ने.क.पा. एमाले) | कास्की | २ |
| ७६. | श्रीमती थममाया थापा (ने.क.पा. एमाले) | म्याग्दी | १ |
| ७७. | श्री दमननाथ ढुङ्गाना (ने.कां.) | काठमाडौं | २ |
| ७८. | श्री दामन पाखीन (ने.कां.) | धादिङ्ग | १ |
| ७९. | श्री दिलेन्द्रप्रसाद वडू (ने.कां.) | दार्चुला | १ |
| ८०. | श्री दीनवन्धु अर्याल (ने.कां.) | स्याङ्गजा | ३ |
| ८१. | श्री दीपकुमार उपाध्याय (ने.कां.) | कपिलवस्तु | २ |
| ८२. | श्री दुर्गानन्दप्रसाद सिंह थारु (ने.कां.) | सप्तरी | ५ |
| ८३. | श्री दुर्योधन सिंह (ने.कां.) | रुपन्देही | १ |
| ८४. | श्री देवराज जोशी (ने.कां.) | बाजुरा | १ |
| ८५. | श्री देवीप्रसाद ओझा (ने.क.पा. एमाले) | झापा | २ |
| ८६. | श्री द्धारिकाप्रसाद प्रधान (ने.का..) | जाजरकोट | १ |
| ८७. | श्री धनहर्क राई (ने.क.पा. एमाले) | भोजपुर | ३ |
| ८८. | डा. ध्रुवप्रसाद शर्मा (ने.का..) | सिन्धुली | ३ |
| ८९. | श्री नथुनीसिंह दनुवार (ने.कां.) | सिराह | २ |
| ९०. | श्री नरेन्द्र बस्नेत (ने.क.पा. एमाले) | भोजपुर | १ |
| ९१. | श्री नरेन्द्रबहादुर बम (ने.कां.) | बैतडी | ३ |
| ९२. | श्री नारायणमान विजुक्छे (ने.म.कि.पा.) | भक्तपुर | १ |

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| ९३. | श्री नारायण राजवंशी (ने.क.पा. एमाले) | झापा | ४ |
| ९४. | श्री पद्मनारायण चौधरी (ने.कां.) | सिराहा | १ |
| ९५. | श्री पद्मरत्न तुलाधर (ने.क.पा. एमाले) | काठमाडौं | ३ |
| ९६. | श्री परशुराम मेघी गुरुङ (ने.क.पा. एमाले) | संखुवासभा | १ |
| ९७. | श्री पशुपति शम्शेर ज.ब.रा. (रा.प्र.पा.) | सिन्धुपाल्चोक | ३ |
| ९८. | श्री पाल्तेन गरुङ (ने.कां.) | मनाङ्ग | - |
| ९९. | श्री पूर्णबहादुर खड्का (ने.कां.) | सुर्खेत | १ |
| १००. | श्री प्रकाश कोइराला (ने.कां.) | सिन्धुली | २ |
| १०१. | श्री प्रकाश कोइराला (ने.कां.) * | सुनसरी | ३ |
| १०२. | डा. प्रकाशचन्द्र लोहनी (रा.प्र.पा.) | नुवाकोट | १ |
| १०३. | श्री बलबहादुर कुंवर (ने.कां.) | अछाम | १ |
| १०४. | श्री बलबहादुर के.सी. (ने.कां.) | सोलुखुम्बु | - |
| १०५. | श्री बलबहादुर राई (ने.कां.) | ओखलढुङ्गा | २ |
| १०६. | श्री बालकृष्ण खाँण (ने.कां.) | रुपन्देही | ३ |
| १०७. | श्री बालाराज कार्की (ने.कां.) | ओखलढुङ्गा | १ |
| १०८. | श्री ब्रह्मनारायण चौधरी थारु (ने.कां.) | सर्लाही | १ |
| १०९. | श्री भक्तबहादुर बलायर (ने.कां.) | डोटी | १ |
| ११०. | श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | मोरङ्ग | २ |
| १११. | श्री भागवत ज्ञवाली (ने.कां.) | गुल्मी | २ |
| ११२. | श्री भीमबहादुर श्रेष्ठ (ने.क.पा.प्र.) | चितवन | २ |
| ११३. | श्री मझिलाल थारुथनेत (ने.क.पा. एमाले) | नवलपरासी | २ |
| ११४. | श्री मणिकुमार लिम्बू (ने.क.पा. एमाले) | इलाम | २ |
| ११५. | श्री मदन ढुङ्गेल (ने.क.पा. एमाले) | सिन्धुली | १ |
| ११६. | श्री मनमोहन अधिकारी (ने.क.पा. एमाले) | सुनसरी | १ |
| ११७. | श्री महन्थ ठाकुर (ने.कां.) | सर्लाही | ५ |
| ११८. | श्री महेन्द्रनारायण निधि (ने.कां.) | धनुषा | ४ |
| ११९. | श्री महेन्द्र यादव (ने.कां.) | महोत्तरी | १ |
| १२०. | श्री महेश्वर प्रसाद सिंह (ने.कां.) | महोत्तरी | ३ |
| १२१ | श्री मिर्जा दिलशाद वेग (ने.स.पा.) | कपिलवस्तु | ४ |
| १२२. | श्री मिठाराम शर्मा बजगाई (ने.क.पा. एमाले) | ललितपुर | १ |
| १२३. | श्री मीनबहादुर खत्री (ने.कां.) | बाग्लुङ्ग | २ |

* मा. श्री गिरिजाप्रसाद कोइराला (दुई निर्वाचन क्षेत्रबाट निर्वाचित) ले राजीनामा दिनु भई रिक्त रहेको प्रतिनिधि सभा सदस्य-पदको उप-निर्वाचनमा [निर्वा]चित हुनु भएको ।

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १२४. | श्रीमती मीना पाण्डे (ने.कां.) | सर्लाही | २ |
| १२५. | श्री मुक्तिप्रसाद पाण्डे (ने.कां.) | प्यूठान | २ |
| १२६. | श्री मुकुन्द न्यौपाने (ने.क.पा. एमाले) | बारा | १ |
| १२७. | सुश्री मैयादेवी श्रेष्ठ (ने.कां.) | गोरखा | २ |
| १२८. | श्री रकम चेमजोङ्ग (ने.क.पा. एमाले) | धनकुटा | १ |
| १२९. | श्री रमेश रिजाल (ने.कां.) | पर्सा | ४ |
| १३०. | श्री राजदेव गोइत (ने.कां.) | सिराहा | ४ |
| १३१. | श्री राजेन्द्रप्रसाद पाण्डे (ने.क.पा. एमाले) | धादिङ्ग | ३ |
| १३२. | श्री राजेन्द्रबहादुर शाह (ने.कां.) | सल्यान | १ |
| १३३. | श्री राधाकृष्ण मैनाली (ने.क.पा. एमाले) | झापा | ३ |
| १३४. | श्री रामकृष्ण उपाध्याय आचार्य (रा.प्र.पा.) | रसुवा | - |
| १३५. | श्री रामकृष्ण ताम्राकार (ने.कां.) | रुपन्देही | २ |
| १३६. | श्री रामचन्द्र अधिकारी (ने.कां.) | लमजुङ्ग | १ |
| १३७. | श्री रामचन्द्रप्रसाद कुशवाह (ने.कां.) | पर्सा | २ |
| १३८. | श्री रामचन्द्र पौडेल (ने.कां.) | तनहुँ | १ |
| १३९. | श्री रामजनम चौधरी (ने.कां.) | कैलाली | २ |
| १४०. | श्री रामबहादुर गुरुङ (ने.कां.) | लमजुङ्ग | २ |
| १४१. | श्री रामबहादुर विष्ट (ने.कां.) | अछाम | ३ |
| १४२. | डा. रामबरण यादव (ने.का.) | धनुषा | ५ |
| १४३. | ंश्री  रामहरि जोशी (ने.कां.) | सर्लाही | ३ |
| १४४. | श्री रुद्रमणि भण्डारी शर्मा (ने.कां.) | गुल्मी | ३ |
| १४५. | श्री रुद्रमान गुरुङ (ने.कां.) | स्याङ्गजा | २ |
| १४६. | श्री रेवती प्रसाद भुसाल (ने.कां.) | अर्घाखाँची | १ |
| १४७. | श्री रंगबहादुर शाही (ने.कां.) | दैलेख | २ |
| १४८. | श्री लक्ष्मणप्रसाद घिमिरे (ने.कां.) | रामेछाप | १ |
| १४९. | श्री लक्ष्मीनारायण चौधरी (ने.क.पा. एमाले) | उदयपुर | १ |
| १५०. | श्री लालबाबु पण्डित (ने.क.पा. एमाले) | मोरङ्ग | ३ |
| १५१. | श्रीमती लीला कोइराला (ने.कां.) | धनुषा | २ |
| १५२. | श्री लीलामणि पोखरेल (सं.ज.मो.ने.) | ललितपुर | ३ |
| १५३. | श्री लोकराज जोशी (ने.कां.) | बझाङ्ग | २ |
| १५४. | श्री वरमन बुढा (सं.ज.मो.ने.) | रोल्पा | १ |
| १५५. | श्री वसन्तकुमार गुरुङ (ने.कां.) | महोत्तरी | ५ |
| १५६. | श्री वसन्तकुमार नेम्वाङ्ग (ने.क.पा. एमाले) | पाँचथर | १ |

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १५७. | श्री वामदेव गौतम (ने.क.पा. एमाले) | बर्दिया | १ |
| १५८. | श्री वाशुदेव भट्ट (ने.कां.) | कञ्चनपुर | १ |
| १५९. | श्री विजयकुमार गच्छदार (ने.कां.) | सुनसरी | २ |
| १६०. | श्री विजय सुब्बा (ने.क.पा. एमाले) | तेह्रथुम | १ |
| १६१. | श्रीमती विद्यादेवी भण्डारी (ने.क.पा. एमाले) # | काठमाडौं | १ |
| १६२. | श्री विनयध्वज चन्द (ने.कां.) | बैतडी | २ |
| १६३. | श्री विरोध खतिवडा (ने.क.पा. एमाले) | मकवानपुर | २ |
| १६४. | श्री विष्णु बहादुर तामाङ्ग (सं.ज.मो.ने.) | सिराह | ५ |
| १६५. | श्री विष्णुबहादुर राउत (ने.क.पा. एमाले) | उदयपुर | २ |
| १६६. | श्री विष्णुराज आचार्य (ने.कां.) | कपिलवस्तु | ३ |
| १६७. | श्री वेनीमाधव सिंह (ने.कां.) | महोत्तरी | ४ |
| १६८. | श्री वैधनाथ महतो (ने.क.पा.प्र.) | सर्लाही | ४ |
| १६९. | श्री वंशीधर मिश्र (ने.क.पा. एमाले) | रौतहट | ४ |
| १७०. | श्री व्रजकिशोर सिंह (ने.कां.) | रोतहट | १ |
| १७१. | श्री शिवबहादुर देउजा (ने.क.पा. एमाले) | काभ्रेपलान्चोक | २ |
| १७२. | श्री शिवधारी यादव (ने.कां.) | धनुषा | १ |
| १७३. | श्री शिवराज गौतम (ने.क.पा. एमाले) | दाङ्ग | २ |
| १७४. | श्री शिवराज जोशी (ने.कां.) | सुर्खेत | २ |
| १७५. | श्री शिवराज सुवेदी (ने.कां.) | प्यूठान | १ |
| १७६. | श्री शेख इद्रिश (ने.कां.) | रौतहट | २ |
| १७७. | श्री शेरबहादुर देउवा (ने.कां.) | डडेल्धुरा | - |
| १७८. | सुश्री शैलजा आचार्य (ने.कां.) | मोरङ्ग | ५ |
| १७९. | श्री शंकरप्रसाद पाण्डेय (ने.कां.) | स्याङ्गजा | ४ |
| १८०. | डा. श्यामलाल तवदार (ने.कां.) | मोरङ्ग | ६ |
| १८१. | श्री श्यामसुन्दर गुप्ता (ने.स.पा.) | रुपन्देही | ५ |
| १८२. | श्री सन्तप्रसाद चौधरी (ने.स.पा.) | रुपन्देही | ४ |
| १८३. | श्री सलिम मिया अन्सारी (ने.क.पा. एमाले) | बारा | ४ |
| १८४. | श्रीमती सहाना प्रधान (ने.क.पा. एमाले) | काठमाण्डौं | ४ |
| १८५. | श्री सिद्धराज ओझा (ने.कां.) | डोटी | २ |
| १८६. | श्री सिद्धिलाल सिंह (ने.क.पा. एमाले) | ललितपुर | २ |
| १८७. | श्री सुरेन्द्रप्रसाद चौधरी (ने.कां.) | पर्सा | ३ |

# मा. श्री मदनकुमार भण्डारीको निधन भई रिक्त भएको प्रतिनिधि सभा सदस्य पदको उप-निर्वाचनमा निर्वाचित हुनु भएको ।

| क्र.सं. | नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १८८. | श्री सुरेशचन्द्र दास (ने.कां.) | सिराहा | ३ |
| १८९. | श्री सुशील कोइराला (ने.कां.) | बाँके | २ |
| १९०. | श्री सूर्यप्रसाद कन्दङ्गवा (ने.क.पा. एमाले) | तेह्रथुम | २ |
| १९१. | श्री सूर्यभक्त अधिकारी (ने.कां.) | नवलपरासी | १ |
| १९२. | श्री शैयद मेराज अहमद शाह (ने.कां.) | बाँके | १ |
| १९३. | श्री सोमनाथ अधिकारी प्यासी (ने.क.पा. एमाले) | कास्की | ३ |
| १९४. | श्री सोहनप्रसाद चौधरी (ने.क.पा. एमाले) | बारा | २ |
| १९५. | श्री हर्कमान तामाङ्ग (ने.क.पा. एमाले) | मोरङ्ग | ४ |
| १९६. | श्री हस्तबहादुर मल्ल (ने.कां.) | मुगु | - |
| १९७. | श्री हरी प्रसाद चौधरी (ने.कां.) | दाङ्ग | १ |
| १९८. | श्री हरिप्रसाद नेपाल (ने.कां.) | पाल्पा | ३ |
| १९९. | श्री हरिप्रसाद राय अमात (ने.कां.) | सप्तरी | ३ |
| २००. | श्री हरिशंकर मिश्र (ने.कां.) | महोत्तरी | २ |
| २०१. | श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | मकवानपुर | ३ |
| २०२. | श्री हीरालाल चौधरी (ने.क.पा. एमाले) | सप्तरी | १ |
| २०३. | श्री हेमराज राई (ने.क.पा. एमाले) | भोजपुर | २ |
| २०४. | श्री हृदयेश त्रिपाठी (ने.स.पा.) | नवलपरासी | ३ |
| २०५. | श्री त्रियुगीनारायण चौधरी (ने.स.पा.) | नवलपरासी | ४ |

# विषय सूची

| शीर्षक | | पृष्ठ |
|---|---|---|
| १. | प्रतिनिधि सभाको गठन | १ |
| २. | सदस्यको लागि योग्यता | १ |
| ३. | प्रतिनिधि सभाको निर्वाचन | २ |
| ४. | महिला उम्मेदवार विजयी | २ |
| ५ | निर्वाचित सदस्यहरुको दलीय स्थिति | २ |
| ६ | नेपाली कांग्रेस संसदीय दलमा समावेश | ३ |
| ७ | ज्येष्ठ सदस्य र शपथ ग्रहण | ३ |
| ८. | सदस्य-पदको शपथ | ३ |
| ९. | सभामुखको निर्वाचन | ४ |
| १०. | सभामुख पदको शपथ | ४ |
| ११. | उप-सभामुखको निर्वाचन | ४ |
| १२. | उप-सभामुख पदको शपथ | ५ |
| १३. | अध्यक्षता गर्ने व्यक्तिहरुको मनोनयन | ५ |
| १४. | अधिवेशन | ७ |
| १५. | प्रतिनिधि सभाको अधिवेशन | ८ |
| १६ | श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन र मा. प्रधानमन्त्रीद्वारा सम्बोधनको प्रति टेबुल | ९ |
| १७ | धन्यवादको प्रस्ताव | ९ |
| १८. | आर्थिक सर्वेक्षण पेश | १० |
| १९. | राजस्व र व्ययको वार्षिक अनुमान | १० |
| २०. | विनियोजन विधेयकमाथि छलफल | १० |
| २१. | खर्च कटौतीको प्रस्ताव | ११ |
| २२. | स्थगन प्रस्ताव | ११ |
| २३. | बधाई प्रस्ताव | १२ |
| २४. | शोक प्रस्ताव | १२ |
| २५. | जरुरी सार्वजनिक महत्वको प्रस्ताव | १२ |
| २६. | ध्यानाकर्षण | १३ |
| २७. | संकल्प | १५ |
| २८. | आधा घण्टाको छलफल | १६ |
| २९. | अध्यादेश पेश | १६ |
| ३०. | पारित विधेयकहरु | १७ |
| ३१. | गैर सरकारी विधेयक | १९ |

| | | |
|---|---|---|
| ३२. | प्रतिनिधि सभा नियमावली संशोधन | १९ |
| ३३. | नियम निलम्वन | २० |
| ३४. | विधेयक फिर्ता लिने प्रस्ताव | २० |
| ३५. | महासन्धि, सन्धि, सम्झौता र नियमावली अनुमोदन | २१ |
| ३६. | मल्लिक आयोगको प्रतिवेदन टेबुल | २१ |
| ३७. | प्रतिवेदन पेश | २२ |
| ३८. | संयुक्त समितिको प्रतिवेदनका बुँदाहरुमा सहमति | २३ |
| ३९. | अनुपस्थितिको सूचना स्वीकृत गर्न मा. सभामुखलाई अधिकार प्रदान | २४ |
| ४०. | कार्य व्यवस्था परामर्श समितिको गठन | २४ |
| ४१. | संयुक्त समिति गठन | २५ |
| ४२. | विशेष समिति गठन | २६ |
| ४३. | समितिहरुको गठन | २७ |
| ४४. | समितिका क्रियाकलापहरु | २८ |
| ४५. | सदस्य पदबाट राजिनामा | २९ |
| ४६. | स्थान रिक्तताको जानकारी | २९ |
| ४७. | उप-निर्वाचन | ३० |
| ४८. | मन्त्रिपरिषद्को गठन र हेरफेर | ३० |
| ४९. | अर्को मन्त्रिपरिषद् गठन नभएसम्म हालकै मन्त्रिपरिषद्ले कार्य संचालन गरिरहने व्यवस्था | ३२ |
| ५०. | विपक्षी दलको नेता | ३३ |
| ५१. | मुख्य सचेतक तथा सचेतकहरु | ३३ |
| ५२. | संसदीय दलका नेताहरु | ३३ |
| ५३. | महासचिवको नियुक्ति | ३३ |
| ५४. | सचिवहरुको नियुक्ति | ३४ |
| ५५. | प्रश्नहरु | ३४ |
| ५६. | बैठक संचालनमा अवरोध<br>(क) धर्ना<br>(ख) नारा<br>(ग) अवरोध | ३५ |
| ५७. | बैठक वहिष्कार | ३८ |
| ५८. | विशेषाधिकार सम्बन्धी प्रश्न | ४१ |
| ५९. | निवेदन पत्र | ४४ |
| ६०. | अर्न्तव्यवस्थापिका संघमा नेपालको सहभागिता | ४४ |
| ६१. | नेपाली संसदीय प्रतिनिधिमण्डलहरुद्वारा विदेश भ्रमण | ४५ |

| | | |
|---|---|---|
| ६२. | विदेशी संसदीय प्रतिनिधिमण्डलहरुद्वारा नेपाल भ्रमण | ४६ |
| ६३. | सार्क सभामुखहरुको सम्मेलन र बडापत्र अनुमोदन | ४६ |
| ६४. | स्वागत तथा परिचयात्मक कार्यक्रम, छलफल, गोष्ठी र सेमिनार | ४७ |
| ६५. | पुस्तकालय र प्रकाशन | ५० |
| ६६. | प्रतिनिधि सभा विघटन | ५० |
| ६७. | संसद सचिवालय : एक चिनारी | ५० |

**परिशिष्टहरु:**

| | | |
|---|---|---|
| परिशिष्ट - १ | जरुरी सार्वजनीक महत्वका प्रस्तावहरु | ५४ |
| परिशिष्ट - २ | ध्यानाकर्षणहरु | ६० |
| परिशिष्ट - ३ | संकल्पहरु | ७३ |
| परिशिष्ट - ४ | पारित बिधेयकहरु | ७६ |
| परिशिष्ट - ५ | संयुक्त समितिहरुमा रहनु भएका मा. सदस्यहरुको नामावली | ८८ |
| परिशिष्ट - ६ | समितिहरुको गठन र हेरफेर | ९१ |
| परिशिष्ट - ७ | प्रश्नहरुको विवरण तालिका | ९६ |
| परिशिष्ट - ८ | संसद सचिवालयको स्वीकृत दरवन्दी तालिका | १०० |
| परिशिष्ट - ९ | संसद सचिवालयको संगठन तालिका | १०२ |

## <u>शब्द सूची</u>

| | |
|---|---|
| मा. | = माननीय |
| ने.कां. | = नेपाली कांग्रेस |
| ने.क.पा.(एमाले) | = नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत मार्क्सवादी र लेनिनवादी) |
| रा.प्र.पा. | = राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ने.स.पा. | = नेपाल सद्भावना पार्टी |
| ने.म.कि.पा. | = नेपाल मजदूर किसान पार्टी |
| सं.ज.मो.ने. | = संयुक्त जनमोर्चा नेपाल |
| ने.क.पा.(प्र.) | = नेपाल कम्यूनिष्ट पार्टी (प्रजातन्त्रवादी) |
| घ. | = घण्टा |
| मि. | = मिनेट |
| मौ. | = मौखिक |
| लि. | = लिखित |
| अ.सू. | = अल्प सूचना |

# प्रथम प्रतिनिधि सभा

(२०४८ साल बैशाख २९ गतेदेखि २०५१ साल आषाढ २७ गतेसम्म)

## १. प्रतिनिधि सभाको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४४ ले श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ भन्ने व्यवस्था गरेको छ । यसै गरी संविधानको धारा ४५ ले प्रतिनिधि सभाको गठन गरेको छ, जस अनुसार प्रतिनिधि सभामा २०५ सदस्य रहने, यी सदस्यहरुको निर्वाचनको लागि प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा ती जिल्लाहरुको जनसख्या र सदस्य संख्याका बीचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसंख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने सदस्य संख्या निर्धारण गरी सो संख्या बराबर निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना सदस्यको निर्वाचन गरिने तर जनसंख्या जतिसुकै भएपनि प्रत्येक जिल्लाबाट कम्तीमा एक जना सदस्यको निर्वाचन हुने गरी जिल्लाहरुबाट निर्वाचन हुने सदस्यको संख्या र निर्वाचन क्षेत्र कायम गरिने व्यवस्था गरेको छ ।

साथै संविधान बमोजिम विघटन भएमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुने तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा ऐनद्वारा एक वर्षसम्म बढाउन सकिने र यसरी बृद्धि गरिएको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएकोमा सो खारेज मितिले ६ महिना पुगेपछि स्वत्तः समाप्त हुने, प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा हुने र १८ वर्ष पुगेको नेपाली नागरिक मतदाता हुन सक्ने व्यवस्था छ ।

## २. सदस्यको लागि योग्यता

संविधानको धारा ४७ बमोजिम प्रतिनिधि सभाको सदस्य पदको उम्मेदवार हुनको लागि २५ बर्ष उमेर पुगेको, प्रचलित कानूनले अयोग्य नभएको र लाभको पद धारणा नगरेको नेपाली नागरिक हुनुपर्दछ । कुनै सदस्यको मृत्यु भएमा वा निजले राजीनामा गरेमा वा धारा ४७ अनुसार योग्यता नभएमा वा नरहेमा वा सदनको कार्यकाल समाप्त भएमा वा सदनको

स्वीकृति नलिई लगातार ३० वटा बैठकमा अनुपस्थित भएमा वा दल त्याग गरेमा निज प्रतिनिधि सभा सदस्य पदमा नरहने व्यवस्था धारा ४९ ले गरेको छ ।

## ३. प्रतिनिधि सभाको निर्वाचन

नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ भए पश्चात् प्रतिनिधि सभा सदस्यको २०५ स्थानको लागि २०४८ साल बैशाख २९ गते प्रथम आमनिर्वाचन सम्पन्न भयो । यो निर्वाचनमा २०५ स्थानको लागि १३४५ जना उम्मेदवार थिए । कूल मतदाता १,११,९१,७७७ थिए । जम्मा खसेको मत ७२,९१,०८४ मध्ये सदर मत ६९,६९,०६१ र बदर मत ३,२२,०२३ थियो । [#]

## ४. महिला उम्मेदवार विजयी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११४ ले व्यवस्था गरे अनुसार प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरु मध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने अनिवार्यता छ । जस अनुरुप प्रथम आमनिर्वाचनमा विभिन्न राजनैतिक दलका तर्फबाट र स्वतन्त्र गरी ८० जना महिला उम्मेदवार थिए [♣] र यी मध्ये ७ जना विजयी भए । २०५० साल माघ २५ गते सम्पन्न उप-निर्वाचनमा १ जना महिला उम्मेदवार विजयी भई यो संख्या ८ पुग्यो ।

## ५. निर्वाचित सदस्यहरुको दलीय स्थिति

प्रतिनिधि सभाको लागि सम्पन्न प्रथम आमनिर्वाचनमा विभिन्न राजनैतिक दलहरु र स्वतन्त्र उम्मेदवार समेत गरी निर्वाचित सदस्यहरुको दलीय स्थिति निम्नानुसार रहेको थियो :-

| राजनैतिक दलको नाम | निर्वाचित सदस्य संख्या |
|---|---|
| १. नेपाली कांग्रेस | ११० [*] |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ६९ [▽] |
| ३. संयुक्त जनमोर्चा, नेपाल | ९ |
| ४. नेपाल सद्भावना पार्टी | ६ |

[#] प्रतिनिधि सभा सदस्य निर्वाचन - २०४८ निर्वाचन परिणाम विवरण, निर्वाचन आयोग ।

[♣] गोरखापत्र, २०४८ वैशाख २८ गते शनिवार ।

[*] स्वतन्त्र रुपमा निर्वाचित सदस्यहरुको प्रवेश र उप-निर्वाचनमा एकजना ने.कां.उम्मेदवारको विजय पछि ११४ पुगेको ।

[▽] उप-निर्वाचन पछि एक स्थान घट्न गई ६८ भएको ।

| राजनैतिक दलको नाम | निर्वाचित सदस्य संख्या |
| --- | --- |
| ५. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) | ३ |
| ६. नेपाल मजदुर किसान पार्टी | २ |
| ७. नेपाल कम्युनिष्ट पार्टी (प्रजातन्त्रवादी) | २ |
| ८. राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) | १ |
| ९. स्वतन्त्र | ३ |
| **जम्मा** | **२०५** |

## ६. नेपाली कांग्रेस संसदीय दलमा समावेश

स्वतन्त्र उम्मेदवारको रुपमा निर्वाचित निम्नलिखित मा. सदस्यहरु निम्नलिखित मितिदेखि नेपाली कांग्रेस संसदीय दलमा समावेश हुनु भयो :-

| नाम थर | जिल्ला | निर्वाचन क्षेत्र नं. | समावेश मिति |
| --- | --- | --- | --- |
| १. मा. श्री ओमकारप्रसाद गौचन | बाग्लुङ्ग | ३ | २०४८।३।५ |
| २. मा. श्री गोविन्द चौधरी | रौतहट | ३ | २०४८।३।६ |
| ३. मा. श्री राजदेव गोइत | सिराहा | ४ | २०४८।३।६ |

## ७. ज्येष्ठ सदस्य र शपथ ग्रहण

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५१ को उप-धारा (३) अनुसार प्रतिनिधि सभाकोसभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधि सभाको बैठकको अध्यक्षता उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने प्रावधान भएको र निजले प्रतिनिधि सभाको आमनिर्वाचन पछिको पहिलो अधिवेशनको बैठकमा भाग लिनुअघि श्री ५ समक्ष शपथ लिनुपर्ने व्यवस्था भए अनुसार श्री ५ महाराजधिराजबाट सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित नेपाली कांग्रेसका ७४ वर्षीय मा. श्री खलील मियाँलाई २०४८ साल आषाढ ५ गते प्रतिनिधि सभा सदस्य पदको शपथ गराई बक्सियो ।

## ८. सदस्य-पदको शपथ

प्रतिनिधि सभामा नवनिर्वाचित मा. सदस्यहरुले २०४८ साल आषाढ ६ गते संसद सचिवालय (सम्मेलन कक्ष) मा आयोजित समारोहमा मा. ज्येष्ठ सदस्य श्री खलील मियाँ समक्ष प्रतिनिधि सभा सदस्य पदको शपथ लिनु भयो ।

सर्वप्रथम, मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला, त्यसपछि मा. मन्त्रीहरु र त्यसपछि मा. विपक्षी दलका नेता श्री मनमोहन अधिकारीले सदस्य पदको शपथ लिनु भएको थियो ।

तत्पश्चात, अन्य मा. सदस्यहरुले १२ समूहमा समूहीकृत रुपमा सदस्य पदको शपथ लिनु भएको थियो ।

## ९. सभामुखको निर्वाचन

श्री ५ महाराजधिराजबाट प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ९ को उप-नियम (१) मा व्यवस्था भए बमोजिम सभामुखको निर्वाचन २०४८ साल आषाढ ९ गते आइतबार गराउन तोकिबक्स्यो ।

सभामुख पदमा "मा. श्री दमननाथ ढुंगाना (ने.कां.) लाई निर्वाचित गरियोस्" र "मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) लाई निर्वाचित गरियोस्" भन्ने दुईवटा प्रस्तावको सूचना प्राप्त भएका थिए ।

उक्त दुई प्रस्ताव मध्ये महिलो प्रस्तावका प्रस्तावक मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला र समर्थक मा. कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री श्री तारानाथ रानाभाट हुनुहुन्थ्यो भने दोस्रो प्रस्तावका प्रस्तावक र समर्थक क्रमश : मा. श्री मदनकुमार भण्डारी र मा. श्री भरतमोहन अधिकारी हुनुहुन्थ्यो ।

"सभामुख पदमा मा. श्री झलनाथ खनाललाई निर्वाचित गरियोस्" भन्ने प्रस्ताव निर्धारित समयमा फिर्ता लिइएकोले "सभामुख पदमा मा. श्री दमननाथ ढुंगानालाई निर्वाचित गरियोस्" भन्ने प्रस्तावको एउटा मात्र सूचना २०४८ साल आषाढ ९ गतेको बैठकमा प्रस्तुत भई मा. श्री दमननाथ ढुंगाना सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभयो ।

## १०. सभामुख पदको शपथ

सभामुख पदमा निर्वाचित मा. श्री दमननाथ ढुंगानाले २०४८ साल आषाढ ९ गते आइतबार नारायणहिटी राजदरबारमा आयोजित समारोहमा श्री ५ समक्ष सभामुख पदको शपथ लिनु भायो ।

## ११. उप-सभामुखको निर्वाचन

मा. सभामुखले उप-सभामुखको निर्वाचनको लागि २०४८ साल अषाढ १६ गते आइतबारको दिन तोक्नु भयो ।

उप-सभामुख पदमा "मा. श्री सलिम मियाँ अन्सारी (ने.क.पा. एमाले) लाई निर्वाचित गरियोस्", "मा. श्री महन्थ ठाकुर (ने.कां.) लाई निर्वाचित गरियोस्" र "मा. श्री डिल्लीबहादुर महत (ने.म.कि.पा.) लाई निर्वाचित गरियोस्" भनी तीनवटा प्रस्तावको सूचना प्राप्त भएका थिए ।

उक्त तीनवटा प्रस्तावहरु मध्ये महिलो प्रस्तावका प्रस्तावक मा. विपक्षी दलका नेता श्री मनमोहन अधिकारी र समर्थक मा. श्री झलनाथ खनाल, दोस्रो प्रस्तावका प्रस्तावक मा. श्री गोविन्दराज जोशी र समर्थक मा. शिक्षा तथा संस्कृति र पर्यटनमन्त्री श्री रामहरि जोशी र तेस्रो प्रस्तावका प्रस्तावक मा. श्री अमिक शेरचन र समर्थक मा. श्री कमलप्रसाद चौलागाई हुनुहुन्थ्यो ।

"मा. श्री डिल्लीबहादुर महतलाई उप-सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव फिर्ता लिइएकोले "मा. श्री सलिम मियाँ अन्सारीलाई उप-सभामुख पदमा निर्वाचित गरियोस्" र "मा. श्री महन्थ ठाकुरलाई उप-सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने दुईवटा प्रस्ताव २०४८ साल अषाढ १६ गते आइतबारको बैठकमा प्रस्तुत गरिए ।

उक्त प्रस्तावहरुमाथिको संक्षिप्त छलफल पश्चात् पहिलो प्रस्ताव अर्थात "मा. श्री सलिम अन्सारीलाई उप-सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ४२ को उप-नियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा प्रस्तावको पक्षमा ६६ र विपक्षमा १११ मत परेकोले अस्वीकृत भयो ।

त्यसपछि, दोस्रो प्रस्ताव अर्थात् "मा. श्री महन्थ ठाकुरलाई उप-सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई उक्त नियमावलीको नियम ४२ को उप-नियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा प्रस्तावको पक्षमा १११ र विपक्षमा ६५ मत परेकोले मा. श्री महन्थ ठाकुर उप-सभामुख पदमा निर्वाचित हुनुभयो ।

## १२. उप-सभामुख पदको शपथ

नव - निर्वाचित मा. उप-सभामुख श्री महन्थ ठाकुरले २०४८ साल आषाढ १६ गते मा. सभामुख समक्ष उप-सभामुख पदको शपथ लिनु भयो ।

## १३. अध्यक्षता गर्ने व्यक्तिहरुको मनोनयन

प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १३ को उप-नियम (१) अनुसार सभामुख र उप-सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सम्बन्धित अधिवेशन

कालभरको लागि मा. सभामुखले निम्नलिखित मा. सदस्यहरुलाई निम्न मितिमा मनोनयन गर्नु भयो :-

| अधिवेशन | अध्यक्षता गर्ने व्यक्तिहरुको नाम | मनोनयन मिति |
|---|---|---|
| प्रथम | १. मा. श्री दिलेन्द्रप्रसाद वडू | २०४८।४।१९ |
| | २. मा. श्री विजयकुमार गच्छदार | |
| | ३. मा. श्री भागवत ज्ञवाली | |
| | ४. मा. श्री रामकृष्ण ताम्राकार | |
| | ५. मा. श्री वसन्तकुमार गुरुङ्ग | |
| | ६. मा. श्री राधाकृष्ण मैनाली | |
| | ७. मा. श्री अकवरबहादुर सिंह | |
| तृतीय | १. मा. श्री अकवरबहादुर सिंह | २०४९।४।८ |
| | २. मा. श्री कृष्णकुमार जोशी | |
| | ३. मा. श्री गोविन्दबहादुर शाह | |
| | ४. मा. श्री बालाराज कार्की | |
| | ५. मा. श्रीमती मीना पाण्डे | |
| | ६. मा. श्री शिवराज सुवेदी | |
| | ७. मा. श्री सूर्यप्रसाद कन्दङवा | |
| पाँचौं | १. मा. श्री अकवरबहादुर सिंह | २०५०।४।१४ |
| | २. मा. श्री बलबहादुर कुंवर | |
| | ३. मा. श्री गणेशबहादुर खड्का | |
| | ४. मा. श्री दुर्गानन्दप्रसाद सिंह थारु | |
| | ५. मा. श्रीमती उमा अधिकारी | |
| | ६. मा. श्री तिलकप्रसाद न्यौपाने | |
| | ७. मा. श्री सूर्यप्रसाद कन्दङवा | |
| छैठौं | १. मा. श्री अकवरबहादुर सिंह | २०५०।१२।१५ |
| | २. मा. श्री नथुनीसिंह दनुवार | |
| | ३. मा. श्री बलबहादुर कुंवर | |
| | ४. मा. सुश्री मैयादेवी श्रेष्ठ | |
| | ५. मा. श्री रुद्रमान गुरुङ्ग | |
| | ६. मा. श्री रेवतीप्रसाद भुसाल | |
| | ७. मा. श्री सुर्यप्रसाद कन्दङवा | |
| सातौं | १. मा. श्री अकवरबहादुर सिंह | २०५१।३।२० |
| | २. मा. श्री अम्विका सांवा | |
| | ३. मा. श्री तिलकप्रसाद न्यौपाने | |
| | ४. मा. श्रीमती मीना पाण्डे | |
| | ६. मा. श्री रामबहादुर गुरुङ्ग | |
| | ७. मा. श्री रामबहादुर विष्ट | |

## १४. अधिवेशन

प्रतिनिधि सभाको प्रथम अधिवेशन २०४८ साल असाढ ६ गते वृहस्पतिबार प्रारम्भ भई आश्विन १३ गतेसम्म चालू रह्यो । यस्तै

द्वितीय अधिवेशन २०४८ साल फाल्गुण ९ गतेदेखि चैत्र २ गतेसम्म,
तृतीय अधिवेशन २०४९ साल आषाढ १५ गतेदेखी भाद्र ३१ गतेसम्म,
चौंथो अधिवेशन २०४९ साल फाल्गुण ३ गतेदेखि चैत्र २५ गतेसम्म,
पाँचौं अधिवेशन २०५० साल आषाढ १३ गतेदेखि भाद्र ३१ गतेसम्म,
छैठौं अधिवेशन २०५० साल फाल्गुण २४ गतेदेखि चैत्र २६ गतेसम्म,
सातौं अधिवेशन २०५१ साल आषाढ १५ गतेदेखि आषाढ २७ गते (विघटन) सम्म चालू रह्यो ।

प्रतिनिधि सभाको ५ वर्षे कार्यकाल २०५२ साल चैत्र मसान्तमा समाप्त हुने थियो तर प्रतिनिधि सभाको सातौं अधिवेशनको २०५१ साल आषाढ २६ गतेको बैठकमा श्री ५ महाराजाधिराजबाट २०५१ साल आषाढ १७ गते संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन बक्स भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि मौसुफका जुनाफमा धन्यवाद चढाउन पेश गरिएको धन्यवादको प्रस्ताव स्वीकृत हुन नसकी प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा श्री ५ बाट २०५१ साल आषाढ २७ गते प्रतिनिधि सभा विघटन गरिबक्सयो । यसप्रकार प्रथम प्रतिनिधि सभा ३ वर्ष २ महिना मात्र अस्तित्वमा रह्यो । यो अवधिमा श्री ५ बाट नेपाल अधिराज्यको संविधानको धारा ५३ को उप-धारा (१) बमोजिम आह्वान गरिबक्सेका उक्त ७ वटा अधिवेशनहरु सम्बन्धी विवरण पृष्ठ ७ मा दिइएको छ ।

प्रथम प्रतिनिधि सभा
अधिवेशनहरु सम्बन्धी विवरण

| अधिवेशन | आह्वान मिति | प्रारम्भ मिति | अन्त्य मिति | अवधि दिन | बैठक बसेको दिन | बैठक संख्या | बैठकले लिएको समय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | घ. | मि. |
| प्रथम | २०४८।२।२२ | २०४८।३।६।५ | २०४८।६।१३।१ | १०२ | ७३ | ९५ | ५०१ | ३७ |
| द्वितीय | २०४८।१०।२० | २०४८।११।९।६ | २०४८।१२।२।१ | २४ | २० | २४ | १०१ | ३० |
| तृतीय | २०४९।२।२६ | २०४९।३।१५।२ | २०४९।५।३१।४ | ८० | ५६ | ६२ | ४१७ | ३० |
| चौथो | २०४९।१०।१३ | २०४९।११।३।१ | २०४९।१२।२५।४ | ५३ | ३१ | ३४ | १५९ | ०० |
| पाँचौं | २०५०।२।२५ | २०५०।३।१३।१ | २०५०।५।३१।५ | ८२ | ४७ | ५४ | १४३ | २० |
| छैठौं | २०५०।११।९ | २०५०।११।२४।३ | २०५०।१२।२६।६ | ३२ | १९ | २१ | १०९ | ५५ |
| सातौं | २०५१।२।३० | २०५१।३।१५।४ | २०५१।३।२७।२ (विघटन) | १३ | ८ | १२ | ४० | ०१ |
| | | | **जम्मा** | **३८६** | **२५४** | **३०२** | **१६७२** | **५३** |

## १५. प्रतिनिधि सभाको अधिवेशन

देशको राजनीतिक र आर्थिक स्थिति गम्भीर भएको कुरा दर्शाई ने.क.पा. (एमाले) का ५२ जना सदस्यहरुले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उप-धारा (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन तुरुन्त बोलाई बक्सन श्री ५ महाराजधिराज सरकारका जुनाफमा २०५० साल फाल्गुण ४ गते समावेदन चढाउनु भयो ।

श्री ५ महाराजाधिराजबाट २०५० साल फाल्गुण ४ गते नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उप-धारा (३) बमोजिम २०५० साल फाल्गुण १२ गते बिहीबार दिनको १:०० बजे प्रतिनिधि सभाको अधिवेशन आव्हान गरिबक्स्यो ।

मा. विपक्षी दलका नेता श्री मनमोहन अधिकारी समेत ५४ जना मा. सदस्यहरु (ने.क.पा. एमाले र संयुक्त जनमोर्चा नेपाल) ले “प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला उपर प्रतिनिधि सभाको विश्वास छैन” भन्ने अविश्वासको प्रस्ताव मिति २०५० साल फाल्गुण ८ गते संसद सचिवालयमा दर्ता गराउनु भयो ।

उक्त अविश्वासको प्रस्ताव २०५० साल फाल्गुण १८ गते बुधबारको बैठकमा पेश गरियो । सो प्रस्तावमाथि फाल्गुण १८ र १९ गते छलफल भयो । फाल्गुण २० गतेको बैठकमा उक्त अविश्वासको प्रस्ताव र छलफलमा उठेका प्रश्नहरुको जवाफ मा. प्रधानमन्त्रीले दिने क्रममा १ घण्टा १३ मिनेट जवाफ दिई सक्नु भएपछि रोष्ट्रममै अचानक अस्वस्थ भै बेहोस हुनु भएकोले सो दिन जवाफ पूरा गर्न सक्नु भएन र फल्गुण २३ गतेको बैठकमा मा. प्रधानमन्त्रीले सभामुखको डायसको बाँयातर्फ जोडिएको टेबुल संगैको स्थानमा बसी बाँकी जवाफ पूरा गर्नु भयो ।

छलफलमा जम्मा ४५ जना मा. सदस्यहरुले भाग लिनु भएको थियो ।

उक्त अविश्वासको प्रस्तावलाई बैठकको निर्णयार्थ प्रस्तुत गर्ने क्रममा प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ४३ को उपनियम (१) को खण्ड (ख) बमोजिमको तरीकाले विभाजनद्वारा मत संकलन गर्ने प्रयोजनको लागि प्रतिनिधि सभाकक्षका उत्तर र दक्षिण दुवैतर्फका उपकक्ष (लबी) मा मा. सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखियो ।

तत्पश्चात, अविश्वासको प्रस्तावको पक्षमा हुने अर्थात् “हुन्छ” भन्ने पक्षका मा. सदस्यहरुले दक्षिणतर्फको ढोकाबाट दक्षिणतर्फको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णनुक्रमानुसारको नामावलीमा दस्तखत गर्नु भयो र प्रस्तावको विपक्षमा हुने अर्थात “हुन्न” भन्ने पक्षका मा. सदस्यहरुले उत्तरतर्फको ढोकाबाट उत्तरतर्फको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णनुक्रमानुसारको नामावलीमा दस्तखत गर्नु भयो ।

संकलित मत गणनाको परिणाम अनुसार प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा ८१ मत र विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा ११३ मत परेकोले "प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला उपर प्रतिनिधि सभाको विश्वास छैन" भन्ने अविश्वासको प्रस्ताव अस्वीकृत भयो ।

प्रतिनिधि सभाको यो अधिवेशन २०५० साल फाल्गुण २३ गते समाप्त भयो । अधिवेशन अवधिको १२ दिन मध्ये ५ दिनमा ६ पटक बैठक बसी बैठकले जम्मा १९ घण्टा ४० मिनेट समय लियो ।

## १६. श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन र मा. प्रधानमन्त्रीद्वारा सम्बोधनको प्रति टेबुल

श्री ५ महाराजाधिराजबाट निम्नलिखित अधिवेशन र मितिमा संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिबक्सेपछि बसेको प्रतिनिधि सभाको बैठकमा मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले सम्बोधनको प्रति टेबुल गर्नु भयो : -

| अधिवेशन | सम्बोधन बक्स मिति | सम्बोधनको प्रति टेबुल मिति |
|---|---|---|
| प्रथम | २०४८।३।१७ | २०४८।३।१७ |
| तृतीय | २०४९।३।१७ | २०४९।३।१७ |
| पाँचौं | २०५०।३।१७ | २०५०।३।१७ |
| सातौं | २०५१।३।१७ | २०५१।३।१७ |

## १७. धन्यवादको प्रस्ताव

निम्नलिखित अधिवेशन र मितिमा धन्यबादको प्रस्ताव पेश भै धन्यवादको प्रस्तावद्वारा श्री ५ बाट बक्सेको सम्बोधनमा उल्लिखित श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथि भएको छलफल सम्बन्धी विवरण निम्नानुसार छः-

| अधिवेशन | धन्यवादको प्रस्ताव पेश भएको मिति | धन्यवादको प्रस्ताव माथि प्रस्तुत संशोधन संख्या | श्री ५ को सरकारको नीति तथा कार्यक्रम माथि छलफल भएको दिन | छलफमा भाग लिने सदस्य संख्या | धन्यवादको प्रस्ताव पारित मिति |
|---|---|---|---|---|---|
| प्रथम | २०४८।३।१७ | २* | ८ | १७१ | २०४८।३।२६ |
| तृतीय | २०४९।३।१७ | २* | ७ | १३४ | २०४९।३।२५ |
| पाँचौं | २०५०।३।१७ | ४* | ५ | १२४ | २०५०।३।२५ |
| सातौं | २०५१।३।१७ | २* | ६ | १२४ | # |

* संशोधनहरु निर्णयार्थ प्रस्तुत गर्दा अस्वीकृत भएको ।
# मिति २०५१।३।२६ मा निर्णयार्थ प्रस्तुत गर्दा अस्वीकृत भएको ।

## १८. आर्थिक सर्वेक्षण पेश

निम्नलिखित अधिवेशनहरुमा निम्नलिखित आर्थिक सर्वेक्षणहरु पेश गरिए :-

| अधिवेशन | आर्थिक सर्वेक्षण | पेश मिति |
|---|---|---|
| प्रथम | आर्थिक बर्ष २०४७।४८ को आर्थिक सर्वेक्षण | २०४८।३।२६ |
| तृतीय | आर्थिक बर्ष २०४८।४९ को आर्थिक सर्वेक्षण | २०४९।३।२५ |
| पाँचौं | आर्थिक बर्ष २०४९।५० को आर्थिक सर्वेक्षण | २०५०।३।२५ |

## १९. राजस्व र व्ययको वार्षिक अनुमान

निम्नलिखित अधिवेशन र मितिमा संसदको दुवै सदनको संयुक्त बैठकमा राजस्व र व्ययको वार्षिक अनुमान पेश भएपछि बसेको प्रतिनिधि सभाको बैठकमा मा. अर्थ राज्यमन्त्रीले वार्षिक अनुमानको प्रति टेबुल गर्नुभयो :-

| अधिवेशन | वार्षिक अनुमान पेश मिति | वार्षिक अनुमानको प्रति टेबुल मिति |
|---|---|---|
| प्रथम | २०४८।३।२७ | २०४८।३।२७ |
| तृतीय | २०४९।३।२६ | २०४९।३।२६ |
| पाँचौं | २०५०।३।२७ | २०५०।३।२७ |

मा. अर्थ राज्यमन्त्रीको वक्तव्यबाट प्रारम्भ भएको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल सम्बन्धी विवरण निम्नानुसार छ :-

| अधिवेशन | छलफल भएको दिन | छलफलमा भाग लिने सदस्य संख्या |
|---|---|---|
| प्रथम | ३ | ४७ |
| तृतीय | ३ | ४५ |
| पाँचौं | ३ | ५० |

## २०. विनियोजन विधेयकमाथि छलफल

वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएपछि प्रस्तुत विनियोजन विधेयकका विभिन्न शीर्षकहरुमाथि भएको छलफल सम्बन्धी विवरण निम्नानुसार छ :-

| अधिवेशन | छलफल भएको दिन |
|---|---|
| प्रथम | ४३ |
| तृतीय | २६ |
| पाँचौं | २५ |

**द्रष्टव्य** :- विनियोजन विधेयक पारित सम्बन्धी विवरण पारित विधेयकहरु शीर्षकमा दिइएको छ ।

## २१. खर्च कटौतीको प्रस्ताव

प्रथम प्रतिनिधि सभा अवधिमा विनियोजन विधेयकहरुका विभिन्न शीर्षकहरुमा निम्नलिखित खर्च कटौतीका प्रस्तावहरु पेश गरिएका थिए र ती सबै प्रस्तावहरु बैठकमा निर्णयार्थ प्रस्तुत गरिदा अस्वीकृत भएका थिए:-

| अधिवेशन | खर्च कटौतीको प्रस्ताव | प्रस्तुतकर्ता | पेश मिति |
|---|---|---|---|
| तृतीय | गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक अन्तर्गत जिल्ला प्रशासनलाई विनियोजित खर्च रकममा १००।- रुपैंयाँ घटाइयोस् । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४९।४।२२ |
| पाँचौं | १. मालपोत शीर्षकको खर्च रकमलाई घटाई १।- रुपैंयाँ गरियोस् । | मा. श्री पशुपति शम्शेर ज.ब.रा. (रा.प्र.पा.) | २०५०।४।२१ |
| | २. प्रहरी शीर्षकमा छुट्याइएको रकममा १००।-रुपैंयाँ घटाइयोस् । | मा. श्री के.पी. शर्मा (ओली) (ने.क.पा. एमाले) | २०५०।५।७ |
| | ३. मन्त्रिपरिषद् शीर्षकमा छुट्याइएको रकममा १००।-रुपैंयाँ घटाइयोस् । | मा. श्री मनमोहन अधिकारीको तर्फबाट मा. श्री चन्द्रप्रकाश मैनाली (ने.क.पा. एमाले) | २०५०।५।१० |

## २२. स्थगन प्रस्ताव

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित अत्यन्त जरुरी सार्वजनिक महत्वका विषयहरुमा छलफल गर्न स्थगन प्रस्तावहरु पेश गरिएका थिए र छलफल पश्चात् सबै स्थगन प्रस्तावहरु अस्वीकृत भएका थिए:-

| अधिवेशन | अत्यन्त जरुरी सार्वजनिक महत्वको विषय | पेश गर्ने मा.सदस्य | छलफल मिति |
|---|---|---|---|
| द्वितीय | टनकपुर व्यारेज सम्बन्धी | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४८।११।१८ |
| तृतीय | मा. कृषिमन्त्री सुश्री शैलजा आचार्यको २०४९।४।६ को मन्तव्यका सम्बन्धमा । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४९।४।१२ |
| पाँचौं | २०५० आषाढ ११,१२,१३ र १४ गते काठमाडौं उपत्यकामा घटेको गोलीकाण्डको सम्बन्धमा छलफल गर्न । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०५०।३।२९ |
| छैठौं | २०५० चैत्र १४ गते काठमाडौंको वानेश्वरमा भारतीय प्रहरीहरुद्वारा नेपाली नगरिकहरुको घरमा गरिएको अनाधिकृत खानतलासी सम्बन्धमा छानविन गर्न संयुक्त समिति गठन गरियोस् भन्ने सम्बन्धमा छलफल गर्न । | मा. विपक्षी दलका नेता श्री मनमोहन अधिकारी (ने.क.पा. एमाले) | २०५०।१२।२२ |

## २३. बधाई प्रस्ताव

प्रतिनिधि सभाको मिति २०४८ साल भाद्र ६ गतेको बैठकमा मा. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री तारानाथ रानाभाटले सोभियत संघका राष्ट्रपति श्री मिखाईल गोर्वाचोभ सत्तामा पुनस्थापित हुनु भएकोमा पेश गर्नु भएको बधाई प्रस्ताव पारित भयो ।

## २४. शोक प्रस्ताव

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित शोक प्रस्तावहरु पारित भए :-

| अधिवेशन | प्रस्तावको व्यहोरा | पारित मिति |
|---|---|---|
| तृतीय | यही २०४९ साल श्रावण १६ गतेको दिन नुवाकोट जिल्लामा थाई इण्टरनेशनल एयरलाइन्सको टी.जी. ३११ एयरबस ३१० विमान दुर्घटनाग्रस्त हुँदा त्यसमा यात्रा गरिरहेका स्वदेशी तथा विदेशी यात्रु तथा चालक दलका कर्मचारीहरुको असामयिक निधन हुन गएकोमा प्रतिनिधि सभाको यो बैठक गहिरो शोक व्यक्त गर्दै उहाँहरुको आत्माको चिर शान्तिका लागि कामना गर्दछ । साथै उहाँहरुका शोक - सन्तप्त परिवारहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दै यस दुःखद् घडीमा उहाँहरुलाई धैर्य धारणको शक्ति प्राप्त होस् भनी कामना गर्दछ । | २०४९।४।१९ |
| पाँचौं | प्रतिनिधि सभाको यो बैठक प्रनिनिधिसभाका मा. सदस्य श्री मदनकुमार भण्डारीको २०५०।२।३ का दिन चितवन जिल्लाको दासढुंगामा भएको जीप दुर्घटनामा परी दुःखद् निधन भएको र मा. श्री द्रोणप्रसाद आचार्यको २०५०।३।६ का दिन अल इण्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्स, नयाँदिल्लीमा अर्वुद रोगबाट असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँहरुको दिवंगत आत्माको चीरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारहरुप्रति समवेदना प्रकट गर्दछ । | २०५०।३।१३ |

## २५. जरुरी सार्वजनिक महत्वको प्रस्ताव

प्रथम प्रतिनिधि सभा अवधिमा छलफलमा आएका जरुरी सार्वजनिक महत्वका प्रस्तावहरुको मन्त्रालयगत विवरण निम्नानुसार छ :-

| अधिवेशन | प्रस्ताव संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| प्रथम | ११ | १. जलस्रोत - १ |
| | | २. कृषि - १ |
| | | ३. गृह - ६ |
| | | ४. स्थानीय विकास - १ |
| | | ५. आपूर्ति - २ |
| द्वितीय | २ | १. गृह - १ |
| | | २. आपूर्ति - १ |

| अधिवेशन | प्रस्ताव संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| तृतीय | ११ | १. वाणिज्य तथा आपूर्ति - १ |
| | | २. गृह - २ |
| | | ३. कानून, न्याय तथा संसदीय व्यवस्था - १ |
| | | ४. अर्थ - २ |
| | | ५. भूमिसुधार तथा व्यवस्था - १ |
| | | ६. उद्योग तथा श्रम -१ |
| | | ७. पर्यटन - १ |
| | | ८. कृषि - १ |
| | | ९. स्थानीय विकास - १ |
| चौंथो | ५ | १. आवास तथा भौतिक योजना - १ |
| | | २. गृह - २ |
| | | ३. अर्थ - १ |
| | | ४. जलस्रोत - १ |
| पाँचौं | ६ | १. आवास तथा भौतिक योजना - १ |
| | | २. गृह - २ |
| | | ३. कृषि -१ |
| | | ४. शिक्षा, संस्कृति तथा समाज कल्याण - १ |
| | | ५. जलस्रोत - १ |
| छैठौं | ६ | १. आवास तथा भौतिक योजना - १ |
| | | २. कृषि - २ |
| | | ३. जलस्रोत - ३ |

जरुरी सार्वजनिक महत्वका प्रस्तावहरु परिशिष्ट - १ मा दिइएको छ ।

## २६. ध्यानाकर्षण

प्रथम प्रतिनिधि सभा अवधिमा ध्यानाकर्षणहरुको स्थिति यसप्रकार रहेको छ :-

| अधिवेशन | ध्यानाकर्षण संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| प्रथम | ४४ | १. जलस्रोत - ५ |
| | | २. सञ्चार - १ |
| | | ३. आवास तथा भौतिक योजना - २ |
| | | ४. शिक्षा तथा संस्कृति - २ |
| | | ५. श्रम तथा समाज कल्याण - ३ |
| | | ६. बन तथा भू-संरक्षण - ५ |
| | | ७. गृह -१४ |

| अधिवेशन | ध्यानाकर्षण संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| | | ८. उद्योग - ४ |
| | | ९. सामान्य प्रशासन - १ |
| | | १०. आपूर्ति - ३ |
| | | ११. निर्माण तथा यातायात - २ |
| | | १२. स्वास्थ्य - २ |
| द्वितीय | १४ | १. शिक्षा, संस्कृति तथा समाज कल्याण - ३ |
| | | २. वन तथा वातावरण - १ |
| | | ३. स्थानीय विकास - १ |
| | | ४. उद्योग तथा श्रम - ३ |
| | | ५. सञ्चार - १ |
| | | ६. सामान्य प्रशासन - १ |
| | | ७. जलस्रोत - २ |
| | | ८. पर्यटन - १ |
| | | ९. निर्माण तथा यातायात -१ |
| तृतीय | २७ | १.स्वास्थ्य - १ |
| | | २. वन तथा वातावरण - १ |
| | | ३. शिक्षा, संस्कृति तथा समाज कल्याण - ५ |
| | | ४. अर्थ - १ |
| | | ५.आवास तथा भौतिक योजना - २ |
| | | ६. उद्योग तथा श्रम - ५ |
| | | ७. पर्यटन - १ |
| | | ८. कृषि - १ |
| | | ९. सञ्चार - २ |
| | | १०. गृह - २ |
| | | ११. निर्माण तथा यातायात - ३ |
| | | १२. भूमिसुधार तथा व्यवस्था - १ |
| | | १३. वाणिज्य तथा आपूर्ति - १ |
| | | १४. कानून, न्याय तथा संसदीय व्यवस्था - १ |
| चौंथो | १९ | १. निर्माण तथा यातायात - २ |
| | | २. पर्यटन तथा नागरिक उड्डयन - १ |
| | | ३. शिक्षा, संस्कृति तथा समाज कल्याण - ५ |
| | | ४. वन तथा भू-संरक्षण - २ |
| | | ५. उद्योग तथा श्रम - १ |
| | | ६. जलस्रोत - २ |
| | | ७. अर्थ - २ |
| | | ८. भूमिसुधार तथा व्यवस्था - १ |
| | | ९. कृषि -२ |
| | | १०. आवास तथा भौतिक योजना - १ |
| पाँचौं | २४ | १. भूमिसुधार तथा व्यवस्था - १ |
| | | २. अर्थ - १ |

| अधिवेशन | ध्यानाकर्षण संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| | | ३. आवास तथा भौतिक योजना - ३ |
| | | ४. उद्योग तथा श्रम - २ |
| | | ५. सूचना तथा सञ्चार - १ |
| | | ६. गृह - २ |
| | | ७. शिक्षा, संस्कृति तथा समाज कल्याण - ६ |
| | | ८. निर्माण तथा यातायात - १ |
| | | ९. वन तथा भू-संरक्षण - २ |
| | | १०. कृषि - १ |
| | | ११. पर्यटन तथा नागरिक उडड्यन - १ |
| | | १२. जलस्रोत - १ |
| | | १३. वाणिज्य तथा आपूर्ति - १ |
| | | १४. स्थानीय विकास - १ |
| छैठौं | १४ | १. शिक्षा, संस्कृति तथा समाज कल्याण -४ |
| | | २. कृषि - २ |
| | | ३. सूचना तथा सञ्चार - १ |
| | | ४. आवास तथा भौतिक योजना - २ |
| | | ५. पर्यटन तथा नागरिक उडड्यन - १ |
| | | ६. स्थानीय विकास - १ |
| | | ७. निर्माण तथा यातायात - २ |
| | | ८. स्वास्थ्य - १ |

ध्यानाकर्षणहरु परिशष्ट - २ मा दिइएको छ।

## २७. संकल्प

प्रथम प्रतिनिधि सभा अवधिमा सभाले स्वीकृत गरेको संकल्पहरुको विवरण निम्नानुसार छ :-

| अधिवेशन | संकल्प संख्या | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| प्रथम | २ | १. आवास तथा भौतिक योजना - १ |
| | | २. शिक्षा तथा संस्कृति - १ |
| तृतीय | २ | १. गृह - १ |
| | | २. रक्षा - १ |
| पाँचौं | १ | १. शिक्षा, संस्कृति तथा समाज कल्याण - १ |
| छैठौं | ३ | १ गृह - १ |
| | | २. भूमिसुधार तथा व्यवस्था - १ |
| | | ३. कृषि - १ |

संकल्पहरु परिशिष्ट - ३ मा दिइएको छ।

## २८. आधा घण्टाको छलफल

सभाको बैठकमा मौखिक वा लिखित उत्तर दिइसकेका प्रश्नहरु मध्येको उत्तरसंग सम्बन्धित तथ्यमा अझ बढी स्पष्ट वा ब्याख्या गर्न आवश्यक भएको कुनै जरुरी सार्वजनिक महत्वको कुरा (प्रश्न) मा छलफल गर्न हप्ताको २ दिन आधा घण्टाको समय तोक्न सकिने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ६९ ले गरेको छ । यसै छलफललाई आधा घण्टाको छलफल भन्ने गरिन्छ ।

प्रथम प्रतिनिधि सभा अवधिमा छलफलमा ल्याइएका जरुरी सार्वजनिक महत्वका प्रश्नहरुको विवरण निम्नानुसार छः -

| अधिवेशन | जरुरी सार्वजनिक महत्वको प्रश्न | छलफल गर्न चाहने सदस्य | छलफल मिति |
|---|---|---|---|
| तृतीय | मा. सञ्चार राज्यमन्त्रीले मिति २०४९।४।१६ मा दिनुभएको रेडियो नेपाल, नेपाल टेलिभिजन, द राइजिङ्ग नेपाल आदिलाई निजी क्षेत्रमा दिने विषयको मौखिक प्रश्न नं. १९० को उत्तरसँग सम्बन्धित । | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०४९।४।२१ |
| पाँचौं | १. मा. सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रीले मिति २०५०।४।२५ मा दिनुभएको राजनीतिक व्यक्तिहरु र कर्मचारीहरुको सम्पत्ति विवरण अद्यावधिक राख्न र अनुगमन गर्न कानूनी व्यवस्था गर्ने विषयको मौखिक प्रश्न नं. ८९ को उत्तरसँग सम्बन्धित । | मा. श्री नरेन्द्र बस्नेत (ने.क.पा. एमाले) | २०५०।५।२७ |
| | २. मा. निर्माण तथा यातायात मन्त्रीले मिति २०५०।५।१ मा दिनु भएको सगरमाथा राजमार्गको निर्माण सम्बन्धी मौखिक प्रश्न नं. १९५ को उत्तरसँग सम्बन्धित । | मा. श्री कुलप्रसाद शर्मा (फयल) (ने.क.पा. एमाले) | २०५०।५।३० |

## २९. अध्यादेश पेश

निम्नलिखित अधिवेशनहरुमा निम्नलिखित अध्यादेशहरु पेश गरियो :-

| अधिवेशन | अध्यादेशको नाम | प्रस्तुत मिति |
|---|---|---|
| दोस्रो | पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी अध्यादेश, २०४८ | २०४८।११।९ |
| तेस्रो | केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०४९ | २०४९।३।१५ |
| पाँचौं | सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन ) अध्यादेश, २०५० | २०५०।३।१३ |
| छैठौं | जाँचबुझ आयोग (पहिलो संशोधन ) अध्यादेश, २०५० | २०५०।११।२४ |

## ३०. पारित विधेयकहरु

निम्नलिखित अधिवेशनहरुमा पारित विधेयकहरुको स्थिति निम्नानुसार रहेको छ :-

| अधिवेशन | प्रतिनिधि सभामा उत्पत्ति भएका विधेयक संख्या | राष्ट्रिय सभामा उत्पत्ति भई आएका विधेयक संख्या | जम्मा विधेयक संख्या | पारित विधेयक संख्या |
|---|---|---|---|---|
| प्रथम | १८ | ६ | २४ | २४ |
| द्वितिय | १४ | ७ | २१ | २० |
| तृतीय | २४ | १७ | ४१ | ४० |
| चौथो | ९ | ५ | १४ | १३ |
| पाँचौ | १४ | ८ | २२ | २१ |
| छैठौं | ३ | १ | ४ | ३ ** |
| सातौं | × | × | × | × |

**द्रष्टव्य :-**

१. द्वितिय, पाँचौ, छैठौं अधिवेशनकालमा प्रतिनिधि सभामा उत्पत्ति भएको एक-एक वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन रहेको ।

२. द्वितिय अधिवेशनकालमा राष्ट्रिय सभामा उत्पत्ति भैआएको एउटा विधेयक प्रतिनिधि सभामा टेबुल (प्रस्तुत) मात्र भएको ।

३. चौंथो अधिवेशनकालमा राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा आएको एउटा विधेयक सम्बन्धित समितिमा विचाराधीन रहेको ।

**प्रथम प्रतिनिधि सभा अवधिमा पारित भएका विधेयकहरुको मन्त्रालयगत यस प्रकार रहेको छ :-**

| अधिवेशन | सम्बन्धित मन्त्रालय | पारित विधेयक संख्या |
|---|---|---|
| प्रथम | १. अर्थ | ७ |
| | २. कानून, न्याय तथा संसदीय व्यवस्था | ६ |
| | ३. गृह | ५ |
| | ४. सूचना तथा संचार | ३ |
| | ५. शिक्षा तथा संस्कृति | २ |
| | ६. सामान्य प्रशासन | १ |
| द्वितिय | १. अर्थ | ४ |
| | २. कानून, न्याय तथा संसदीय व्यवस्था | ३ |
| | ३. स्थानीय विकास | ३ |
| | ४. शिक्षा, संस्कृति तथा समाज कल्याण | ३ |
| | ५. गृह | २ |

* छैठौं अधिवेशनकालमा प्रतिनिधि सभाबाट पारित एउटा विधेयक राष्ट्रिय सभामा पारित भई नसक्दै प्रतिनिधि सभा विघटन भएकोले निष्क्रिय रहेको ।

| अधिवेशन | सम्बन्धित मन्त्रालय | पारित विधेयक संख्या |
|---|---|---|
| | ६. कृषि | २ |
| | ७. सूचना तथा संचार | १ |
| | ८. वन तथा भू-संरक्षण | १ |
| | ९. श्रम | १ |
| तृतीय | १. अर्थ | १० |
| | २. भूमि सुधार तथा व्यवस्था | ४ |
| | ३. शिक्षा, संस्कृति तथा समाज कल्याण | ४ |
| | ४. कानून, न्याय तथा संसदीय व्यवस्था | ३ |
| | ५. गृह | ३ |
| | ६. आवास तथा भौतिक योजना | ३ |
| | ७. उद्योग | ३ |
| | ८. जलस्रोत | ३ |
| | ९. कृषि | २ |
| | १०. स्वास्थ्य | २ |
| | ११. वन तथा भू-संरक्षण | १ |
| | १२. निर्माण तथा यातायात | १ |
| | १३. श्रम | १ |
| चौंथो | १. शिक्षा, संस्कृति तथा समाज कल्याण | ३ |
| | २. अर्थ | २ |
| | ३. स्थानिय विकास | १ |
| | ४. गृह | १ |
| | ५. कृषि | १ |
| | ६. सामान्य प्रशासन | १ |
| | ७. कानून, न्याय तथा संसदीय व्यवस्था | १ |
| | ८. सूचना तथा संचार | १ |
| | ९. वन तथा भू- संरक्षण | १ |
| | १०. श्रम | १ |
| पाँचौं | १. अर्थ | ७ |
| | २. कानून, न्याय तथा संसदीय व्यवस्था | ६ |
| | ३. शिक्षा, संस्कृति तथा समाज कल्याण | ५ |
| | ४. गृह | १ |
| | ५. निर्माण तथा यातायात | १ |
| | ६. सूचना तथा संचार | १ |
| छैठौं | १. उद्योग | १ |
| | २. गृह | १ |
| | ३. सूचना तथा संचार | १ |

पारित विधेयकहरु परिशिष्ट -४ मा दिइएको छ ।

## ३१. गैर सरकारी विधेयक

निम्नलिखित गैर सरकारी विधेयकहरु प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव अस्वीकृत भई सभाका बैठकहरुमा प्रस्तुत हुन सकेनन् । सो गैर सरकारी विधेयकहरु सम्बन्धि विवरण निम्नानुसार छ :-

| अधिवेशन | विधेयकको नाम | प्रस्तुत गर्न चाहने मा० सदस्य | विधेयक प्रस्तुत गर्ने कार्यक्रम मिति |
|---|---|---|---|
| प्रथम | १. नेपाल औद्योगिक सम्बन्ध विधेयक, २०४८<br>२. नेपाल ट्रेड यूनियन विधेयक, २०४८*<br>३. श्रम विधेयक २०४८ * | श्री मुकुन्द न्यौपाने (ने.क.पा.एमाले)<br>" " "<br>" " " | २०४८/६/४ |
| चौथो | १. गाउँ विकास समिति (पहिलो संशोधन) विधेयक, २०४९<br>२. जिल्ला विकास समिति (पहिलो संशोधन) विधेयक, २०४९ | श्री लालबाबु पण्डित (ने.क.पा.एमाले)<br>" " " | २०४९/१२/२० |
| पाँचौं | १. नेपाल अधिराज्यको संविधान ( पहिलो संशोधन) विधेयक, २०५०<br>२. निर्वाचन सम्बन्धि केही नेपाल ऐन संशोधन विधेयक, २०५०<br>३. मुलुकी (एघारौं संशोधन) विधेयक, २०५० | श्री हृदयेश त्रिपाठी (ने.स.पा)<br>श्री के.पी. शर्मा (ओली) (ने.क.पा.एमाले)<br>श्रीमती सहाना प्रधान (ने.क.पा.एमाले) | २०५०/५/१८<br>२०५०/५/१८<br>२०५०/५/१८ |

**द्रष्टव्य :-**

* नेपाल औद्योगिक सम्बन्ध विधेयक, २०४८ प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथिको विरोध गरिएकोमा ने.क.पा.(एमाले) संसदीय दलका मा० सदस्यहरुले बैठक बहिष्कार गर्नुभएको कारण विधेयक प्रस्तुत गर्न चाहने मा० सदस्यद्वारा उक्त दुई विधेयकहरु नेपाल ट्रेड यूनियन विधेयक, २०४८ र श्रम विधेयक, २०४८ प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत नगरिएको ।

## ३२. प्रतिनिधि सभा नियमावली संशोधन

प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १८४ को उप-नियम (१) मा रहेको २५ भन्ने शब्दको सट्टा ३५ गरियोस् भनी मा० श्री गोबिन्दराज जोशी (ने.का.) ले सभाको मिति २०४८ साल भाद्र १३ गतेको बैठकमा पेश गर्नु भएको संशोधन स्वीकृत भयो ।

श्री ५ बाट उक्त संशोधनलाई २०४८ साल भाद्र १८ गते स्वीकृत गरिबक्स्यो ।

## ३३. नियम निलम्बन

प्रतिनिधि सभा नियमावली, २०४८ को कुनै नियमलाई सभा समक्ष कुनै कार्यको सम्बन्धमा लागू नहुने गर्नको लागि स्वीकृत प्रस्तावद्वारा सो नियम तत्कालका लागि निलम्वित गर्न सकिने व्यवस्था भए बमोजिम निम्न प्रयोजनको लागि उक्त नियमावलीका निम्नलिखित नियमहरु निलम्बन गरिएको थियोः-

| अधिवेशन | प्रयोजन | निलम्बित नियम | निलम्बन मिति |
|---|---|---|---|
| द्वित्तीय | प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा सम्पन्न सन्धि, सम्झौता वा समझदारीहरु सम्बन्धी निर्णय कागजात अध्ययन र छानबिन गर्न विशेष समितिमा रहने सदस्य संख्या बढाउने । | नियम २०५ को उप-नियम (१) को खण्ड (क) को प्रारम्भको वाक्यांश | २०४८/११/३ |
| छैठौं | खानी तथा खनिज पदार्थ(पहिलो संशोधन) विधेयक, २०५० का सम्बन्धमा विकास तथा संचार समितिको प्रतिवेदनमा उल्लेखित संशोधनहरु सभाद्वारा अस्वीकृत हुनाको कारण सहित सिंहावलोकन गरी प्रतिवेदन पेश गर्न उक्त विधेयकलाई पुनः विचारार्थ निर्देशनसहित सम्बन्धित समितिमा फिर्ता पठाउने । | नियम १३० | २०५०/१२/१५ |

## ३४. विधेयक फिर्ता लिने प्रस्ताव

निम्नलिखित विधेयकको दफा र विधेयक फिर्ता लिने प्रस्तावहरु सभाको निम्नलिखित मितिको बैठकमा प्रस्तुत भई स्वीकृत भएका थिए :-

| अधिवेशन | विधेयक | प्रस्तावक | मिति |
|---|---|---|---|
| तृतीय | नेपाल विद्युत प्राधिकरण (पहिलो संशोधन)विधेयक २०४९ को दफा ११ फिर्ता लिन राष्ट्रियसभाको सहमतिको लागि सिफारिस गर्न | मा. जलस्रोत राज्यमन्त्री | २०४९/५/२४ |
| चौथो | निजामति सेवा विधेयक, २०४८ | मा. सामान्य प्रशासन मन्त्री | २०४९/११/१० |

## ३५. महासन्धि, सन्धि सम्झौता र नियमावली अनुमोदन

प्रथम प्रतिनिधि सभा अवधिमा अनुमोदन गरिएका महासन्धि, सन्धि सम्झौता र नियमावलीहरु निम्नानुसार छन् :-

| अधिवेशन | नाम | पेश भएको मिति | अनुमोदन मिति |
|---|---|---|---|
| तृतीय | एशिया प्यासिफिक टेलिकम्युनिटीको विधायनमा भएको संशोधन | २०४९/५/२६ | २०४९/५/२९ |
| पाँचौं | १. सार्क राष्ट्रहरु बीच सम्पन्न सम्झौता Agreement On SAARC Preferential Trading Arrangement (SAPTA) | २०५०/५/२२ | २०५०/५/२५ |
| | २. बहुपक्षीय लगानी सुरक्षण संस्था (The Multilateral Investment Guarantee Agency) सम्बन्धी महासन्धि (Convention) | २०५०/५/२४ | २०५०/५/२७ |
| | ३. जैविक विविधता सम्बन्धी महासन्धि (Biological Diversity Convention) | २०५०/५/२७ | २०५०/५/३० |
| छैठौं | १. जलवायु परिवर्तन सम्बन्धी महासन्धि | २०५०/११/२७ | २०५०/१२/१ |
| | २. दक्षिण एसियाली वातावरण सहयोग कार्यक्रम (सासेप) को नियमावली | २०५०/११/२९ | २०५०/१२/११ |
| | ३. नेपाल र जापान बीच सम्पन्न हवाई सेवा सम्झौता | २०५०/१२/१५ | २०५०/१२/२३ |
| | ४. ओजोन तहको संरक्षणका लागि व्यवस्था भएको भियना महासन्धी, १९८५, सो सम्बन्धि मण्ट्रियल प्रोटोकल १९८७, सो सम्बन्धि मण्ट्रियल प्रोटोकललाई संशोधन तथा समायोजन गर्न व्यवस्था भएको लण्डन संशोधन, १९९० | २०५०/१२/१८ | २०५०/१२/२४ |

## ३६. मल्लिक आयोगको प्रतिवेदन टेबुल

माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले २०४६ सालको जनआन्दोलनको सिलसिलामा भएको जनधनको क्षति सम्बन्धमा पूर्वाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश श्री जनार्दनलाल मल्लिकको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सभाको मिति २०४८ साल आषाढ २४ गतेको बैठकमा टेबुल गर्नु भयो ।

## ३७. प्रतिवेदन पेश

प्रथम प्रतिनिधि सभा अवधिमा सभामा पेश गरिएका प्रतिवेदनहरु सम्बन्धी विवरण निम्नानुसार छ :-

| अधिवेशन | प्रतिवेदनको नाम | पेश कर्ता | पेश भएको मिति |
|---|---|---|---|
| प्रथम | १. लोक सेवा आयोगको बत्तीसौं वार्षिक प्रतिवेदन | मा. सामान्य प्रशासनमन्त्री | २०४८/४/२० |
| | २. महालेखा परीक्षकको अठ्ठाइसौं वार्षिक प्रतिवेदन | मा. अर्थ राज्यमन्त्री | २०४८/४/२७ |
| | ३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रथम वार्षिक प्रतिवेदन | मा. गृहमन्त्री | २०४८/५/१७ |
| तृतीय | १. सार्वजनिक लेखा समितिको प्रथम प्रतिवेदन, २०४९ | समितिका मा. सभापति | २०४९/३/२५ |
| | २. लोक सेवा आयोगको तेत्तीसौं वार्षिक प्रतिवेदन | मा. सामान्य प्रशासन मन्त्री | २०४९/५/१ |
| | ३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको द्वितिय वार्षिक प्रतिवेदन | मा. गृहमन्त्री | २०४९/५/७ |
| | ४. महान्यायाधिवक्ताको आर्थिक बर्ष प्रतिवेदन २०४७/२०४८ को वार्षिक प्रतिवेदन | मा. कानुन न्याय तथा संसदिय व्यवस्था मन्त्री | २०४९/५/१० |
| | ५. महालेखा परीक्षकको उनन्तीसौ वार्षिक प्रतिवदन | मा. अर्थ राज्यमन्त्री | २०४९/५/१० |
| | ६. माननीय प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा भएका सन्धी सम्झौता वा समझदारीहरु सम्बन्धी विशेष समितिको प्रतिवेदन | विशेष समितिका सभापति मा. उपसभामुख | २०४९/५/२२ |
| चौथो | १. निजामति सेवा विधेयक, २०४८ सम्बन्धी राज्य व्यवस्था समितिको प्रतिवेदन | समितिका मा. सभापति | २०४९।११।६ |
| | २. सार्वजनिक संस्थाहरुको क्षमता र प्रभावकारीता सम्बन्धि प्रतिवेदन, २०४९ | सार्वजनिक लेखा समितिका मा. सभापति | २०४९।१२।२२ |
| | ३. अर्थ समितिको प्रतिवेदन, २०४९ | समितिका मा. सभापति | २०४९।१२।२५ |
| पाँचौं | १. सार्वजनिक लेखा समितिको द्वितिय प्रतिवेदन २०५० | समितिका मा. सभापति | २०५०/०३/२५ |
| | २. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन | मा. गृह राज्यमन्त्री | २०५०/०५/२ |
| | ३. महान्यायाधिवक्ताको आ.व. ०४८/०४९ को वार्षिक प्रतिवेदन | मा. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री | २०५०/०५/९ |

| अधिवेशन | प्रतिवेदनको नाम | पेश कर्ता | पेश भएको मिति |
|---|---|---|---|
| | ४. लोक सेवा आयोगको चौतिसौं वार्षिक प्रतिवेदन | मा. सामान्य प्रशासन मन्त्री | २०५०/०५/१५ |
| | ५. महालेखा परीक्षकको तीसौ वार्षिक प्रतिवेदन | मा. अर्थ राज्यमन्त्री | २०५०/०५/१५ |
| | ६. परराष्ट्र तथा मानव अधिकार समितिको प्रतिवेदन | समितिका मा. सभापति | २०५०/०५/३० |
| | ७. जनसंख्या तथा सामाजिक समितिको प्रतिवेदन | समितिका मा. सभापति | २०५०/०५/३१ |
| छैठौं | १. सार्वजनिक लेखा समितिद्वारा भएका स्थलगत अध्ययन सम्बन्धी प्रतिवेदन, २०५० | समितिका मा. सभापति | २०५०/१२/२३ |
| | २. अर्थ समितिको प्रतिवेदन, २०५० | समितिका मा. सभापति | २०५०/१२/२५ |

## ३८. संयुक्त समितिको प्रतिवेदनका बुँदाहरुमा सहमति

प्रतिनिधि सभाको २०५० साल चैत्र २६ गतेको बैठकले अध्यायदेशलाई सदनले स्वीकार वा अस्वीकार गर्ने प्रक्रिया र कार्यविधि निर्धारण गर्न गठित दुबै सदनको संयुक्त समितिको प्रतिवेदनमा उल्लेखित सिफारिसका बुँदाहरुमा राष्ट्रिय सभाको निर्णयप्रति सहमति जनायो ।

उक्त समितिको सिफारिश देहाय बमोजिम रहेको छ :-

"नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ को उपधारा (२) को खण्ड (क) मा "......दुबै सदनले स्वीकार नगरेमा ....." भन्ने वाक्यांश परेको र राष्ट्रिय सभा नियमावली, २०४८ को नियम १०२ र प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १०८ मा अध्यादेश सम्बन्धमा गरिएको व्यवस्था अपूरो र अस्पष्ट भएकोले सदनले स्वीकार गरेको वा अस्वीकार गर्ने सम्बन्धका कुराहरुलाई नियमबद्ध गर्नु वाञ्छनीय भएकोले निम्न बमोजिम गर्नु उपयुक्त देखिन्छ :-

**१. अध्यादेश अस्वीकार गर्ने सम्बन्धी प्रस्ताव :**

(क) संविधानको धारा ७२ बमोजिम जारी भएको अध्यादेश त्यसरी जारी भएपछि शुरु भएको संसदको बैठकमा अध्यादेश जारी गर्नु परेको परिस्थिति र कारण सहित अविलम्ब पेश गरिनेछ ।

(ख) प्रकरण (क) बमोजिम पेश भएको अध्यादेशलाई अस्वीकार गर्ने कुनै सदस्यले सो सम्बन्धमा प्रस्ताव राख्न सक्नेछ । त्यस्तो प्रस्तावको सम्बन्धमा बैठकमा अध्यादेश पेश भएको दुई दिनभित्र सचिवलाई सो सम्बन्धी सूचना दिनु पर्नेछ ।

(ग) प्रकरण (ख) बमोजिमका प्रस्ताव एकभन्दा बढी प्राप्त भएमा सर्वप्रथम दर्ता भएको त्यस्तो प्रस्तावलाई प्रस्तुत गर्ने सम्बन्धमा प्राथमिकता दिइनेछ ।

(घ) अध्यादेश अस्वीकार गर्ने कुनै एक प्रस्तावलाई सदनले पारित गरेमा यस्ता अन्य प्रस्तावहरुलाई सदनमा प्रस्तुत गरिने छैन ।

(ङ) प्रकरण (घ) बमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै प्रस्ताव सदनबाट पारित भएपछि महासचिवले सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

**२. अध्यादेश सम्बन्धी प्रस्तावमा छलफल :-**

अध्यादेश अस्वीकार गर्ने सम्बन्धमा प्रस्तुत प्रस्तावमाथि सभामुख र अध्यक्षले संक्षिप्त छलफल गराई सभाको निर्णयार्थ पेश गर्नेछ ।

## ३९. अनुपस्थितिको सूचना स्वीकृत गर्न मा० सभामुखलाई अधिकार प्रदान

प्रतिनिधि सभाको २०४९ साल चैत्र २५ गतेको बैठकले लगातार ३० वटा बैठकमा अनुपस्थित रहने मा० सदस्यहरुको अनुपस्थितिको सूचना स्वीकृतिको लागि सभामा प्रस्तुत गर्ने र सोभन्दा कम अवधिको अनुपस्थितिको सूचना मा. सभामुखले स्वीकृत गर्नसक्ने अधिकार प्रदान गऱ्यो ।

## ४०. कार्यव्यवस्था परामर्श समितिको गठन

मा. सभामुखले प्रतिनिधि सभा नियमावली, २०४८ को नियम २८ को उप-नियम (१) र (२) अनुसार निम्न अधिवेशन र मितिमा निम्नलिखित मा० सदस्यहरु रहनु भएको कार्यव्यवस्था परामर्श समितिको गठन तथा हेरफेर गर्नु भयो :–

| अधिवेशन | मा. सदस्यहरुको नाम | गठन मिति |
|---|---|---|
| प्रथम | १. मा० सभामुख श्री दमननाथ ढुंगाना | सभापति २०४८/४/१६ |
| | २. मा० उप-सभामुख श्री महन्थ ठाकुर | उप-सभापति |
| | ३. मा० कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री तारानाथ रानाभाट | सदस्य |
| | ४. मा० श्री गोबिन्दराज जोशी | सदस्य |
| | ५. मा० श्री भरतमोहन अधिकारी | सदस्य |
| | ६. मा० श्री दिलेन्द्रप्रसाद वडू | सदस्य |
| | ७. मा० श्री द्रोणप्रसाद आचार्य | सदस्य |
| | ८. मा० श्री कमानसिंह लामा | सदस्य |

| अधिवेशन | मा. सदस्यहरुको नाम | गठन मिति |
|---|---|---|
| | ९. मा० श्री हृदयेश त्रिपाठी | सदस्य |
| | १०. मा० श्री नारायणमान विजुक्छे | सदस्य |
| | ११. मा० श्री भीमबहादुर श्रेष्ठ | सदस्य |
| | १२. मा० श्री सुशील कोइराला | सदस्य |
| | १३. मा० श्री अर्जुननरसिंह के.सी. | सदस्य |
| | १४. मा० श्री लक्ष्मणप्रसाद घिमिरे | सदस्य |
| द्वितीय | १. मा० सभामुख श्री दमननाथ ढुंगाना | सभापति २०४८/११/१३ |
| | २. मा० उप-सभामुख श्री महन्थ ठाकुर | उप-सभापति (हेरफर) |
| | ३. मा० कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महेश्वरप्रसाद सिंह | सदस्य |
| | ४. मा० श्री तारिणीदत्त चटौत | सदस्य |
| | ५. मा० श्री भरतमोहन अधिकारी | सदस्य |
| | ६. मा० श्री ऋषिकेश गौतम | सदस्य |
| | ७. मा० श्री देवीप्रसाद ओझा | सदस्य |
| | ८. मा० श्री कमानसिंह लामा | सदस्य |
| | ९.मा० श्री हृदयेश त्रिपाठी | सदस्य |
| | १०. मा० श्री डा० प्रकाशचन्द्र लोहनी | सदस्य |
| | ११. मा० नारायणमान विजुक्छे | सदस्य |
| | १२. मा० श्री भीमबहादुर श्रेष्ठ | सदस्य |
| | १३. मा० श्री सुशील कोइराला | सदस्य |
| | १४. मा० श्री अर्जुननरसिंह के.सी. | सदस्य |
| | १५. मा० श्रीमती उमा अधिकारी | सदस्य |

## ४१. संयुक्त समिति गठन

दुई सदनको बीचको कार्य प्रणलीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कामको लागि दुबै सदनको संयुक्त समिति गठन गर्न सकिने र सो समितिमा प्रतिनिधि सभाको सदस्य दुई जना र राष्ट्रिय सभाको एक जनाका अनुपातमा बढीमा १५ जना सदस्यहरु रहने संवैधानिक व्यवस्था अनुसार प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित संयुक्त समितिहरु गठन गरिएको थियो :–

| अधिवेशन | संयुक्त समितिको नाम | सदस्य संख्या | गठन मिति |
|---|---|---|---|
| प्रथम | अन्तर्व्यवस्थापिका संघ नेपाली राष्ट्रिय समूहको गठन र कार्य सञ्चालन नियमावली मस्यौदा तर्जुमा गर्न गठित संयुक्त समिति | १५ | २०४८।५।१३ |
| तृतीय | संसदका पदाधिकारी र सदस्यहरुको सुविधाका सम्बन्धमा सम्बद्ध सबै पक्षहरुमा सिंहावलोकन गरी उपयुक्त सुझाव सहितको प्रतिवेदन सभामुख समक्ष पेश गर्न गठित संयुक्त समिति | १५ | २०४९।४।२५ |

| अधिवेशन | संयुक्त समितिको नाम | सदस्य संख्या | गठन मिति |
|---|---|---|---|
| चौथो | १. संसद र सञ्चार क्षेत्रको सम्बन्ध सुदृढ, समन्वित र सुमधुर रुपमा विकास गर्न समुचित उपाय सहित सम्बद्ध निकाय, अधिकारी एवं व्यवसायिक विशेषज्ञहरुलाई क्रियाशील एवं सजग बनाई राख्न आवश्यक कार्यहरु गर्न गठित संयुक्त समिति | ९ | २०४९।११।११ |
| | २. श्री ५ को सरकार र भारत सरकार बीच सम्पन्न टनकपुर बाँध परियोजनासँग सम्बन्धित सम्झौताले राष्ट्रलाई पर्न सक्ने असरको मूल्यांकन र सदनको क्षेत्राधिकार निर्धारण गर्न गठित संयुक्त समिति | १५ | २०४९।१२।२४ |
| | ३. संसदीय सेवा संयुक्त समिति | १५ | २०४९।१२।२५ |
| पाँचौं | चालू (पाँचौं) अधिवेशनको समयमा सांसदहरुप्रति भएको व्यवहारका सम्बन्धमा वास्तविकताका (Fact Finding) बुझ्न र भविष्य कायम गर्नु पर्ने सासंदहरुको मर्यादा, मान्यता र दायित्वको परिधि तोक्न गठित संयुक्त समिति | १५ | २०५०।५।१७ |
| छैठौं | अध्यादेशलाई सदनले स्वीकार वा अस्वीकार गर्ने प्रक्रिया र कार्यविधि निर्धारण गर्ने सिफारिस गर्न गठित संयुक्त समिति | ९ | २०५०।११।२७ |

उक्त समितिहरुमा रहनु भएका मा० सदस्यहरुको नामावली परिशिष्ट ५ मा दिइएको छ ।

## ४२. विशेष समिति गठन

प्रतिनिधि सभाको २०४८ साल फाल्गुण ३० गतेको बैठकमा माननीय प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा सम्पन्न भएका सन्धि, सम्झौता वा समझदारीहरु सम्बन्धी कागजातहरु अध्ययन र छानबिन गरी प्रतिवेदन पेश गर्न प्रतिनिधि सभा नियमावली, २०४८ को नियम २०३ बमोजिम मा० उप-सभामुख श्री महन्थ ठाकुरको अध्यक्षतामा निम्नलिखित मा० सदस्यहरु रहनु भएको विशेष समिति गठन गरिएको थियो :–

| | |
|---|---|
| १. मा० उप-सभामुख श्री महन्थ ठाकुर | सभापति |
| २. मा० श्री अकवरबहादुर सिंह | सदस्य |
| ३. मा० श्री अर्जुननरसिंह के.सी. | " |
| ४. मा० श्री ऋषिकेश गौतम | " |
| ५. मा० श्री कुवेरप्रसाद शर्मा | " |
| ६. मा० श्री गोपालमान श्रेष्ठ | " |
| ७. मा० श्री सुशील कोइराला | " |
| ८. मा० श्री झलनाथ खनाल | " |
| ९. मा० श्री टेकबहादुर चोखाल | " |

१०.मा० श्री तारानाथ रानाभाट "
११.मा० श्री तारिणीदत्त चटौत "
१२.मा० श्री नारायणमान विजुक्छे "
१३.मा० श्री डा० प्रकाशचन्द्र लोहनी "
१४.मा० श्री भरतमोहन अधिकारी "
१५.मा० श्री भीमबहादुर श्रेष्ठ "
१६.मा० जलस्रोत राज्यमन्त्री श्री लक्ष्मणप्रसाद घिमिरे "
१७.मा० श्री लीलामणि पोखेल "
१८.मा० श्री चन्द्रप्रकाश मैनाली "
१९.मा० श्री हृदयेश त्रिपाठी "

## ४३. समितिहरुको गठन

प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १८२ ले सभाको कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न र सभाका सदस्यहरुलाई मुलुकको शासनमा बढी मात्रामा सरिक गराउने प्रयोजनका लागि देहाय बमोजिमका विषयहरु तोकी कार्य विभाजन गरेको छ :–

| समितिको नाम | विषय |
|---|---|
| १. अर्थ समिति | अर्थ र आर्थिक योजना । |
| २. सार्वजनिक लेखा समिति | सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन । |
| ३. परराष्ट्र तथा मानव अधिकार समिति | कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, प्रत्यायोजित व्यवस्थापन, मानव अधिकार, विदेशी राष्ट्र र संघ संस्थासँग सम्बन्धित, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन । |
| ४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति | जलस्रोत, भूमिसुधार, भूमि व्यवस्था, कृषि, वातावरण संरक्षण, वन र भू-संरक्षण । |
| ५. जनसंख्या तथा सामाजिक समिति | शिक्षा, संस्कृति, स्वास्थ्य, श्रम र सामाजिक कल्याण । |
| ६. राज्य व्यवस्था समिति | मन्त्रिपरिषद्, गृह, सामान्य प्रशासन, रक्षा र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन । |
| ७. विकास तथा सञ्चार समिति | आवास, भौतिक योजना, निर्माण, यातायात, संचार, उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य र स्थानिय विकास । |

साथै प्रत्येक समितिमा पदेन सदस्य सहित बढीमा ३५ जना सदस्यहरु रहने र समितिको विषयसंग सम्बन्धित मन्त्री सो समितिको र प्रधानमन्त्री सबै समितिको पदेन सदस्य हुने व्यवस्था पनि नियमावलीले गरेको छ ।

उक्त समितिहरुमा रहने मा० सदस्यहरुलाई मा० सभामुखबाट सभाको सहमति लिई निम्नलिखित मितिहरुमा मनोनयन गरी समितिहरुको गठन तथा समितिमा रहने मा० सदस्यहरुको हेरफेर गरिएको थियो :–

| अधिवेशन | मनोनयन मिति |
|---|---|
| प्रथम | २०४८/५/२७ (गठन) |
| | २०४८/६/२ (हेरफेर) |
| | २०४८/६/१३ (हेरफेर) |
| द्वितीय | २०४८/११/२५ (हेरफेर) |
| चौथो | २०४९/११/१० (हेरफेर) |
| पाँचौं | २०५०/५/३० (हेरफेर) |
| छैठौं | २०५०/१२/१६ (हेरफेर) |

समितिहरुको गठन र हेरफेर परिशिष्ट –६ मा दिइएको छ ।

## ४४. समितिका क्रियाकलापहरु

प्रथम प्रतिनिधि सभा अवधिमा प्रतिनिधि सभाका विभिन्न समितिहरुमा छलफलको लागि पठाइएका विधेयकहरु सम्बन्धी विवरण निम्नानुसार छन् :-

| समितिको नाम | छलफलको लागि समितिमा पठाइएको विधेयक संख्या | समितिबाट प्रतिवेदन सहित सभामा प्रस्तुत विधेयक संख्या |
|---|---|---|
| १. अर्थ समिति | ७ | ७ |
| २. परराष्ट्र तथा मानव अधिकार समिति | ९ | ८ |
| ३. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति | ११ | ११ |
| ४. जनसंख्या तथा सामाजिक समिति | ९ | ९ |
| ५. राज्य व्यवस्था समिति | ९ | ८ |
| ६. विकास तथा सञ्चार समिति | १० | १० |
| **जम्मा** | **५५** | **५३** |

यसैगरी समितिहरुले आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुमा समय-समयमा अध्ययन एवं स्थलगत भ्रमण गरी निम्नानुसारका प्रतिवेदनहरु सभामा पेश गरे :

| समितिको नाम | प्रतिवेदन संख्या |
|---|---|
| १. अर्थ समिति | २ |
| २. सार्वजनिक लेखा समिति | ४ |
| ३. परराष्ट्र तथा मानव अधिकार समिति | १ |
| ४. जनसंख्या तथा सामाजिक समिति | १ |

साथै प्रथम प्रतिनिधि सभा अवधिमा समितिहरुको कार्य सम्पादनको सिलसिलामा बसेको बैठक संख्या र बैठकले लिएको समयावधि निम्नानुसार रहेको छ :

| समितिको नाम | बैठक संख्या | बैठकले लिएको समयावधि |
|---|---|---|
| १. अर्थ समिति | ६७ | १४७.४५ घण्टा |
| २. सार्वजनिक लेखा समिति | २१८ | ५६०.३० घण्टा |
| ३. परराष्ट्र तथा मानव अधिकार समिति | ५० | १०३.१३ घण्टा |
| ४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति | ५३ | १११.४५ घण्टा |
| ५. जनसंख्या तथा सामाजिक समिति | ४६ | १०२.१५ घण्टा |
| ६. राज्य व्यवस्था समिति | ३९ | ८४.३० घण्टा |
| ७. विकास तथा सञ्चार समिति | ४२ | १११.४५ घण्टा |

## ४५. सदस्य पदबाट राजीनामा

दुई-दुई निर्वाचन क्षेत्रबाट निर्वाचित निम्नलिखित मा० सदस्यहरुले निम्नलिखित निर्वाचन क्षेत्रबाट निम्न मितिमा प्रतिनिधि सभाको सदस्य पदबाट राजीनामा दिनु भयो :

| अधिवेशन | राजीनामा गर्ने मा० सदस्य | जिल्ला | निर्वाचन क्षेत्र नं. | मिति |
|---|---|---|---|---|
| प्रथम | १. मा० श्री गिरिजाप्रसाद कोइराला | सुनसरी | ३ | २०४८/३/७ |
| | २. मा० श्री मदनकुमार भण्डारी | काठमाण्डौ | ५ | २०४८/३/२५ |

## ४६. स्थान रिक्तताको जानकारी

मा. सभामुखले मा. श्री मदनकुमार भण्डारीको मिति २०५०/२/३ मा चितवन जिल्लाको दासढुंगामा भएको जिप दुर्घटनामा निधन भएकोले काठमाण्डौं जिल्ला क्षेत्र नं. १ को प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यको स्थान एक र मा० श्री द्रोणप्रसाद आचार्यको मिति २०५०/३/६ का दिन अल इण्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्स, नयाँ दिल्लीमा अर्वुद रोगबाट निधन भएकोले झापा जिल्लाको निर्वाचन क्षेत्र नं. १ को प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यको स्थान एक समेत प्रतिनिधि सभा सदस्य स्थान दुई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (क) बमोजिम रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०४८ को नियम २०८ को उप-नियम (१) बमोजिम प्रतिनिधि सभाको २०५० आषाढ १३ गतेको बैठकमा जानकारी गराउनुभयो ।

## ४७. उप-निर्वाचन

२०४८ साल माघ २६ गते प्रतिनिधि सभा सदस्यको लागि भएको उप-निर्वाचनमा निम्नलिखित उम्मेदवारहरु निर्वाचित हुनु भयो :

| नाम | | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १. मा० श्री कृष्णगोपाल श्रेष्ठ | (ने.क.पा. एमाले) | काठमाण्डौं | ५ |
| २. मा० श्री प्रकाश कोइराला | (ने. का.) | सुनसरी | ३ |

यसैगरी २०५० साल माघ २५ गते प्रतिनिधि सभा सदस्यको लागि सम्पन्न उप-निर्वाचनमा निम्नलिखित उम्मेदवारहरु निर्वाचित हुनु भयो :

| नाम | | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १. मा० श्री कृष्णप्रसाद सिटौला | (ने.का.) | झापा | १ |
| २. मा० श्रीमती विद्यादेवी भण्डारी | (ने.क.पा. एमाले) | काठमाण्डौ | १ |

उक्त उप-निर्वाचनमा निर्वाचित निम्नलिखित मा० सदस्यहरुले निम्न मितिमा मा. सभामुख समक्ष प्रतिनिधि सभा सदस्य पदको सपथ लिनु भयो :

| नाम | जिल्ला | निर्वाचन क्षेत्र नं. | शपथ मिति |
|---|---|---|---|
| १. मा० श्री कृष्णगोपाल श्रेष्ठ | काठमाण्डौं | ५ | २०४८/११/९ |
| २. मा० श्री प्रकाश कोइराला | सुनसरी | ३ | २०४८/११/९ |
| ३. मा० श्री कृष्णप्रसाद सिटौला | झापा | १ | २०५०/११/११ |
| ४. मा० श्रीमती विद्यादेवी भण्डारी | काठमाण्डौ | १ | २०५०/११/११ |

## ४८. मन्त्रिपरिषद्को गठन र हेरफेर

श्री ५ महाराजाधिराजबाट २०४८ साल बैशाख २९ गते सम्पन्न आमनिर्वाचनमा प्रतिनिधि सभामा बहुमत प्राप्त गरी नेपाली काँग्रेस संसदीय दलका नेता मा. गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सी निजकै अध्यक्षतामा मन्त्रिपरिषद्को गठन तथा हेरफेर एवं थप नियुक्तिहरु गरिबक्सेको थियो ।

प्रथम प्रतिनिधि सभा अवधिमा गठन भएको मन्त्रिपरिषदका सदस्यहरुको नाम, कार्य विभाजन र समय समयमा भएको हेरफर सम्बन्धी विवरण निम्नानुसार छ :

| मन्त्रिपरिषद् (गठन) | पद | कार्य विभाजन |
|---|---|---|
| १. श्री गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | रक्षा, परराष्ट्र, अर्थ, स्वास्थ्य र राजदरबार । |
| २. श्री वासुदेव रिसाल | मन्त्री | जलस्रोत र सञ्चार |
| ३. श्री बलबहादुर राई | मन्त्री | आवास तथा भौतिक योजना |

| मन्त्रिपरिषद् (गठन) | पद | कार्य विभाजन |
|---|---|---|
| ४. श्री जगन्नाथ आचार्य | मन्त्री | भूमि सुधार तथा व्यवस्था |
| ५. श्री शेख इद्रिस | मन्त्री | श्रम तथा सामाजिक कल्याण । |
| ६. श्री रामहरि जोशी | मन्त्री | शिक्षा तथा संस्कृति र पर्यटन । |
| ७. सुश्री शैलजा आचार्य | मन्त्री | वन तथा भू-संरक्षण र कृषि । |
| ८. श्री शेरबहादुर देउवा | मन्त्री | गृह । |
| ९. श्री रामचन्द्र पौडेल | मन्त्री | स्थानिय विकास । |
| १०. श्री ढुण्डिराज शास्त्री (शर्मा पौड्याल) | मन्त्री | उद्योग । |
| ११. श्री महेश्वरप्रसाद सिंह | मन्त्री | सामान्य प्रशासन । |
| १२. श्री चिरञ्जीवी वाग्ले | मन्त्री | आपूर्ति । |
| १३. श्री तारानाथ रानाभाट | मन्त्री | कानून, न्याय तथा संसदीय व्यवस्था । |
| १४. श्री खुमबहादुर खड्का | मन्त्री | निर्माण तथा यातायात । |
| १५. श्री गोपालमान श्रेष्ठ | मन्त्री | वाणिज्य । |

मिति : जेठ १५, २०४८

| राज्यमन्त्री (थप नियुक्ति) | पद | कार्यविभाजन |
|---|---|---|
| १. डा० रामवरण यादव | राज्यमन्त्री | स्वास्थ्य । |
| २. श्री महेश आचार्य | राज्यमन्त्री | अर्थ । |

मिति : आषाढ २१, २०४८

| मन्त्रिपरिषद् (हेरफेर) | पद | कार्य विभाजन |
|---|---|---|
| १. श्री. गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | राजदरबार सम्बन्धी, रक्षा र परराष्ट्र । |
| २. श्री. बलबहादुर राई | मन्त्री | आवास तथा भौतिक योजना । |
| ३. श्री. जगन्नाथ आचार्य | मन्त्री | भूमिसुधार तथा व्यवस्था ।* |
| ४. श्री. रामहरि जोशी | मन्त्री | पर्यटन । |
| ५. सुश्री शैलजा आचार्य | मन्त्री | कृषि ।# |
| ६. श्री शेरबहादुर देउवा | मन्त्री | गृह । |
| ७. श्री रामचन्द्र पौडेल | मन्त्री | स्थानीय । |
| ८. श्री महेश्वरप्रसाद सिंह | मन्त्री | सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था |
| ९ श्री खुमबहादुर खड्का | मन्त्री | निर्माण तथा यातायात । |
| १०. श्री गोबिन्दराज जोशी | मन्त्री | शिक्षा, संस्कृति तथा समाज कल्याण । |

**राज्यमन्त्री**

| | | |
|---|---|---|
| १. डा० श्री रामवरण यादव | राज्यमन्त्री | स्वास्थ्य । |
| २. श्री महेश आचार्य | राज्यमन्त्री | अर्थ । |
| ३. श्री ऐश्वर्यलाल प्रधानाङ्ग | राज्यमन्त्री | वाणिज्य तथा आपूर्ति ।* |
| ४. श्री रामकृष्ण ताम्राकार | राज्यमन्त्री | उद्योग तथा श्रम । |
| ५. श्री वीरमणि ढकाल | राज्यमन्त्री | वन तथा वातावरण । |
| ६. श्री विजयकुमार गछ्च्दार | राज्यमन्त्री | सञ्चार । |
| ७. श्री लक्ष्मणप्रसाद घिमिरे | राज्यमन्त्री | जलस्रोत । |

* मिति २०५० वैशाख १४ गतेसम्म (श्री ५ बाट राजीनामा स्वीकृत गरिबक्सेको ।)

\# मिति २०४९ श्रावण १२ गतेसम्म (श्री ५ बाट राजीनामा स्वीकृत गरिबक्सेको ।)

**सहायक मन्त्री**

| | | |
|---|---|---|
| १. .श्री सिद्धराज ओझा | सहायक मन्त्री | भूमिसुधार तथा व्यवस्था । |
| २. श्री दीनवन्धु अर्याल | सहायक मन्त्री | सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था । |
| ३. श्री शिवराज जोशी | सहायक मन्त्री | निर्माण तथा यातायात । |
| ४. श्री सुरेन्द्र प्रसाद चौधरी | सहायक मन्त्री | वाणिज्य तथा आपूर्ति । |
| ५. श्री हस्त बहादुर मल्ल | सहायक मन्त्री | शिक्षा, संस्कृति तथा समाज कल्याण । |
| ६. श्री दिलेन्द्र प्रसाद वडू | सहायक मन्त्री | आवास तथा भौतिक योजना । |
| ७. श्री दिवाकरमान शेरचन | सहायक मन्त्री | उद्योग तथा श्रम । ∇ |

मिति :- पौष १५, २०४८

| मन्त्री (कार्यभार थप) | | कार्य विभाजन |
|---|---|---|
| १. श्री रामचन्द्र पौडेल | मन्त्री | स्थानीय विकास र कृषि * |

मिति : साउन १२, २०४९

| राज्यमन्त्री (थप नियुक्ति) | | कार्य विभाजन |
|---|---|---|
| १. सिद्धराज ओझा | राज्यमन्त्री | भूमिसुधार तथा व्यवस्था ♣ |

मितिः २०५० वैशाख १४

| राज्यमन्त्री | | कार्य विभाजन |
|---|---|---|
| १. श्री सुरेन्द्र प्रसाद चौधरी | राज्यमन्त्री | वाणिज्य तथा आपुर्ति । ♦ |

मितिः असार १३, २०५०

## ४९. अर्को मन्त्रिपरिषद् गठन नभएसम्म हालकै मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने व्यवस्था

श्री ५ महाराजाधिराजबाट २०५१ साल असार २६ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभामा धन्यवादको प्रस्ताव पारित हुन नसकी श्री ५ सरकारको नीति र कार्यक्रमलाई विफल पारेको कारण देखाई प्रधानमन्त्री पदबाट चढाउनुभएको राजीनामा स्वीकृत गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म हालकै मन्त्रिपरिषद्ले कार्य संचालन गरिरहने व्यवस्था गरिबक्स्यो ।

---

∇ मिति २०५० आषाढ १३ गतेसम्म (राष्ट्रिय सभा सदस्यको दुईवर्षे पदावधि समाप्त भएको कारण पदमुक्त भएको ।)

* श्री ५ बाट कृषिमन्त्री सुश्री शैलजा आचार्यको राजिनामा स्वीकृत गरिबक्सी स्थानिय विकासमन्त्री श्री रामचन्द्र पौडेललाई कृषि मन्त्रालयको समेत कार्यभार सम्हाल्ने गरी तोकिबक्सेको ।

♣ श्री ५ बाट भूमिसुधार तथा व्यवस्थामन्त्री श्री जगन्नाथ आचार्यको राजीनामा स्वीकृत गरिबक्सी सहायक मन्त्री श्री सिद्धराज ओझालाई राज्यमन्त्रीमा नियुक्त गरिबक्सी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोकिबक्सेको ।

♦ श्री ५ बाट वाणिज्य तथा आपुर्ति राज्यमन्त्री श्री ऐश्वर्यलाल प्रधानाङ्ग राष्ट्रिय सभा सदस्यको दुईवर्षे पदावधि समाप्त भई निज राज्यमन्त्री पदमा समेत नरहनु भएकोले सहायक मन्त्री श्री सुरेन्द्रप्रसाद चौधरीलाई राज्यमन्त्री पदमा नियुक्त गरिबक्सी वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोकिबक्सेको ।

## ५०. विपक्षी दलको नेता

प्रथम प्रतिनिधि सभा अवधिमा विपक्षी दलका नेतामा सुनसरी जिल्ला निर्वाचन हाल क्षेत्र नं. १ बाट निर्वाचित ने.क.पा.(एमाले) का अध्यक्ष मा० श्री मनमोहन अधिकारी हुनुहुन्थ्यो । उहाँलाई ने.क.पा. (एमाले) संसदीय दलले मिति २०४८ साल ज्येष्ठ ११ गते विपक्षी दलको नेता छानेको थियो ।

## ५१. मुख्य सचेतक तथा सचेतकहरु

प्रथम प्रतिनिधि सभा अवधिमा नेपाली कांग्रेस संसदीय दलको मुख्य सचेतक तथा सचेतक पदमा निम्नलिखित मा० सदस्यहरु रहनु भएको थियो :-

| नाम | | अवधि देखि | अवधि सम्म |
|---|---|---|---|
| १. मा० श्री गोविन्दराज जोशी | मुख्य सचेतक | २०४८/ ३/२० | २०४८/९/१४ |
| २. मा० श्री सुरेन्द्रप्रसाद चौधरी | सचेतक | २०४८/ ३/२० | २०४८/९/१४ |
| ३. मा० श्री तारिणीदत्त चटौत | मुख्य सचेतक | २०४८/ ११/२ | २०५१/३/२७ |
| ४. मा० श्री चिनकाजी श्रेष्ठ | सचेतक | २०४८/ ११/२ | २०५१/३/२७ |

## ५२. संसदीय दलका नेताहरु

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित मा० सदस्यहरु निम्नलिखित संसदीय दलका नेता हुनुहुन्थ्यो :

| संसदीय दल | नेता मा० सदस्य |
|---|---|
| १. ने.कां. | मा० श्री गिरिजाप्रसाद कोइराला |
| २. ने.क.पा. (एमाले) | मा० श्री मनमोहन अधिकारी |
| ३. सं.ज.मो.ने. | १.मा० श्री लीलामणि पोखेल |
| | २.मा० श्री अमिक शेरचन (२०५०/३/१६ देखि) |
| ४. ने.स.पा. | मा० श्री गजेन्द्रनारायण सिंह |

## ५३. महासचिव नियुक्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६६ को उप-धारा (१) बमोजिम प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षको परामर्शमा मिति २०४८ साल श्रावण २२ गते श्री जीवनलाल सत्याललाई संसदको महासचिवमा नियुक्त गरिबक्स्यो ।

## ५४. सचिवहरुको नियुक्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६६ को उप-धारा (१) बमोजिम प्रतिनिधि सभाका सभामुखको सिफारिसमा श्री सूर्यकिरण गुरुङ्गलाई मिति २०४९ साल आषाढ २५ गते प्रतिनिधि सभाको सचिव पदमा नियुक्त गरिबक्स्यो ।

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६६ को उप-धारा (१) बमोजिम राष्ट्रिय सभाका अध्यक्षको सिफारिसमा श्री रामबहादुर के.सी. लाई मिति २०४९ साल आषाढ २५ गतेका दिन राष्ट्रिय सभाको सचिव पदमा नियुक्त गरिबक्स्यो ।

नव नियुक्त दुवै सचिवहरुले २०४८ साल आषाढ २६ गते कार्यभार सम्हाल्नु भयो ।

## ५५. प्रश्नहरु

प्रथम प्रतिनिधि सभा अवधिमा दर्ता हुन आएका प्रश्नहरुको स्थिति यसप्रकार रहेको छ :

| अधिवेशन | प्रश्नको किसिम | | | | | |
|---|---|---|---|---|---|---|
| | स्वीकृत | | | अस्वीकृत | | |
| | मौ. | लि. | अ.सू. | मौ. | लि. | अ.सू. |
| प्रथम | १४८९ | १३१ | १२५ | ३११ | १५ | २० |
| द्बितिय | ८२७ | १०२ | १ | ९० | १० | × |
| तृतीय | १६६८ | १६९ | १२ | ४०७ | २८ | ९ |
| चौथो | १०६६ | ६७ | ३ | ९२ | ७ | ३ |
| पाँचौं | २२२२ | २६७ | ६ | २८७ | ७ | ३ |
| छैठौं | १०३१ | ६७ | ११ | १०८ | १ | १ |

**द्रष्टव्य** : केही प्रश्नहरु एक-अर्को किसिममा परिवर्तन गरिएका छन् ।

सभामा सोधिएका तथा टेबुल गरिएका प्रश्नहरुको विवरण निम्नानुसार छन् :

| अधिवेशन | प्रश्नको किसिम | | | जम्मा |
|---|---|---|---|---|
| | मौ. | लि. | अ.सू. | |
| प्रथम | १२२० | १०९ | ७५ | **१४०४** |
| द्बितीय | ३९५ | ४० | × | **४३५** |
| तृतीय | १११८ | ११५ | ५ | **१२३८** |
| चतुर्थ | ६४७ | ३६ | १ | **६८४** |
| पाँचौं | १४३२ | १६४ | २ | **१५९८** |
| छैठौं | ७१० | ३३ | ४ | **७४७** |

प्रथम प्रतिनिधि सभा अवधिमा सभामा सोधिएका तथा टेबुल गरिएका प्रश्नहरुको मन्त्रालयगत विवरण यसप्रकार छ :

| मन्त्रालय/सचिवालय | प्रश्नको किसिम | | |
|---|---|---|---|
| | मौ. | लि. | अ.सू. |
| १. मन्त्रिपरिषद् सचिवालय | ३३ | २ | |
| २. राष्ट्रिय योजना आयोगको सचिवालय | १०२ | ११ | |
| ३. परराष्ट्र मन्त्रालय | ९८ | २९ | ३ |
| ४. रक्षा मन्त्रालय | १५ | १ | |
| ५. आवास तथा भौतिक योजना मन्त्रालय | ५६३ | ४५ | ७ |
| ६. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २७६ | १३ | १ |
| ७. गृह मन्त्रालय | ३१२ | ४० | १२ |
| ८. स्थानीय विकास मन्त्रालय | १८५ | १० | ४ |
| ९. कृषि मन्त्रालय | ४०८ | २१ | ४ |
| १०. सामान्य प्रशासन मन्त्रालय | ८१ | १५ | १३ |
| ११. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ७२ | ७ | १ |
| १२. निर्माण तथा यातायात मन्त्रालय | ५७५ | २० | ४ |
| १३. शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय | २५६ | १९ | |
| १४. स्वास्थ्य मन्त्रालय | ४४१ | ३५ | १० |
| १५. अर्थ मन्त्रालय | २५९ | ४५ | ३ |
| १६. उद्योग मन्त्रालय | १५७ | २५ | २ |
| १७. श्रम मन्त्रालय | १३ | २७१ | |
| १८. वन तथा भू-संरक्षण मन्त्रालय | ३६५ | ५३ | ८ |
| १९. सूचना तथा सञ्चार मन्त्रालय | ३०३ | २१ | १ |
| २०. जलस्रोत मन्त्रालय | ६०१ | २२ | १ |
| २१. भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १८० | २७ | ५ |
| २२. वाणिज्य मन्त्रालय | ४३ | ७ | ५ |
| २३. आपूर्ति मन्त्रालय | १२४ | १६ | ११ |
| **जम्मा** | **५५२०** | ४९७ | ८८ |

प्रश्नहरुको विवरण तालिका परिशिष्ट–७ मा दिइएको छ ।

## ५६. बैठक सञ्चालनमा अवरोध

### (१) धर्ना

चार वाम समूहद्वारा आयोजित कार्यक्रम अन्तर्गत सिंहदरबार मूल प्रवेशद्वारमा आज आयोजित धर्ना कार्यक्रममा सम्मिलित मा० सदस्यहरुप्रति दुर्व्यवहार भएको भन्ने सम्बन्धमा मा० गृहमन्त्रीको वक्तव्यप्रति असहमति प्रकट गर्दै ने.क.पा.(एमाले) र सं.ज.मो. ने., संसदीय दलका मा० सदस्यहरु र मा० श्री नारायणमान विजुक्छे र

मा० श्री डिल्लीबहादुर महतले प्रतिनिधि सभाको मिति २०४९ फाल्गुण २२ गतेको बैठकमा मा० सभामुखको डायस अगाडिको खालि ठाउँ (वेल)मा आई धर्ना बस्नु भएको थियो ।

मा० सभामुखले उक्त गतिरोध हटाउन एक घण्टाको लागि बैठक स्थगित गर्नु भएको थियो ।

(२) **नारा**

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित कारणहरु दर्शाई सदनमा नारा लगाइएको थियो :

१. प्रतिनिधि सभाको २०४८ फाल्गुण १६ गतेको बैठकमा शून्य समयपछि मा० श्री भरतमोहन अधिकारी (ने.क.पा.,एमाले) ले आफूले मिति २०४८ फाल्गुण ११ गते दर्ता गराएको टनकपुर सम्बन्धी स्थगत प्रस्ताव छलफलमा नल्याएकोमा विरोध जनाउँदै उहाँ समेतले रोष्टम कब्जा गर्नुभयो । मा. सभामुखले सदनको कार्वाही अगाडि बढाउन बारम्बार आग्रह गर्दागर्दै पनि विपक्षी दल ने.क.पा. (एमाले), संयुक्त जनमोर्चा नेपाल, मा० श्री भिमबहादुर श्रेष्ठ र मा० श्री डिल्लीबहादुर महतद्वारा “संविधान मिच्न पाइँदैन, देश मिच्न पाइँदैन, सन्धि सम्झौता र समझदारीहरु सदनमा पेश गर्नैपर्छ ” भन्ने नारा लगाउन थालियो ।

   उक्त नारा लगाउने क्रम साढे सात घण्टा अर्थात् दिनको १२:४५ बजेदेखि ५ बजेसम्म उभिएर र त्यसपछि रातको ८:१५ बजेसम्म बसेर जारी रह्यो ।

   अन्त्यमा मा. सभामुखले उक्त गतिरोध हटाउन सभाको बैठक स्थगित गर्नुभयो ।

२. प्रतिनिधि सभाको २०४९ फाल्गुण ३ गतेको बैठकमा मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको राजीनामाको माग गर्दै ने.क.पा. (एमाले), सं.ज.मो. नेपालका मा० सदस्यहरु, श्री नारायणमान विजुक्छे र मा० श्री डिल्लीबहादुर महतले नारा लगाउनु भयो ।

३. प्रतिनिधि सभाको २०४९ चैत्र २० गतेको बैठकमा मा० कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री श्री महेश्वरप्रसाद सिंहले नेपाल सन्धि (पहिलो संशोधन) विधेयक, २०४९ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरिरहनु भएको बेला सोको

विरोध जनाउँदै सं.ज.मो. नेपालका मा० सदस्यहरुले मा. सभामुखको डायस अगाडिको खाली ठाउँमा आई नारा लगाउनु भयो, साथै बैठक बहिष्कार गर्नुभयो ।

४. प्रतिनिधि सभाको २०५० आषाढ २५ गतेको बैठकमा 'धन्यवादको प्रस्ताव' द्वारा श्री ५ बाट बक्सेको सम्बोधनमा उल्लेखित श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन मा. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला रोष्ट्रममा जानासाथ मा. प्रधानमन्त्रीको विरोधमा सं.ज.मो. नेपालका मा० सदस्यहरुले नारा लगाई बैठक बहिष्कार गर्नुभयो ।

५. प्रतिनिधि सभाको २०५० भाद्र १८ गतेको बैठकमा नेपाल अधिराज्यको संविधान (पहिलो संशोधन) विधेयक, २०५० प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव अस्वीकृत भएकोमा नेपाल सद्भावना पार्टीका मा० सदस्यहरुले केही बेर आफ्नै स्थानमा उभिई नारा लगाई त्यसपछि रोष्ट्रममा आई पूनः नारा लगाई, रोष्ट्रम कब्जा र बैठक बहिष्कार गर्नुभयो ।

६. मिति २०५० चैत्र १५ गतेको बैठकमा चैत्र १४ गते वानेश्वरमा भारतीय प्रहरीहरु नेपाली नागरिकहरुको घरमा प्रवेश गरेको सम्बन्धमा मा० गृहमन्त्रीले दिनु भएको जवाफको विरोधमा सं.ज.मो. नेपालका मा० सदस्यहरुले नारा लगाउँदै एक घण्टाको लागि सदन वहिष्कार गर्नुभयो ।

**(३) अवरोध**

प्रथम प्रतिनिधि सभा अवधिमा निम्न मितिहरुका बैठक सञ्चालनमा अवरोध खडा गरिएको थियोः-

| अधिवेशन | अवरोध मिति | कारण |
|---|---|---|
| प्रथम | १. २०४८।३।२५ | मा० गृहमन्त्रीको सार्वजनिक महत्वको विषयको वक्तव्यबारे टिप्पणी गर्ने कार्यविधिका सम्बन्धमा उत्पन्न प्रश्नको बैठकमा तत्काल समाधान हुन नसक्ने स्थिति उत्पन्न भएकोले १० मिनेटको लागि बैठक स्थगित गरिएको । |
| | २. २०४८/३/२६ | प्रमुख विपक्षी दल ने.क.पा. (एमाले) का मा० सदस्यहरु आफूले दर्ता गराएका ध्यानाकर्षण र जरुरी सार्वजनिक महत्वको प्रस्ताव बैठकमा नल्याइएको विषयमा विरोध जनाउँदै मा. सभामुखको डायस अगाडिको खाली ठाउँमा आई उभिनु भएकोले केही समयको लागि बैठक स्थगित गरिएको । |

| अधिवेशन | अवरोध मिति | कारण |
|---|---|---|
| | ३. २०४८।४।२६ | नेपाल निजामती कर्मचारी संगठनको आन्दोलनबारे मा० सामान्य प्रशासन मन्त्रीको गोरखापत्रमा प्रकाशित भनाइका सम्बन्धमा उहाँले सदन समक्ष स्पष्टीकरण दिनु पर्ने माग गर्दै विपक्षी दल ने.क.पा. एमालेका मा० सदस्यहरुले मा. सभामुखको डायस अगाडिको खाली ठाउँमा आई उभिनु भएकोले आधा घण्टाको लागि बैठक स्थगित गरिएको । |
| द्वितीय | १. २०४८।११।१६ | टनकपुर व्यारेक सम्बन्धी स्थलगत प्रस्ताव छलफलमा नल्याइएकोमा मा० सदस्यहरु श्री भरतमोहन अधिकारी, श्री लीलामणि पोखेल, श्री अमिक शेरचन र श्री भीमबहादुर श्रेष्ठले रोष्ट्रम कब्जा गर्नु भई ने.क.पा. (एमाले) र सं.ज.मो.ने.का मा० सदस्यहरु श्री भिमबहादुर श्रेष्ठ र श्री डिल्लीबहादुर महतले ७ घण्टा ३० मिनेट सदनमा नारा लगाउनु भएकोले बैठक स्थगित गरिएको । |
| | २. २०४८।११।३० | माइकको गडबडीको कारण आधा घण्टाको लागि बैठक स्थगित गरिएको । |
| पाँचौं | २०५०।५।१८ | नेपाल अधिराज्यको संविधान (पहिलो संशोधन) विधेयक, २०५० प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव अस्वीकृत भएकोमा नेपाल सद्भावना पार्टीका मा० सदस्यहरुले नारा लगाउँदै, रोष्ट्रम कब्जा गरी बैठक वहिष्कार गर्नु भएको । |

## ५७. बैठक बहिष्कार

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित मितिमा बैठक बहिष्कार भएको थियो :

| अधिवेशन | बहिष्कारको कारण | वहिष्कार गर्ने संसदीय दल, मा. सदस्य | बहिष्कार मिति |
|---|---|---|---|
| प्रथम | १. ध्यानाकर्षण आदि बैठकमा नल्याइएको । | ने.क.पा. (एमाले), सं.ज.मो. नेपाल, ने.क.पा. (प्र) र ने.म.कि.पा. | २०४८/३/२६ |
| | २. नेपाल निजामती कर्मचारी संगठनको आन्दोलनको सम्बन्धमा २०४८/४/१४ मा प्रकाशित सर्वदलीय वक्तव्य अनुशरण नगरिएको । | ने.क.पा. (एमाले), सं.ज.मो. नेपाल, मा० श्री भीमबहादुर श्रेष्ठ र मा० श्री वैद्यनाथ महतो (१० मिनेटको लागि), मा० श्री नारायणमान विजुक्छे र मा० श्री डिल्लीबहादुर महत (अनशनकारी कर्मचारीहरुलाई भेटेर आउने गरी । ) | २०४८/४/२४ |

| अधिवेशन | बहिष्कारको कारण | वहिष्कार गर्ने संसदीय दल, मा. सदस्य | बहिष्कार मिति |
|---|---|---|---|
| | ३. गोरखापत्रमा प्रकाशित मा० सामान्य प्रशासन मन्त्रीको भनाइका सम्बन्धमा स्पष्टीकरण माग गर्दै । | ने.क.पा. (एमाले)<br>(एक घण्टाको लागि) | २०४८/४/२७ |
| | ४. गैर सरकारी विधेयकहरु प्रस्तुत गर्न अनुमति नदिइएकोमा । | ने.क.पा. (एमाले), ने.स.पा. र रा.प्र.पा (चन्द) | २०४८/६/४ |
| द्वितिय | १. टनकपुर व्यारेज सम्बन्धी स्थलगत प्रस्ताव छलफलमा नल्याइएकोमा । | ने.क.पा. (एमाले), सं.ज.मो. नेपाल, मा० श्री भीमबहादुर श्रेष्ठ र मा० श्री डिल्लीबहादुर महत | २०४८/११/११ |
| | २. टनकपुर व्यारेज सम्बन्धी स्थगन प्रस्तावलाई प्रतिनिधि सभा नियमावली बमोजिम सामान्य बहुमतद्वारा निणयार्थ प्रस्तुत गर्ने प्रक्रियाको विरोधमा । | सं.ज.मो. नेपाल | २०४८/११/१८ |
| | ३. समितिको प्रतिवेदन सहितको नेपाल नागरिकता र (पाँचौ संशोधन) विधेयक, २०४८ लाई निर्णयार्थ प्रस्तुत गर्न लाग्दा सोको विरोधमा । | ने.स.पा.(नारा लगाउँदै ) र रा.प्र.पा (चन्द) | २०४८/१२/२ |
| तृतीय | १. मा. प्रधानमन्त्रीले मा० कृषि मन्त्री सुश्री शैलजा आचार्यको २०४९/४/६ को मन्तव्य सम्बन्धी दिनुभएको वक्तव्य प्रति असहमति जनाउँन । | ने.क.पा. (एमाले), सं.ज.मो. नेपाल, रा.प्र.पा (चन्द), ने.स.पा. र मा० श्री डिल्लीबहादुर महत | २०४९/४/११ |
| | २. केही सार्वजनिक (अपराध र सजाय) (दोस्रो संशोधन) विधेयक, २०४९ लाई पारित गर्न नहुने । | सं.ज.मो.ने. | २०४९/५/२९ |

| अधिवेशन | बहिष्कारको कारण | वहिष्कार गर्ने संसदीय दल, मा. सदस्य | बहिष्कार मिति |
|---|---|---|---|
| चौंथो | १. सिंहदरबार मूल प्रवेशद्धारमा आयोजित २०४९/११/२२ को धर्ना कार्यक्रममा सम्मिलित मा० सदस्यहरुप्रति भएको दुर्व्यवहारका सम्बन्धमा समझदारी कायम गर्न ने.क.पा.(एमाले) सँग मात्र गरिएको वार्ताप्रति असहमति जनाउन । | सं.ज.मो. नेपाल (प्रश्नोत्तर कार्यक्रम मात्र) | २०४९/११/२२ |
| | २. २०४९/११/२२ गते सिन्धुलीमा घटेको घटनामा सम्झना दाहालको मृत्यु भएको सम्बन्धमा जाँच आयोगको गठन र गृह मन्त्रीले माफी माग्नुपर्ने । | ने.क.पा. (एमाले), सं.ज.मो. नेपाल, रा.प्र.पा (चन्द) | २०४९/११/२२ |
| | ३. आयकर (आठौं संशोधन) विधेयक, २०४९ लाई पूनः विचारार्थ सम्बन्धित समितिमा पठाईयोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न लाग्दा सोको विरोधमा । | ने.क.पा. (एमाले) | २०४९/१२/१७ |
| | ४. नेपाल सन्धि (पहिलो संशोधन) विधेयक, २०४९ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दा सोको विरोधमा । | सं.ज.मो.ने, मा० श्री नारायणमान विजुक्छे र मा० श्री डिल्लीबहादुर महत | २०४९/१२/२० |
| पाँचौं | १. धन्यवादको प्रस्तावद्धारा श्री ५ बाट बक्सेको सम्बोधनमा उल्लेखित श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन मा. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला रोष्ट्रममा जानासाथ मा. प्रधानमन्त्रीको विरोधमा । | सं.ज.मो.ने | २०५०/३/२५ |

| अधिवेशन | बहिष्कारको कारण | वहिष्कार गर्ने संसदीय दल, मा. सदस्य | बहिष्कार मिति |
|---|---|---|---|
| | २. २०५० आषाढ ११, १२ ,१३ र १४ गते काठमाण्डौं उपत्यकामा घटेको गोलीकाण्डको सम्बन्धमा ल्याइएको स्थगन प्रस्तावलाई बैठकको निर्णयार्थ प्रस्तुत गरिंदा सोको विरोधमा । | ने.क.पा. (एमाले) (१० मिनेटको लागि) र सं.ज.मो.ने. | २०५०।३।२९ |
| | ३. नेपाल अधिराज्यको संविधान (पहिलो संशोधन) विधेयक, २०५० प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव अस्वीकृत भएकोमा । | ने.स.पा. | २०५०।५।१८ |
| छैठौं | २०५०/१२/१४ गते भारतीय प्रहरीहरु वानेश्वरमा नेपाली नागरिकहरुको घरमा प्रवेश गरेको सम्बन्धमा मा० गृहमन्त्रीले जवाफ नदिनु भएको विरोधमा । | मा. श्री नारायणमान विजुक्छे, मा. श्री डिल्लीबहादुर महत र सं.ज.मो.ने., (एक घण्टाको लागि) (नारा लगाउँदै) | २०५०।१२।१५ |

## ५८. विशेषाधिकार सम्बन्धी प्रश्न

१. २०४८ साल श्रावण २८ गते राति करीब १०.३० बजे त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जमा निर्देशकको कक्षमा वार्तालाप भैरहेको बेला एस.एस.पी. को नेतृत्वमा आएको प्रहरीले मा० प्रमुख विपक्षी दलका नेता र मा० श्री वंशीधर मिश्रलाई गिरफ्तार गरी राति १.०० बजेसम्म सदर प्रहरी तालीम केन्द्र महाराजगञ्जमा हिरासतमा राखिएको हुँदा संविधानको धारा ६२ को उप-धारा (६) को विपरीत भएको भनी मा० डा० वंशीधर मिश्रले २०४८ साल श्रावण २९ गते विशेषाधिकार हननको प्रश्न उठाउने अनुमतिको लागि सूचना गर्नु भएकोमा मा० सभामुखले प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १६१ को उप-नियम (१) बमोजिम निम्नलिखित कारणहरु सहित उक्त विशेषाधिकार हनन भएको प्रश्न उठाउने स्वीकृति नदिइएको व्यहोरा २०४८ साल आश्विन १३ गतेको बैठकमा जानाकारी गराउनु भयो :

(क) उक्त कार्यबाट संसदको वा संसद सदस्यको हैसियतले कुन कार्य सम्पन्न गर्न मा० सदस्यहरुलाई के बाधा प-यो सूचनामा नखुलेको,

(ख) शिक्षण अस्पतालको घटनाको सम्बन्धमा मा० प्रमुख विपक्षी दलका नेताले सदनमा (मिति २०४८/४/२९) दिनु भएको वक्तव्यमा संसदको अवहेलना मानिने भनी

ठूलो घटना भएको भए स्वभाविक रुपमा उल्लेख हुने कुरा केही पनि उल्लेख नभएको,

(ग) सूचनाकर्ता मा० सदस्यको सूचनाको प्रथम द्रष्टा स्वरुपले संसदको अवहेलना मान्न सकिने स्थिति नदेखिएको र

(घ) अन्तत : अनुमति दिइएमा संसदको प्रतिष्ठामा वृद्धि हुने नदेखिएको ।

२. सदन छोडेर गएको बेलाको नाजायज फाइदा उठाई सत्ता पक्षले तीन महत्वपूर्ण मन्त्रालयहरु माथिको छलफल सिध्याएर अप्रजातान्त्रिक कार्य गर्‍यो भनी सर्वदलीय एकताको वक्तव्यको नाममा प्रमुख विपक्षी दलका नेता समेत ६ जना सदस्यहरुले २०४८ साल श्रावण ३० गते प्रेस वक्तव्य दिनुभएको र गोरखापत्र समीक्षा लगायतका पत्रिकाहरु र रेडियो नेपाल, नेपाल टेलिभिजन लगायत सरकारी तथा गैर सरकारी पत्र पत्रिका र सञ्चार माध्यमहरुबाट भएका प्रकाशन र प्रसारणले सदनको कुनै कारवाइ माथि टिप्पणी गर्न नपाइने संविधानको धारा ६२ को उप-धारा (३) को प्रावधान उलंङ्घन भएको भनी मा० श्री अर्जुन जंगबहादुर सिंहले २०४८ साल भाद्र २ गते विशेषाधिकार हननको प्रश्न उठाउने अनुमतिको लागि सूचना गर्नु भएकोमा मा० सभामुखले तत्सम्बन्धमा सम्बन्धित वक्तव्य जारी गर्नु हुने सबै मा० सदस्यहरु सम्बन्धित राजनैतिक पार्टीको बरिष्ठ सदस्य हुनु भएको, सदनको काम कारवाही संचालनमा उहाँहरुले सक्रिय तथा सकरात्मक सहयोग पुर्‍याउँदै आउनु भएको र सम्बन्धित मन्त्रालयको विनियोजन छलफलमा भाग लिन नपाएको कारण तात्तातो असहमति जनाउनको लागि मात्र सार्वजनिक वक्तव्यको सहारा लिन पुगेको एवं बहुदलीय पद्धतिमा आधारित सदनको प्रारम्भिक अभ्यासमा सत्ता पक्षको विरोध गर्दा सदनको काम कारवाहीको विरोध हुन जानु अनियमित भए पनि अस्वभाविक मान्न पनि नसकिने हुँदा यिनै विविध पक्ष र कारण दृष्टिगत गरी आइन्दा सदनको कुनै पनि काम कारवाही अनियमित लागे नै पनि त्यसको उपचार सदन बाहिर खोजिने छैन भन्ने विश्वासमा मा० सदस्य श्री अर्जुन जंगबहादुर सिंहले विशेषाधिकार सम्बन्धी प्रश्न उठाइ दिनु भएको मिति २०४८/५/२ को सूचना प्रारम्भतः अस्वीकृत गरिएको जानाकारी सभाको २०४८ साल आश्विन १३ गतेको बैठकमा गराउनु भयो ।

साथै, मा० सभामुखले उक्त बैठकमा यसै सिलसिलामा सरकारी वा गैर सरकारी समग्र सञ्चार माध्यम, चाहे ती उल्लेखित वक्तव्य प्रचार प्रसार गर्ने वा नगर्ने किन नहुन्, लाई समेत यसै निर्णयबाट सचेत गराउने चाहना राख्नु हुँदै कुनै पनि संचार माध्यमले सदनको काम कारवाही अनियमित भयो भन्ने विषय सम्बन्धी कुनै पनि सामाग्री संविधान, ऐन नियम र संसदीय मर्यादा विपरित हुने गरी प्रचार प्रसार गर्ने छैनन् ।

संविधान, कानूनी राज तथा संसदको गरिमा र प्रतिष्ठा प्रवधन गर्ने महान् कर्तव्यमा राज्यको चौथो अंग संचार क्षेत्र कुनै पनि प्रजातान्त्रिक मुलुक भन्दा पछि पर्ने छैन, कीर्तिमान कायम गर्न सदा प्रयत्नशील रहने छन् भन्ने अपेक्षा राख्नु भयो ।

३. मा० श्री अमिक शेरचन समेतले गत श्रावण ४ गतेको अधिराज्यव्यापी चक्काजाम कार्यक्रमको सिलसिलामा श्री ५ को सरकारले मा० सदस्य समेतलाई शारीरिक अङ्गभङ्ग हुने र मरणाशन्न हुने गरी कुटपीट गरी नेपाल अधिराज्यको संविधान धारा ६२ को उपधारा (६) र (७) बमोजिम सांसद र संसदको विशेषाधिकार हनन भएको भनी २०५० साल भाद्र ३० गते सूचना गर्नु भएकोमा मा० सदस्यहरुलाई विशेषाधिकारको प्रश्न उठाउने अनुमति दिने सिलसिलामा अध्ययन गरी समष्टिरुपमा विचार गर्दा विशेषाधिकार हनन जस्तो विषय आफैंमा एउटा विशिष्ट प्रश्न भएकोले प्रस्तुत विशेषाधिकार सम्बन्धी प्रश्न उठ्नु परेको कारण र दिन तथा मा० सदस्यहरुको प्रस्ताव दर्ता मिति र समयलाई विचार गर्दा विशेषाधिकार सम्बन्धी यो प्रस्ताव यसै विषयमा सदनमा प्रतिनिधित्व गर्ने विभिन्न दलहरुका मा० हरुको परामर्शबाट निष्कर्षमा पुगी निति २०५०/५/१७ र १८ मा दुबै सदनको अनुमतिबाट संयुक्त समिति (Select Committe) गठन भएपछि र सो समितिले कार्य प्रारम्भ गरी मिति २०५०/५/३० मा आफ्नो कार्य प्रगति प्रतिवेदन पेश गरी सकेपछि मात्र दर्ता हुँन आएको देखिएकोले प्रतिनिधि सभा नियमावलीको परिच्छेद २० का विभिन्न प्रावधानहरुलाई दृष्टिगत गर्दा अनुमति दिन मिलेन । तथापि मा० सदस्य श्री अमित शेरचन समेतले दर्शाउनु भएको मर्का र माग उपर सहानुभुतिपूर्वक हेर्दा यो प्रस्ताव उपर समेत उपयुक्त तवरले विचार गर्ने तात्पर्यका लागि उक्त समितिमा नै पठाईने जानाकारी मा० सभामुखले २०५० साल भाद्र ३१ गतेको बैठकमा जानाकारी गराउनु भयो ।

४. दि राइजिङ्ग नेपालमा २०५० साल भाद्र १८ गते (सेप्टेम्बर ३, १९९३) मा प्रकाशित प्रधान सम्पादक श्री तारानाथ शर्माको लेख "A Word or Two, Mr Speaker Sir !" भन्ने शीर्षकमा संसदको गरिमा, सभामुखको प्रतिष्ठा र सांसदहरुको मर्यादा विपरीत, होच्याउने ढंगले लेखिएको भनी प्रतिनिभिसभा र राष्ट्रिय सभाका बैठकमा मा० सदस्यहरुबाट प्रश्न उठाइएकोले मा० सभामुखको निर्देशनमा संचार सम्बन्धी संयुक्त समितिले उक्त विषयमाथि छलफल गर्‍यो ।

समितिले मा० सूचना तथा संचार राज्यमन्त्रीको ध्यानाकर्षण गर्नुका साथै उक्त लेखका सम्बन्धमा दि राइजिङ्ग नेपालका प्रधान सम्पादक श्री तारानाथ शर्माको बयान

लिइयो र निजको लिखित क्षमायाचना स्वीकार गरी सो क्षमायाचना सम्बन्धी विवरणलाई आफ्नो प्रतिवेदनको रुपमा २०५० साल भाद्र २४ गते सदन समक्ष पेश गऱ्यो ।

## ५९. निवेदन पत्र

अधिवक्ता श्री बालकृष्ण न्यौपानेले मा० श्री लीलामणि पोखरेल मार्फत् प्रतिनिधि सभा नियमावली, २०४८ को नियम २०३ को उपनियम (२) बमोजिम श्री ५ को सरकार र भारत सरकार बीच सम्पन्न टनकपुर बाँध परियोजनासँग सम्बन्धीत सम्झौता सम्बन्धमा मिति २०४८/११/२५ मा निवेदन पत्र दिनु भएकोमा उल्लेखित सम्झौताले राष्ट्रलाई पर्न सक्ने असरको मूल्यांकन गरी सदनको क्षेत्राधिकार निर्धारण गर्न दुबै सदनको संयुक्त समिति मिति २०४९/१२/२४ मा गठन भई सकेकोले उक्त निवेदन पत्र फाइल गर्ने व्यहोरा मा० सभामुखले प्रतिनिधि सभाको २०४९ साल चैत्र २५ गतेको बैठकमा जानाकारी गराउनु भयो ।

## ६०. अर्न्तव्यवस्थापिका संघमा नेपालको सहभागिता

राष्ट्र-राष्ट्रका व्यवस्थापिकाहरु बिच पारम्परिक मैत्री र समझदारीको अभिवृद्धि गरी अन्तराष्ट्रिय सम्पर्क र सहयोग विस्तार गर्ने उद्देश्यले स्थापित अर्न्तव्यवस्थापिका संघको अधिवेशनहरुमा नेपालको सहभागिता रहदै आएको छ ।

प्रथम प्रतिनिधि सभा अवधिमा अर्न्तव्यवस्थापिका संघका विभिन्न अधिवेशनहरुमा नेपालको सहभागिता यसप्रकार रह्यो :

| प्रतिनिधि मण्डलको नेतृत्व | | सदस्य संख्या | अधिवेशन संख्या | स्थान | अवधि |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय सभाका मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | ५ | ८६ औं | सेण्टियागो (चिली) | २०४८/६/२१ - २६ |
| २. | मा० सभामुख श्री दमननाथ ढुंगाना | ७ | ८७ औं | योण्डे (क्यामरुन) | २०४८/१२/२३-३० |
| ३. | मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | ६ | ८८ औं | स्टकहोम (स्वीडेन) | २०४९/५/२२ -२७ |
| ४. | मा० सभामुख श्री दमननाथ ढुंगाना | ११ | ८९ औं | नयाँ दिल्ली (भारत) | २०४९/१२/३० - २०५०/१/५ |
| ५. | मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | ६ | ९० औं | केनबेरा (अष्ट्रेलिया) | २०५०/५/२८-६/२ |
| ६. | मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | ६ | ९१ औं | पेरिस (फ्रान्स) | २०५०/१२/७ - १३ |

## ६१. नेपाली संसदीय प्रतिनिधिमण्डलद्वारा विदेश भ्रमण

साथै उक्त अवधिमा संसदमा निम्नलिखित पदाधिकारी तथा सदस्यहरुले निम्न राष्ट्रहरुको भ्रमण गर्नु भएको थियो :

| प्रतिनिधिमण्डलको नेतृत्व गर्ने संसदको पदाधिकारी/ सदस्य | सदस्य संख्या | भ्रमण गरेको राष्ट्र | भ्रमण अवधि |
|---|---|---|---|
| १. मा० श्री कुवेरप्रसाद शर्मा | ६ | सं. रा. अमेरिका | २०४८, असोज - कार्तिक |
| २. मा० उपसभामुख श्री महन्थ ठाकुर | ६ | सं. रा. अमेरिका | २०४८/१२/१७ - २०४९/१/१२ |
| ३. मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | ५ | उ. कोरिया | २०४८/७/१ - ५ |
| ४. मा० डा० श्यामलाल तवदार | १ | जापान | माघ, २०४८ |
| ५. मा० सभामुख श्री दमननाथ ढुंगाना | १ | इजरायल | २०४८/९/१७ - २४ |
| ६. मा० सभामुख श्री दमननाथ ढुंगाना | २ | स्वीजरल्याण्ड | २०४८/९/२४ - १०/८ |
| ७. मा० सभामुख श्री दमननाथ ढुंगाना | १६ | चीन | २०४९/२/१९ - २८ |
| ८. मा० श्री तारानाथ रानाभाट | ५ | बंगलादेश, भारत, पाकिस्तान र श्रीलंका | २०४८/५/२२ - ६/१० |
| ९. मा० सभामुख श्री दमननाथ ढुंगाना | ६ | बुल्गेरिया, अल्बानिया, जर्मनी र डेनमार्क | २०४८/६/२३ - ७/१० |
| १०. मा० उपसभामुख श्री महन्थ ठाकुर | ७ | फ्रान्स | २०४८/८/१ - ८ |
| ११. मा० उपसभामुख श्री महन्थ ठाकुर | १४ | भारत | २०५०/१/२० - ३० |
| १२. मा० उपसभामुख श्री महन्थ ठाकुर | ६ | बेलायत | २०५०/२/२४ - ३१ |
| १३. मा० उपसभामुख श्री महन्थ ठाकुर | ११ | बंगलादेश | २०५०/६/१० - १७ |
| १४. मा० उपसभामुख श्री महन्थ ठाकुर | ८ | नर्वे, स्वीडेन, जर्मनी | २०५०/७/१६ - २८ |
| १५. मा० अध्यक्ष श्री वेनीबहादुर कार्की | १६ | चीन | २०५०/१२/२७ - २०५१/१/८ |
| १६. मा० श्री उद्धवदेव भट्ट, मा० श्री नरहरि आचार्य र मा० श्री टंक राई | ३ | पाकिस्तान | २०५०, आश्विन |
| १७. मा० श्रीमती सहाना प्रधान र म० श्रीमती उमा अधिकारी | २ | थाइल्याण्ड | २०५०/३/१९-२५ |
| १८. मा० श्री कृष्णप्रसाद भट्टराई | ८ | सं. रा. अमेरिका | २०५०/९/२७-१०/१४ |
| १९. मा० श्री राजेन्द्रप्रसाद पाण्डे | १ | सं. रा. अमेरिका | २०५०, आश्विन |
| २०. मा० श्री देवीप्रसाद ओझा | ३ | सं. रा.सं. अमेरिका | २०५०, आश्विन |
| २१. सार्वजनिक लेखा समितिका मा० सभापति श्री राधाकृष्ण मैनाली | ६ | बंगलादेश, थाइल्याण्ड र श्रीलंका | २०५०/८/१२-९/७ |
| २२. मा० डा० श्यामलाल तवदार र मा० डा० भरतकुमार प्रधान | २ | थाइल्याण्ड | २०५०/१०/२४-२६ |

## ६२.	विदेशी संसदीय प्रतिनिधिमण्डलद्वारा विदेश भ्रमण

प्रथम प्रतिनिधि सभा अवधिमा निम्नलिखित राष्ट्रका प्रतिनिधि मण्डलहरुले नेपालको भ्रमण गरेका थिए :

| | नेतृत्व गर्ने व्यक्ति | सदस्य संख्या | अवधि |
|---|---|---|---|
| १. | फिनल्याण्डको संसदको परराष्ट्र मामिला सम्बन्धी समितिका अध्यक्ष Hon. Pertti Passio. | १० | २०४८/१०/८-१२ |
| २. | मंगोलियाका संसद (वागा हुराल) का अध्यक्ष तथा उपराष्ट्रपति H.E Mr. Radnaasumberreliin Gonchigdorj. | ४ | २०४८/११/२-६ |
| ३. | बंगलादेशको जातीय संसदका सभामुख Hon. Sheikh Razzak Ali. | १० | २०४९/५/१०-१५ |
| ४. | प्र. ज. ग. कोरियाको सर्वोच्च जनपरिषद्का उपाध्यक्ष H.E. Peak In Jun. | ६ | २०४९/२/१९-२६ |
| ५. | भारतका लोकसभाका सभामुख H.E.Shri Shivraj V. Patil. | १० | २०४९/७/३०-८/४ |
| ६. | जनवादी गणतन्त्र चीनको राष्ट्रिय काँग्रेसको स्थायी समितिका उपाध्यक्ष Mr. Liao Hsansheng. | १४ | २०४९/८/१२-१५ |
| ७. | रुसका उप विदेशमन्त्री श्री जेरोगी एफ. कुञ्जे | - | २०४९/९/९-११ |
| ८. | यूरोपीय संसदका सदस्य तथा दक्षिण एशिया प्रतिनिधिमण्डलकी नेत्री Hon . Ms. Anita Jean Pollack. | ९ | २०५०/६/२३-२५ |
| ९. | जनवादी गणतन्त्र चीनको राजनैतिक परामर्शदाता समितिका अध्यक्ष H.E. Mr. Li Ruihuan. | ३० | २०५०/८/१०-१४ |
| १०. | अष्ट्रेलियाको तल्लो सदन, हाउस अफ कमन्सका उप सभामुख Hon. Harry Jenkins. | ९ | २०५०/८/१८-२४ |
| ११. | जर्मनीका संसद बुण्डेष्ट्यागको गृह मामिला सम्बन्धी संसदीय समितिका उपाध्यक्ष Mr.Wolfgary Lueder-FDP. | ७ | २०५०/८/२७-२८ |
| १२. | यूरोपीय संसदका अध्यक्ष H.E. Dr. Egon Klepsch. | ७ | २०५०/११/१५-१६ |
| १३. | पाकिस्तानको बलुचिस्तान प्रोभिन्सियल एसेम्ब्लीका सभामुख श्री वाहिद वलुच | ३ | २०५०/११/९-१३ |
| १४. | बेलायतको तल्लो सदन हाउस अफ कमन्सका Madam Speaker, Betty Boothroyd. | - | २०५१/५/२७-३० |

## ६३.	सार्क सभामुखहरुको सम्मेलन र बडापत्र अनुमोदन

सार्क सभामुखहरु र सांसदहरुको संगठन (The Association of The SAARC Speaker and Parliamentarians) खडा गर्ने पहलकदमीका लागि २०४९ साल असार १ गते देखि ३ गतेसम्म श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न दक्षिण एसियाली मुलुकका सभामुखहरुको सम्मेलन (SAARC Speaker's Conference) मा मा० सभामुख श्री दमननाथ

ढुंगानाले भाग लिनु भयो । उक्त सम्मेलनले संकल्पित संगठनको बडापत्र तर्जुमा गर्ने र काठमाण्डौंमा सार्क सभामुखहरुको सम्मेलन गरी सो बडापत्रलाई अनुमोदन गर्ने निर्णय गऱ्यो ।

तत्पश्चात्, सन् १९९२ को अगष्टमा ढाकामा सार्क मुलुकको संसदका महासचिवहरुको बैठक बस्यो । यो बैठकले सार्क मुलुकका सभामुख र सांसदहरुको संगठनको बडापत्रको मस्यौदा उपर छलफल र सुधार गऱ्यो ।

सन् १९९२ को नोभेम्बर १५ र १६ का दिन काठमाण्डौंमा सार्क सभामुखहरुको सम्मेलन भयो । सम्मेलनले बडापत्र उपर छलफल र परिमार्जन गरी अनुमोदन गऱ्यो ।

नोभेम्बर १६, १९९२ का दिन संसद भवन, सिंहदरबारमा आयोजित विशेष समाहरोहमा सार्क मुलुकका संसदका सभामुख र संसदहरुको संगठनको बडापत्रमा बंगलादेशको जातीय संसदका सभामुख श्री शेख रजाक अली, भूटानका राष्ट्रिय सभाका सभामुख दासो पासाङ दोर्जे, भारतको लोकसभाका सभामुख श्री शिवराज भी. पाटिल, माल्दिभ्सका सासंद (सिटिजन मजलीस) को तर्फबाट श्री आदम हालीम, नेपालको प्रतिनिधि सभाका सभामुख श्री दमननाथ ढुंगाना, पाकिस्तानको राष्ट्रिय सभाका सभामुख श्री गोहार अयुव खाँ र श्रीलंकाको संसदका सभामुख श्री एम.एच.मोहम्मदले हस्ताक्षर गर्नुभएको थियो ।

उक्त बडापत्रमा १० वटा धारा छन् र बडापत्रले सभामुखहरुको परिषद् (SAARC Speaker's Council), साधारणसभा (General Assembly) र सचिवालय (Secretariat) गरी ३ वटा अंगको व्यवस्था गरेको छ ।

सन् १९९४ को जनवरी २८ र २९ मा ढाकामा सम्पन्न सार्क सभामुखहरुको परिषद्को प्रथम बैठकमा मा० सभामुख श्री दमननाथ ढुंगाना सहभागी हुनुभयो । उक्त बैठकले १९९३ को नोभेम्बर ४ र ५ का दिन नयाँ दिल्लीमा संसदका महासचिवहरुद्वारा मस्यौदा गरिएको सार्क सभामुखहरु र सांसदहरुको संगठनको नियमावली उपर छलफल एवं सुधार गरी अनुमोदन गर्‍यो । साथै बैठकले संगठनको साधारणसभा (General Assembly) को आगामी अधिवेशन पाकिस्तानमा बस्ने पनि निर्णय गऱ्यो ।

## ६४. स्वागत तथा परिचयात्मक कार्यक्रम, छलफल, गोष्ठी र सेमिनार

१. प्रतिनिधि सभामा नवनिर्वाचित मा० सदस्यहरुको लागि संसदको कार्य प्रणाली र सदस्यहरुको सुविधा सम्बन्धी जानाकारी गराउने उद्देश्यले २०४८ साल ज्येष्ठ २९ र ३० गते दुई दिने स्वागत तथा परिचयात्मक कार्यक्रम संचालन गरियो । मा० प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाद्वारा उद्घाटित यस

कार्यक्रममा राष्ट्रिय सभाका लागि सदस्य छान्ने सम्बन्धमा एकल संक्रमणिय मत प्रणलीद्वारा गरिने निर्वाचन सम्बन्धी नमूना प्रदर्शन गरिएको थियो ।

२. यसैगरी सांसदहरुलाई जानाकारी गराउने उद्देश्यले २०४८ साल आषाढ १८ गते बजेटको कार्य प्रणाली सम्बन्धी एकदिने परिचयात्मक कार्यक्रमको आयोजना गरियो ।

३. संसदीय कार्यविधिका सम्बन्धमा जानकारी दिन २०४९ साल आषाढ १५ र १६ गते संसद, राजनीतिक दल र समझदारी अभ्यास कार्यविधि सिंहावलोकनबारे संसदको दुबै सदनका मा० सदस्यहरुको विचार गोष्ठीको आयोजना गरियो ।

४. २०४९ साल आषाढ २३ र २४ गते सरकारी संचार माध्यमका प्रमुखहरुसँग संसदीय गतिविधि (सदनको कारवाहीको विवरण) प्रकाशन र प्रसारण गर्ने सम्बन्धमा छलफल भयो । छलफलमा संसदका पदाधिकारी तथा सांसदहरु र सरकारी सञ्चार माध्यमका प्रतिनिधिहरु सहभागी हुनुहुन्थ्यो ।

५. २०४९ साल आश्विन ६ गते सांसदहरुको सहभागिता रहेको “चुनाव क्षेत्र : जनप्रतिनिधिको दायित्व” विषयक विचार गोष्ठी सम्पन्न भयो । गोष्ठीको सभापतित्व मा० सभामुख श्री दमननाथ ढुङ्गानाले गर्नु भएको थियो ।

६. संसदका गतिविधिको समीक्षा गर्ने कार्यलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउने सम्बन्धमा मा० सभामुख श्री दमननाथ ढुंगानाको समुपस्थितिमा २०४९ साल माघ २८ गते बुधबार वरिष्ठ पत्रकारहरुसँग विचार विमर्श भएको थियो ।

७. मा० सभामुख श्री दमननाथ ढुंगानाको आतिथ्यमा २०४९ साल फागुन १ गते संसदीय गतिविधि रिपोर्टिङ्ग सम्बन्धी परिचयात्मक गोष्ठीको आयोजना गरिएको थियो । यस कार्यक्रममा संसदका पदाधिकारीहरु, मन्त्रीहरु, सांसदहरु लगायत सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यम र निजी क्षेत्रका पत्रिकाहरुका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

८. २०४९ साल माघ २५ गते संसदीय समिति प्रणाली (Parliamentary Committee System) विषयक छलफल कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा दुवै सदनका सांसदहरुको सहभागिता थियो ।

९. २०५० साल ज्येष्ठ २२ गते "Role Of Parliamentarians in a Democracy" विषयक Colloquim सम्पन्न भयो । कार्यक्रमको सभापतित्व मा० श्री तारानाथ रानाभाटले गर्नुभएको थियो र कार्यक्रममा मा० सभामुख, मा० विपक्षी दलका नेता मा० श्री भीमबहादुर श्रेष्ठ मा० श्री जेम्स वोङ वेङ वन (मलेसिया), मा० श्री चन्द्रप्रकाश मैनाली, मा० श्री पशुपतिशम्शेर ज.ब.रा.,

मा० श्री भक्तचरण दास (भारत), मा० श्री कमलप्रसाद चौलागाई, मा० श्री मधु डण्डवते (भारत), मा० श्री नारायणमान विजुक्छे र मा० श्री गजेन्द्रनारायण सिंह सहभागी हुनुहुन्थ्यो ।

१०. २०५० साल आषाढ १६ गते राष्ट्रिय सभाका पदावधि समाप्त भएका मा० सदस्यहरुको लागि बिदाई तथा नवआगन्तुक मा० सदस्यहरुको लागि स्वागत कार्यक्रमको आयोजना गरियो । सो अवसरमा संसदको दुबै सभाका अधिकांश मा० सदस्यहरुको उपस्थिति थियो ।

११. २०५० साल भाद्र १० गते मा० सभामुखको सभापतित्वमा भएको भूकम्प पीडित क्षेत्रमा भैरहेको राहत कार्य बारेमा छलफल कार्यक्रममा मा० गृहमन्त्री श्री शेरबहादुर देउवाले भूकम्प पीडित क्षेत्रमा भैरहेको राहत कार्यबारे जानाकारी गराउनु भयो ।

१२. २०५० साल मंसीर १४ गते एशिया फाउन्डेशनका उपसभापति श्री वासेट वारोन र मा० सांसदहरु श्री तारानाथ रानाभाट, श्री कमलप्रसाद चौलागाईं, श्रीमती सहाना प्रधान र श्रीमती सुशीला शर्माबीच संसदीय कार्यक्रमका बारेमा छलफल भयो ।

१३. २०५० साल पौष १३ गते "European Intigration and Its Impact on Tourism Sector" विषयमा छलफल कार्यक्रम सम्पन्न भयो । संसदको दुवै सदनका मा. सदस्यहरुको सहभागिता रहेको यस कार्यक्रममा प्रमुख वक्ताको रुपमा यूरोपीयन संसदका सदस्य श्री मेनुअल कार्लोस लोपेज पोर्टे हुनुहुन्थ्यो ।

१४. जनसंख्या तथा सामाजिक समितिको तत्वावधानमा २०५० साल चैत्र १२ र १३ गते दुवै सभाका मा. सदस्यहरुको सहभागिता रहेको “जनसंख्या तथा विकास” विषयक दुई दिने विचार गोष्ठीको आयोजना गरिएको थियो ।

१५. २०५१ साल ज्येष्ठ १६ गतेदेखि १९ गतेसम्म Nepal - US Legislative Exchange Workshop को आयोजना गरियो । यस कार्य कार्यशाला गोष्ठीमा संसद्को दुवै सदनका मा. सदस्यहरुको उपस्थिति थियो ।

१६. २०५१ साल असार १३ गते Speaker's Forum को तत्वावधानमा संसदीय कार्य प्रणाली (Parliamentary Practice) विषयक दुई दिने गोष्ठीको आयोजना गरियो । गोष्ठिको उद्घाटन राष्ट्रिय सभाका मा. अध्यक्ष श्री वेनीबहादुर कार्कीले गर्नुभएको थियो ।

## ६५. पुस्तकालय र प्रकाशन

संसदको पुस्तकालयमा हाल अंग्रेजी, नेपाली, हिन्दी र अन्य भाषाका गरी १०,००० (दश हजार) भन्दा बढी पुस्तकहरु छन् । जसमा राजनीतिशास्त्र, संविधान, कानून, इतिहास, भूगोल र साहित्य मुख्य विषय रहेका छन् । यस्तै सदनहरुमा पेश भएका प्रश्न, दैनिक कार्यसूची, बैठकको संक्षिप्त र सम्पूर्ण विवरणहरु, कार्यवृत्त, सन्धि-सम्झौताहरु, विभिन्न प्रतिवेदनहरु आदि र स्वदेशी तथा विदेशी जर्नल (Journal) एवं पत्र-पत्रिकाहरुको स्थान पनि उल्लेखनिय रहेको छ ।

साथै २०४८ साल आषाढ देखि २०५१ साल आषाढ मसान्तसम्मको अविधिमा सम्पन्न मुख्य मुख्य कार्यहरुको विवरण संक्षिप्तरुपमा समावेश गरी तयार पारिएको पुस्तिका "संसदीय विवरण" र "संसद (समाचार र विचार)" त्रैमासिक पत्रिकाको पहिलो र दोस्रो अंक एवं विभिन्न अधिवेशनहरुमा पारित विधेयकहरुको संग्रह प्रकाशित गरी पुस्तकालयमा राखिएका छन् ।

## ६६. प्रतिनिधि सभा विघटन

मा. श्री तारिणीदत्त चटौत (ने.कां.) प्रस्ताव र मा. श्री तारानाथ रानाभाट (ने.कां.) समर्थक भै प्रस्तुत गरिएको धन्यवादको प्रस्ताव प्रतिनिधि सभाको मिति २०५१ साल आषाढ २६ गतेको बैठकमा निर्णयार्थ प्रस्तुत गरिंदा प्रस्तावको पक्षमा ७४ मत र प्रस्तावको विपक्षमा ८६ मत परी उक्त धन्यवादको प्रस्ताव अस्वीकृत भएपछि मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुका साथै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उप-धारा (४) बमोजिम प्रतिनिधि सभा विघटनको लागि श्री ५ मा सिफारिश चढाउनुभयो ।

श्री ५ महाराजाधिराजबाट उक्त राजीनामा २०५१ साल आषाढ २६ गते नै स्वीकृत गरिबक्सी मिति २०५१ साल आषाढ २७ गते प्रतिनिधि सभा विघटन गरिबक्स्यो ।

## ६७. संसद सचिवालय एक चिनारी

**(१) परिचय :**

२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनबाट नेपाल अन्तरिम शासन विधान जारी गरी बक्स्यो । यसले नेपालमा व्यवस्थापिकाको रुपमा एक "सल्लाहकार सभा" को व्यवस्था गर्‍यो र यस सभाको निम्ती एक छुट्टै सचिवालयको

आवश्यकता महसुस गरी सल्लाहकार सभा सचिवालयको स्थापना गरियो । यो सचिवालय नै संसद सचिवालयको प्रारम्भिक रुप थियो ।

२०१५ सालमा नेपाल अधिराज्यको संविधान जारी भएपछि सल्लाहकार सभाको स्थान संसदले लियो । अनि सल्लाहकार सभा सचिवालयलाई संसद सचिवालय भनी नामाकरण गरियो । संसद सचिवालय अर्न्तगत प्रतिनिधि सभा सचिवालय र महासभा सचिवालय नामका दुईवटा सचिवालय खडा गरिए ।

२०१९ सालमा नेपालको संविधान जारी भएपछि व्यवस्थापिकाको रुपमा राष्ट्रिय पञ्चायत काम भयो । त्यसपछि संसद सचिवालयको नाम पति राष्ट्रिय पञ्चायत सचिवालयमा परिणत भयो ।

२०४६ सालको नेपालको ऐतिहासिक जनआन्दोलनको फलस्वरुप देशमा बहुदलीय शासन व्यवस्था पुनःस्थापना भयो । २०४७ साल वैशाख ३ गतेको शाही घोषणाद्वारा राष्ट्रिय पञ्चायत विघटन भएपछि मन्त्रिपरिषद्को २०४७ साल भाद्र ७ गतेको निर्णयानुसार राष्ट्रिय पञ्चायत सचिवालयको नाम व्यवस्थापिका सचिवालयमा परिवर्तन गरियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपश्चात् सो संविधानको धारा ६६ ले गरेको व्यवस्था अनुसार व्यवस्थापिका सचिवालयलाई संसद सचिवालयमा परिणत गरियो ।

यसैगरी संसद सचिवालयको श्री ५ को सरकारसँगको सम्पर्क मन्त्रालय पनि समय-समयका फरक-फरक रहेको छ । सुरुमा कानून मन्त्रालय, त्यसपछि राष्ट्रिय निर्देशन मन्त्रालय र २०२१ सालदेखि पञ्चायत मन्त्रालय, अनि पञ्चायत तथा स्थानीय विकास मन्त्रालय भएको र राष्ट्रिय पञ्चायत विघटन भएपछि मन्त्रिपरिषद् सचिवालय सम्पर्क मन्त्रालयको रुपमा रहेका थिए ।

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भए पश्चात कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय संसद सचिवालयको सम्पर्क मन्त्रालयको रुपमा रहेको छ । साथै सचिवालयमा कार्यरत कर्मचारीहरुको सेवा पनि शुरुमा नेपाल संसद सेवा, त्यसपछि नेपाल राष्ट्रिय पञ्चायत सेवा, राष्ट्रिय पञ्चायतको विघटन पश्चात् नेपाल विविध सेवा (पछि उपयुक्त सेवामा मिलान गर्ने गरी) र नेपाल अधिराज्यको संविधान २०४७ जारी भए पश्चात् संसद सेवामा परिणत भएको छ र यो सेवा नेपाल निजामती सेवा ऐन, २०४९ को दफा ३ को खण्ड (झ) मा व्यवस्था गरिएको छ ।

(२) **स्वीकृत दरवन्दी र संगठन तालिका :**

संसद सचिवालयको लागि स्वीकृत कर्मचारी दरवन्दी ३१२ जना रहेको छ । जसमा राजपत्रांकित ११२ र राजपत्र अनंकित कर्मचारीहरुको संख्या २०० छ । सचिवालयको स्वीकृत दरवन्दी र संगठन तालिका क्रमशः परिशष्ट ८ र ९ मा दिइएको छ ।

**महाशाखा, शाखा, निजी सचिवालय र संसदीय दलका कार्यालयहरुः**

कार्य प्रकृतिको आधारमा संसद सचिवालयको संगठनात्मक संरचना निम्नानुसार रहेको छः

महाशाखा र सो अन्तर्गत पर्ने शाखाहरुः-

| | |
|---|---|
| १. कानून महाशाखा - | १. कानूनी परामर्श शाखा<br>२. विधेयक शाखा |
| २. प्रशासन महाशाखा - | १. कर्मचारी प्रशासन शाखा<br>(जनशक्ति विकास तथा तालिम शाखा)<br>२. लेखा शाखा<br>३. सांसद सुविधा व्यवस्था शाखा<br>४. आन्तरिक प्रशासन शाखा |
| ३. व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा) | १. कार्य व्यवस्था शाखा<br>२. प्रश्न शाखा<br>३. सम्पूर्ण विवरण शाखा |
| ४.समिति महाशाखा (प्रतिनिधि सभा) | १. अर्थ समिति शाखा<br>२. सार्वजनिक लेखा समिति शाखा<br>३. परराष्ट्र तथा मानव अधिकार समिति शाखा<br>४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण शाखा<br>५. जनसंख्या तथा सामाजिक समिति शाखा<br>६. राज्य व्यवस्था समिति शाखा<br>७. विकास तथा सञ्चार समिति शाखा |
| ५. व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा) | १. कार्यवयवस्था शाखा<br>२. प्रश्न शाखा<br>३. सम्पूर्ण विवरण शाखा |
| ६. समिति महाशाखा (राष्ट्रिय सभा) | १. दुर्गम क्षेत्र समिति शाखा<br>२. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति शाखा<br>३. विशेष समिति शाखा |
| ७. संसदीय सूचना महाशाखा | १. प्रेस तथा जनसम्पर्क शाखा<br>२. वैदेशिक सम्बन्ध शाखा<br>३. प्रकाशन शाखा |

४. अनुसन्धान तथा पुस्तकालय शाखा
५. कम्प्युटर शाखा

८. मर्यादापालन महाशाखा
१. सामान्य सुरक्षा शाखा
२. बैठक व्यवस्था शाखा

९. सत्तारुढ दलको संसदीय कार्यालय तथा माननीय मुख्य सचेतकको निजी सचिवालय

१०. विपक्षी दलको संसदीय कार्यालय तथा प्रतिनिधि सभामा विपक्षी दलको नेताको निजी सचिवालय

११. संसदमा प्रतिनिधित्व गर्ने मान्यता प्राप्त राजनैतिक दलहरुको संसदीय कार्यालय

१२. माननीय प्रधानमन्त्रीको निजी सचिवालय

१३. माननीय सभामुखको निजी सचिवालय

१४. माननीय अध्यक्षको निजी सचिवालय

१५. माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रीको निजी सचिवालय

१६. माननीय राष्ट्रिय सभाका सत्ता पक्षका नेताको निजी सचिवालय

१७. माननीय राष्ट्रिय सभाका विपक्षी दलको नेताको निजी सचिवालय

१८. माननीय उप-सभामुखको निजी सचिवालय

१९. माननीय उपाध्यक्षको निजी सचिवालय ।

# परिशिष्ट - १

## जरुरी सार्वजनिक महत्वका प्रस्तावहरु

### प्रथम अधिवेशन

| क.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | आषाढ २३ गते अर्घाखाँची जिल्लामा घटित घटना । | मा. श्री के.पी. शर्मा (ओली) (ने.क.पा. एमाले) | २०४८।३।२७ | २७ | गृह मन्त्री |
| २ | निजामती कर्मचारी संगठनले सञ्चालन गरेको कर्मचारी आन्दोलन । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४८।४।८ | ३२ | गृह मन्त्री |
| ३ | रोतहट जिल्ला दिन प्रतिदिन अशान्त र भयग्रस्त भएको । | मा. श्री भीमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४८।४।१२ | १२ | गृह मन्त्री |
| ४ | कोशी कटान क्षेत्रमा विशेष खतराको स्थिति उत्पन्न भएको । | मा. श्री पशुपति शम्शेर ज.व.रा. (रा.प्र.पा. (चन्द) | २०४८।४।१५ | ६ | जलस्रोत मन्त्री |
| ५ | रासायनिक मलको भाउमा बृद्धि गरेको समाचारले सम्पूर्ण किसानहरुलाई स्तब्ध पारेको । | मा. श्री बालकृष्ण खांण (ने.कां.) | २०४८।४।२० | ३४ | कृषि मन्त्री |
| ६ | खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारको गोलीकाण्ड को छानविन गर्न न्यायिक आयोग गठन गरियोस् । | मा. श्री टंक राई (ने.क.पा. एमाले) | २०४८।४।२४ | ३६ | गृह मन्त्री |
| ७ | खडेरीबाट उत्पन्न हुन सक्ने विकराल परिस्थितिबाट जनतालाई राहत दिन कार्यक्रम संचालन गरियोस् । | मा. श्री पशुपति शम्शेर ज.ब.रा. (रा.प्र.पा. (चन्द) | २०४८।४।२९ | २६ | आपूर्ति मन्त्री |
| ८ | खाद्य वस्तुहरुको अनियन्त्रित मूल्य बृद्धिले सर्वसाधारण जनतालाई ठुलो मार परेको । | मा. श्री भिमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४८४।३१ | २६ | आपूर्ति मन्त्री |

| क.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| ९ | प्रत्येक निर्वाचन क्षेत्रमा सम्बन्धित निर्वाचन क्षेत्रको प्रतिनिधि सभाको सदस्यको अध्यक्षतामा विकास बोर्ड गठन गरियोस् । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४८।५।४ | ११ | स्थानीय विकास मन्त्री |
| १० | शान्ति सुरक्षाको अभावले जनजीवनमा असुरक्षाको भावना रहेको | मा. श्री द्रोणप्रसाद आचार्य (ने.क.पा. एमाले) | २०४८।५।१३ | ११ | गृह मन्त्री |
| ११ | नागरिकतासम्बन्धी समस्यालाई न्यायसंगत आधारमा यथाशीघ्र टुंग्याइयोस् । | मा. श्री वसन्तकुमार गुरुङ (ने.क.पा. एमाले) | २०४८।६।२ | १२ | गृह मन्त्री |

## द्वितीय अधिवेशन

| क.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याउनु पर्ने । | मा. श्री के.पी.शर्मा (ओली) (ने.क.पा. एमाले) | २०४८।११।१३ | ३१ | गृह मन्त्री |
| २ | खाद्यान्न लगायतका आवश्यक वस्तुहरुको मूल्यबृद्धि र अभाव भएको । | मा. श्री कृष्णगोपाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०४८।११।२६ | २३ | आपूर्ति राज्यमन्त्री |

## तृतीय अधिवेशन

| क.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | खडेरी समेतको कारणबाट देशमा खाद्यान्न समस्या उत्पन्न भएको । | मा. श्री जागृतप्रसाद भेटवाल (ने.क.पा. एमाले) | २०४९।४।१४ | १८ | वाणिज्य तथा आपूर्ति राज्यमन्त्री |

| क्र.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| २ | मानव अधिकार तथा मौलिक हकहरुको उल्लंघन भएको । | मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | २०४९।४।२० | १४ | गृह मन्त्री |
| ३ | विकास योजनाको तर्जुमा जस्ता सरकारी कार्यवाहीको सन्दर्भमा सांसद्हरुको भूमिका र कार्यक्षेत्र किटान गरियोस्। | मा. श्री कमलप्रसाद चौलागाई (सं.ज.मो. नेपाल) | २०४९।४।२५ | १४ | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्री |
| ४ | श्री ५ को सरकारको खुल्ला वाणिज्य नीति र चालू आर्थिक वर्षको भन्सार दरबन्दीले गर्दा उद्योगहरु बन्द हुने स्थिति भएको । | मा. श्री पशुपतिशम्शेर ज.ब.रा. (रा.प.पा. चन्द) | २०४९।४।२८ | ५ | अर्थ राज्यमन्त्री |
| ५ | देशमा दिन प्रतिदिन बढदो महंगीलाई नियन्त्रण गर्न श्री ५ को सरकारले ठोस कदम चालोस् । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४९।५।७ | १२ | अर्थ राज्यमन्त्री |
| ६ | कमैयाहरुलाई ऋण मुक्त गरी उनीहरुको बसोबास र रोजगारको व्यवस्था गरियोस् । | मा. श्री केशवप्रसाद बडाल (ने.क.पा. एमाले) | २०४९।५।१० | ११ | भुमिसुधार तथा व्यवस्था मन्त्री |
| ७ | औद्योगिक नीति, २०४९ ले राष्ट्रिय उद्यमको प्रवर्द्धन गर्न नसक्ने भएकोले परिवर्तन गरियोस् । | मा. श्री राजेन्द्रप्रसाद पाण्डे (ने.क.पा. एमाले) | २०४९।५।१३ | ११ | उद्योग तथा श्रम राज्यमन्त्री |
| ८ | सगरमाथाको क्याङ्दी चुचुरोमा मौसममापन संयन्त्र राख्न दिइएको कारणबाट गम्भीर प्रश्न खडा भएको । | मा. श्री अमिक शेरचन (सं.ज.मो. नेपाल) | २०४९।५।२२ | ५ | पर्यटन मन्त्री |
| ९ | रासायनिक मल खरीद गर्दा धरौटी राख्नु पर्ने व्यवस्थाले किसानहरुलाई मर्का परेको । | मा. श्री अशोककुमार राई (ने.क.पा. एमाले) | २०४९।५।२३ | १४ | कृषि मन्त्री |
| १० | २०४८ चैत्र २४ गते काठमाडौं लगायत देशका विभिन्न भागमा घटेका घटनाहरु सम्बन्धी । | मा. श्री लीलामणि पोखरेल (सं.ज.मो. नेपाल) | २०४९।५।२६ | १४ | गृह मन्त्री |
| ११ | गाउँ विकास समितिहरुको लागि आवश्यक खर्चको व्यवस्था गरियोस् । | मा. श्री हर्कमान तामाङ्ग (ने.क.पा. एमाले) | २०४९।५।२७ | १७ | स्थानीय विकास मन्त्री |

## चौंथो अधिवेशन

| क.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | सर्वसाधारण जनताले धान्नै नसक्ने गरी उपभोग्य वस्तुहरुको मूल्य बृद्धि भैरहेको | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४९।११।१३ | १५ | अर्थ राज्यमन्त्री |
| २ | विद्युत संकटको सन्दर्भमा औद्योगिक तथा कृषि विकास अवरुद्ध हुने र विद्युत ग्राहकहरुलाई असुविधा भएको | मा. डा. प्रकाशचन्द्र लोहनी (रा.प्र.पा. (चन्द) | २०४९।११।१५ | ११ | जलस्रोत राज्यमन्त्री |
| ३ | शान्ति सुरक्षको स्थितिमा सुधार ल्याउन ठोस् कदम चालियोस् | मा. श्री के.पी. (शर्मा) ओली (ने.क.पा. एमाले) | २०४९।११।२० | २३ | गृह मन्त्री |
| ४ | गत फल्गुण २२ गते चार वामपन्थी समूहको आयोजनामा भएको शान्तिपूर्ण धर्ना कार्यक्रममा श्री ५ को सरकारबाट अनावश्यक बल प्रयोग गरिएको | मा. श्री के.पी. (शर्मा) ओली (ने.क.पा. एमाले) | २०४९।११।२६ | ३१ | गृह मन्त्री |
| ५ | सुकुम्वासी समस्या समाधान गरियोस् | मा. श्री द्रोणप्रसाद आचार्य (ने.क.पा. एमाले) | २०४९।१२।१० | २२ | आवास तथा भौतिक योजना मन्त्री |

## पाँचौं अधिवेशन

| क्र.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | बाढी पहिरो पीडित जनतालाई रहत पऱ्याइयोस् | मा. डा. प्रकाशचन्द्र लोहनी ( रा.प्र.पा) | २०५०।४।१४ | १७ | गृह मन्त्री |
| २ | शिक्षक छनौटमा अनियमितता भएको । | मा. श्री हृदयश त्रिपाठी ( ने.स.पा.) | २०५०।४।२८ | १७ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ३ | अनावश्यक रुपमा लगाइएका सार्वजनिक मुद्दाहरु फिर्ता लिइयोस् । | मा. श्री कमलप्रसाद चौलागाई (सं.ज.मो. नेपाल) | २०५०।५।१० | ११ | गृह मन्त्री |
| ४ | कृषकहरुलाई उत्पादनको उचित मूल्य दिलाई प्रोत्साहित गरियोस् । | मा. श्री भीमबहादुर श्रेष्ठ ( स्वतन्त्र) | २०५०।५।२१ | ७ | कृषि मन्त्री |
| ५ | पोलिथिन पाइपको बोलपत्र आव्हान सम्बन्धी । | मा. श्रीमती सहाना प्रधान (ने.क.पा. एमाले) | २०५०।।५।२३ | ८ | आवास तथा भौतिक योजना मन्त्री |
| ६ | समयमै सतर्कता नअपनाइएकोले गत श्रावण ५ र ६ गतेको बाढीले जनधनको बढी क्षति पुऱ्याएको भन्ने आशंकाको सम्बन्धमा तथ्य पत्ता लगाउन संसदीय जाँच आयोग गठन गरियोस् । | मा. श्री पशुपतिशम्शेर ज.ब.रा. (रा.प्र.पा.) | २०५०।५।२८ | ७ | जलस्रोत राज्यमन्त्री |

## छैठौं अधिवेशन

| क्र.सं. | प्रस्तावको विषय | प्रस्तावक सदस्य | छलफल भएको मिति | छलफलमा भाग लिने सदस्य संख्या | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|---|
| १ | गत श्रावण महीनामा आएको बाढीद्वारा पीडित परिवारलाई बसोबास र खेती गर्ने जमीनको व्यवस्था गरियोस् । | मा. श्री जागृतप्रसाद भेटवाल (ने.क.पा. एमाले) | २०५०।१२।२ | १६ | आवास तथा भौतिक योजना मन्त्री |
| २ | सहकारी क्षेत्रको सम्पत्ति र दायित्वलाई बिना अधिकार सरकारीकरण गरिएको । | मा. श्री राधाकृष्ण मेनाली (ने.क.पा. एमाले) | २०५०।१२।७ | १ | कृषि मन्त्री |
| ३ | विद्युत महसुल बृद्धिले खुल्न लागेका उद्योगधन्दा र न्यून आय भएका जनतालाई असर पारेको । | मा. श्री कमानसिंह लामा (सं.ज.मो.ने.) | २०५०।१२।१० | ९ | जलस्रोत राज्यमन्त्री |
| ४ | अरुण तेश्रो जलविद्युत परियोजनाका विविध पक्षहरुमा छलफल गरियोस् | मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | २०५०।१२।१५ | ११ | जलस्रोत राज्यमन्त्री |
| ५ | किसानहरुलाई राहत दिन र कृषि पेशालाई प्रोत्साहन गर्न विशेष कार्यक्रम संचालन गरियोस् । | मा. श्री पशुपति शम्शेर ज.ब.रा. (रा.प्र.पा.) | २०५०।१२।२१ | ११ | कृषि मन्त्री |
| ६ | भारतका जल-संशाधन मन्त्रीको नेपाल आगमनको समयमा अनुमोदन भई नसकेको टनकपुर सन्धिलाई कार्यान्वयन गर्न थप सन्धिहरु भएका । | मा. डा. प्रकाशचन्द्र लोहनी (रा.प्र.पा.) | २०५०।१२।२६ | १० | जलस्रोत राज्यमन्त्री |

# परिशिष्ट - २

## ध्यानाकर्षणहरु

### प्रथम अधिवेशन

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | अपराधी विकास गुरुङ भागेको | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४८।३।१६ | गृह मन्त्री |
| २ | देशका विभिन्न भागको शान्ति सुरक्षाको स्थिति | मा. श्री अमृतकुमार वोहरा (ने.क.पा. एमाले) | २०४८।३।१६ | गृह मन्त्री |
| ३ | नेपाल निजामती कर्मचारी संगठनले विभिन्न मांगहरु राखी आन्दोलनमा उत्रिएको | मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | २०४८।३।२७ | सामान्य प्रशासन मन्त्री |
| ४ | इलाममा सामाजिक असुरक्षा भएको | मा. श्री मणिकुमार लिम्बु (ने.क.पा. एमाले) | २०४८।४।५ | गृह मन्त्री |
| ५ | बस व्यवस्था नराम्रो भएबाट जनताले भोग्नुपरेको कठिनाई | मा. श्री नारायणमान विजुक्छे (स्वतन्त्र) | २०४८।४।५ | निर्माण तथा यातायात मन्त्री |
| ६ | नवलपरासी जिल्लाको नारायणी गाउँ विकास समिति समेतमा नारायणी नदीको वाढीले जनता भयभीत भएको | मा. श्री मझिलाल थारु थनेत (ने.क.पा. एमाले) | २०४८।४।६ | आवस तथा भौतिक योजना |
| ७ | पश्चिमाञ्चलका दुर्गम पहाडी क्षेत्रमा देखिएको खाद्यान्न अभाव र महंगीले जनता पीडित भएको | मा. श्री रुद्रमणि भण्डारी शर्मा (ने.कां.) | २०४८।४।६ | आपूर्ति मन्त्री |
| ८ | उदयपुर जिल्लाको हडिया मुसहरनिया खोलामा आएको बाढीले नोक्सान पुऱ्याएको | मा. श्री लक्ष्मीनारायण चौधरी (ने.क.पा. एमाले) | २०४८।४।७ | जलस्रोत मन्त्री |
| ९ | नेपाल ब्याट्री कारखाना गैरकानूनी रुपमा तालाबन्दी गरिएको | मा. श्री लिलामणी पोखरेल (सं.ज.मो.ने.) | २०४८।४।७ | उद्योग मन्त्री |
| १० | बनेपा नगरपालिका वडा नं. २ निवासी वासुदेव मुस्याजुको हत्यारा पत्ता नलागेको | मा. श्री केशवप्रसाद बडाल (ने.क.पा. एमाले) | २०४८।४।८ | गृह मन्त्री |
| ११ | ताम्लेजुङ्ग जिल्लामा आतंक बढी रहेको | मा. श्री कुलप्रसाद उप्रेती (ने.क.पा. एमाले) | २०४८।४।९ | गृह मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १२ | दोलखा जिल्लाको पवटी गाउँ विकस समिति वडा नं. ४ का जगन्नाथ उप्रेती र निजको परिवारमाथि सशस्त्र हमला भएको | मा. श्री लक्ष्मण प्रसाद घिमिरे (ने.कां.) | २०४८।४।९ | गृह मन्त्री |
| १३ | चितवन खगेरी नहरको मर्मतमा राम्रो ध्यान नपुगेको | मा. श्री भीमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४८।४।१० | जलस्रोत मन्त्री |
| १४ | चितवन जिल्लाको पूर्वी राप्ती सिंचाइ आयोजनाको निर्माण कार्यमा ढीलासुस्ति भएको | मा. श्री जागृतप्रसाद भेटवाल (ने.क.पा. एमाले) | २०४८।४।१३ | जलस्रोत मन्त्री |
| १५ | सिराहा जिल्लाको गोतारी गाउँ विकास समिति समेतमा वाढीले क्षति पुऱ्याएको | मा.श्री विष्णुबहादुर तामाङ (स.ज.मो.) | २०४८।४।१३ | जलस्रोत मन्त्री |
| १६ | सुनसरी जिल्लाको नरसिंह गा.वि.स समेतमा चोरी, डकैती र हत्या भएको | मा. श्री विजयकुमार गच्छदार (ने.कां.) | २०४८।४।१४ | गृह मन्त्री |
| १७ | सुदूर पश्चिमाञ्चलका विभिन्न जिल्लाहरुमा झाडा पखालाको महामारी फैलिएको | मा. श्री भक्तबहादुर बलायर (ने.कां.) | २०४८।४।१५ | स्वास्थ्य मन्त्री |
| १८ | पंचायत कालमा झुठो अभियोग लगाइ निष्काशन गरिएका मोरङ जिल्लाका शिक्षकहरुलाई पुनर्वहाली गरियोस् | मा. श्री हर्कमान तामाङ्ग (ने.क.पा. एमाले) | २०४८।४।१६ | शिक्षा तथा संस्कृति मन्त्री |
| १९ | उदयपुर जिल्लाका विभिन्न ठाउँमा हात्ती लगाइ घर भत्काइएको | मा. श्री विष्णुबहादुर राउत (ने.क.पा. एमाले) | २०४८।४।१७ | वन तथा भू-संरक्षण मन्त्री |
| २० | बुस्ती - रामेछाप सडक र खिम्ती - ठोसे - बाम्ती सडक निर्माण गर्ने | मा. श्री लक्ष्मणप्रसाद घिमिरे (ने.का.) | २०४८।४।१७ | निर्माण तथा यातायात मन्त्री |
| २१ | मकवानपुर जिल्ला मनहरी गाउँ विकास समितिका पिछडिएका जनजातिलाई वन आरक्षका कर्मचारीहरुले माछा मार्नसमेत नदिएको | मा. श्री विरोध खतिवडा (ने.क.पा. एमाले) | २०४८।४।१९ | वन तथा भू-संरक्षण मन्त्री |

| क.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| २२ | दाङ तुलसीपुर वजारमा नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्यालयका इन्चार्च समेतमाथि आक्रमण भएको | मा. श्री शिवराज गौतम (ने.क.पा. एमाले) | २०४८।४।१९ | गृह मन्त्री |
| २३ | रारा राष्ट्रिय निकुन्जका भालु र बंदेलले आसपासका अठार गा.वि.स. मा बालीनाली नोक्सान पुऱ्याएको | मा. श्री हस्तबहादुर मल्ल (ने.कां.) | २०४८।४।२० | वन तथा भू-संरक्षण मन्त्री |
| २४ | चितवन राष्ट्रिय निकुन्जभित्र जग्गा पारिएबाट बाह्रवटा गाउँ विकास समितिका जनताहरु नराम्रोसंग प्रभावित भएको | मा. श्री भिमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४८।४।२० | वन तथा भू-संरक्षण मन्त्री |
| २५ | दैवी प्रकोपमा परी मर्कामा परेका परिवारहरुलाई जिल्ला कार्यालयबाट दिइने गरिएको अनुदान न्यून भएको | मा. श्री रुदमणि भण्डारी शर्मा (ने.कां.) | २०४८।४।२१ | गृह मन्त्री |
| २६ | दोलखा जिल्लाको पवटी गा.वि.स. मा २०४८ आषाढ १९ गते घटनाको छानविनको सिलसिलामा प्रहरी हिरासत मै एकजनाको ज्यान गएको | मा. श्री इन्द्रबहादुर खड्का (ने.क.पा. एमाले) | २०४८।४।२२ | गृह मन्त्री |
| २७ | थान्काको मुल्यमा हस्तकला संघले दश प्रतिशत चन्दा लिने गरेको | मा. श्री अमिक शेरचन (सं.ज.मो.ने.) | २०४८।४।२३ | उद्योग मन्त्री |
| २८ | एभरेष्ट पेपर मिलबाट निस्केको पानीले विधी नदीलाई दुषित पारेको | मा. श्री महेन्द्र यादव (ने.कां.) | २०४८।४।२९ | गृह मन्त्री |
| २९ | पंचायती शासनकालमा वेपत्ता पारिएका व्यक्तिहरुको विवरण सदन समक्ष ल्याइयोस् | मा. श्र राजेन्द्रप्रसाद पाण्डे (ने.क.पा. एमाले) | २०४८।४।३१ | गृह मन्त्री |
| ३० | महिलाहरुको दयनिय अवस्थाले समाजको विकास हुन अवरोध भएको | मा. श्रीमती उमा अधिकारी (ने.कां.) | २०४८।५।२ | श्रम तथा सामाजिक कल्याण मन्त्री |
| ३१ | महेन्द्र संस्कृति विश्वविद्यालयको प्राज्ञिक र भौतिक विकास गतिहीन भएको | मा. श्री शिवराज गौतम (ने.क.पा. एमाले) | २०४८।५।३ | शिक्षा तथा संस्कृति मन्त्री |
| ३२ | भरिया ज्याला निर्धारण गर्ने | मा. श्री परशुराम मेघी गुरुङ्ग (ने.क.पा. एमाले) | २०४८।५।५ | श्रम तथा सामाजिक कल्याण मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| ३३ | नेपाली चेलीवेटीहरु विदेशमा बेचिने गरेको | मा. श्री विरोध खतिवडा (ने.क.पा. एमाले) | २०४८।५।६ | श्रम तथा सामाजिक कल्याण मन्त्री |
| ३४ | विश्व स्वास्थ्य संघले सिफारिश गरेका अत्यावश्यक औषधि नीति लागू गरियोस् | मा. श्री बंशीधर मिश्र (ने.क.पा. एमाले) | २०४८।५।७ | स्वास्थ्य राज्यमन्त्री |
| ३५ | हिमाल सिमेण्ट कारखाना दिन प्रतिदिन घाटामा गैरहेको | मा. श्री राजेन्द्रप्रसाद पाण्डे (ने.क.पा. एमाले) | २०४८।५।१२ | उद्योग मन्त्री |
| ३६ | आवश्यक कानूनी उपचारको अभावमा बन्दी बनाइएको र बढी जेल यातना भोगिरहेकालाई छुटकारा दिने | मा. श्री नारायणमान विजुक्छे (स्वतन्त्र) | २०४८।५।१४ | गृह मन्त्री |
| ३७ | २०४५ सालको मूकम्पबाट पीडित जनतालाई ऋण सविधा दिलाउन कार्यक्रम राखियोस् | मा. श्री गोपाल गुरागाई (ने.क.पा. एमाले) | २०४८।५।१७ | आवस तथा भौतिक योजना मन्त्री |
| ३८ | तरकारी, फलफुल, दुध आदि वस्तुहरुको मूल्य निर्धारण नभएबाट व्यापारीहरुको मनोमानीले कृषकहरुलाई पिरोलेको | मा. श्री शंकरप्रसाद पाण्डेय (ने.कां.) | २०४८।५।१९ | आपूर्ति मन्त्री |
| ३९ | इलाम चुलाचुली क्षेत्रको वसोवास समस्या | मा. श्री मणिकुमार लिम्बु (ने.क.पा. एमाले) | २०४८।६।१ | वन तथा वातावरण मन्त्री |
| ४० | रामेछाप जिल्लाको सदरमुकाम एकीन गर्न उच्चस्तरीय आयोग गठन गरियोस् | मा. श्री लक्ष्मणप्रसाद घिमिरे (ने.कां.) | २०४८।६।२ | गृह मन्त्री |
| ४१ | कर्णाली योजना शीघ्र कार्यान्वयन गर्ने | मा. श्री शिवराज जोशी (ने.कां.) | २०४८।६।३ | जलस्रोत मन्त्री |
| ४२ | नेपालको उत्तरी सीमाका चेकपोष्टहरु उचित ठाउँमा नरहेको | मा. श्री चिनकाजी श्रेष्ठ (ने.कां.) | २०४८।६।८ | गृह मन्त्री |
| ४३ | वास्तविक कृषकलाई राहत पुऱ्याउने कृषि उब्जनीको समर्थन मूल्य निर्धारण गरियोस् | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०४८।६।९ | आपूर्ति मन्त्री |
| ४४ | राज्यको स्वामित्वमा रहेका संचार माध्यमलाई निष्पक्षताका साथ उपयोग गरिनु पर्ने | मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | २०४८।६।१३ | संचार मन्त्री |

## द्वितीय अधिवेशन

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | नेपाली कला र संस्कृतिलाई जोगाउन मूर्तिकला, वास्तुकला र नाचगान सम्बन्धी महाविद्यालयहरुको स्थापना गरिनु पर्ने | मा. श्री नारायणमान विजुक्छे (स्वतन्त्र) | २०४८।११।२१ | शिक्षा तथा संस्कृती मन्त्री |
| २ | समयमै शिक्षा नीति तर्जुमा गरिनु पर्ने | मा. श्री देवीप्रसाद ओझा (ने.क.पा. एमाले) | २०४८।११।२१ | " |
| ३ | वन र वन्यजन्तुहरुको संरक्षण हुन नसकेको | मा. श्री भिमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४८।११।२२ | वन तथा वातावरण राज्यमन्त्री |
| ४ | जिल्ला विकास समितिको बैठकहरुमा सम्बन्धित जिल्लाका सांसदहरुलाई सम्मिलित गराइनु पर्ने | मा. श्री हेमराज राई (ने.क.पा. एमाले) | २०४८।११।२३ | स्थानीय विकास मन्त्री |
| ५ | प्राथमिक शिक्षा मातृभाषामा प्रदान गर्न व्यवस्था गरिनु पर्ने | मा. श्री हृदयेश त्रिपाठी (ने.स.पा.) | २०४८।११।२३ | शिक्षा तथा संस्कृति मन्त्री |
| ६ | तराइका विभिन्न जिल्लाहरुमा चिनी मीलहरुले ऊखु खरीद नगर्दा किसानहरुलाई मर्का परेको | मा. श्री केशवप्रसाद बडाल (ने.क.पा. एमाले) | २०४८।११।२५ | उद्योग राज्यमन्त्री |
| ७ | संचार माध्यमलाई निष्पक्ष, तटस्थ र वस्तुनिष्ठ बनाइनु पर्ने | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०४८।११।२५ | संचार राज्यमन्त्री |
| ८ | आन्दोलनमा संलग्न कर्मचारीहरुमाथि भएको कारवाही सम्बन्धमा | मा. श्री गंगालाल तुलाधर (ने.क.पा. एमाले) | २०४८।११।२६ | सामान्य प्रशासन मन्त्री |
| ९ | रोजगारको लागि विदेश गएका नेपालीहरुको उचित संरक्षण गर्नु पर्ने | मा. श्री कृष्णबहादुर महरा (सं.ज.मो.ने.) | २०४८।११।२७ | श्रम राज्यमन्त्री |
| १० | विद्युत र सिंचाइलाई एकीकृत रुपमा विकास गर्ने नीति अवलम्बन गरिनु पर्ने | मा. डा. प्रकाशचन्द्र लोहनी (रा.प्र.पा. (चन्द) | २०४८।११।२७ | जलस्रोत राज्यमन्त्री |
| ११ | पर्यटन विकासका लागि ठोस नीति र कार्यक्रम बनाइनु पर्ने | मा. श्री ब्रजकिशोर सिंह (ने.कां.) | २०४८।११।२८ | पर्यटन मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १२ | सिलगढी - साँफे सडकको निर्माण कार्य सम्बन्धी | मा. श्री बलबहादुर कुंवर (ने.कां.) | २०४८।११।२९ | निर्माण तथा यातायातमन्त्री |
| १३ | उद्योगहरुको निजीकरण सम्बन्धमा | मा. श्री राजेन्द्रप्रसाद पाण्डे (ने.क.पा. एमाले) | २०४८।११।३० | उद्योग राज्यमन्त्री |
| १४ | नदी नियन्त्रणका सम्बन्धमा | मा. श्री वसन्तकुमार गुरुङ (ने.कां.) | २०४८।११।३० | जलस्रोत राज्यमन्त्री |

## तृतीय अधिवेशन

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइनु पर्ने | मा. डा. वंशीधर मिश्र (ने.क.पा. एमाले) | २०४९।४।९ | स्वास्थ्य राज्यमन्त्री |
| २ | निकुञ्ज र आरक्षहरुको उचित सीमाङ्कन गरी ती क्षेत्रका जनताको सुरक्षित बसोवासको व्यवस्था र पर्यावरण संरक्षणको लागि गुरु योजना तर्जुमा गरियोस् । | मा. श्री लोकराज जोशी (ने.कां.) | २०४९।४।१५ | वन तथा वातावरण राज्यमन्त्री |
| ३ | बाग्मती नदी र पशुपति क्षेत्रको प्रदुषण हटाउन ठोस कार्यक्रम संचालन गरियोस् । | मा. श्री अर्जुननरसिंह के.सी. (ने.कां.) | २०४९।४।१८ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ४ | साहित्यकारहरुका कृतिहरुको प्रकाशन र वाङमयको संरक्षण तथा सम्बर्द्धनका लागि ठोस कार्यक्रम ल्याइयोस् । | मा. श्री विजय सुब्वा (ने.क.पा. एमाले) | २०४९।४।२१ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ५ | राष्ट्रिय बाणिज्य बैंकबाट सटही गरिएका डलरहरुमध्ये केही नककली भेटिएकोले छानविन गरियोस् | मा. श्री अमिक शेरचन (सं.ज.मा.) | २०४९।४।२२ | अर्थ राज्यमन्त्री |
| ६ | शिक्षकहरुलाइ विचार वा आस्थाको आधारमा कारवाही गरिएको | मा. श्री देवीप्रसाद ओझा (ने.क.पा. एमाले) | २०४९।४।२६ | शिक्षा संस्कुति तथा समाज कल्याण मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| ७ | देशमा विद्यमान खानेपानी समस्या समाधान गर्न प्राथमिकता प्राप्त योजनाहरुको तर्जुमा गरी कार्यान्वयन गरियोस । | मा. श्री विष्णुबहादुर राउत (ने.क.पा. एमाले) | २०४९।४।३२ | आवास तथा भौतिक योजना मन्त्री |
| ८ | प्राचीन नृत्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि गुरु योजना बनाई कार्यान्वयन गरियोस् । | मा. श्री सिद्धिलाल सिंह (ने.क.पा. एमाले) | २०४९।५।८ | शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्री |
| ९ | भू-क्षय, वन विनाश तथा वातावरण प्रदुषण गर्ने उद्योगहरुको संचालनमा उचित नियन्त्रण गरियोस् । | मा. डा. ध्रुवप्रसाद शर्मा (ने.कां.) | २०४९।५।१० | उद्योग तथा श्रम राज्यमन्त्री |
| १० | मुलुकका आकर्षक ठाउँहरुलाई पर्यटन क्षेत्र घोषित गरियोस् । | मा. श्री अर्जुन नरसिंह के.सी. (ने.कां.) | २०४९।५।११ | पर्यटन मन्त्री |
| ११ | म्याग्नासाइट उद्योग लक्ष्य अनुरुप संचालन नगरिएको कारणबाट ठूलो क्षति भैरहेको । | मा. श्री जीतवीर तामाङ्ग लामा (ने.क.पा. एमाले) | २०४९।५।११ | उद्योग तथा श्रम राज्यमन्त्री |
| १२ | शहरी क्षेत्रमा तरकारी तथा फलफूलको बजार व्यवस्थित गरिनु पर्ने । | मा. श्री गंगालाल तुलाधर (ने.क.पा. एमाले) | २०४९।५।१२ | कृषि मन्त्री |
| १३ | दूर संचार संस्थानमा भ्रष्टाचार र अनियमितता भैरहेको चर्चा चलेको । | मा. श्री नारयणमान विजुक्छे (स्वतन्त्र) | २०४९।५।१२ | संचार राज्यमन्त्री |
| १४ | उदयपुर सिमेण्ट उद्योग निर्माण कार्यको गुणस्तर जाँच गर्न आयोग गठन गरियोस् । | मा. श्री लक्ष्मीनारायण चौधरी (ने.क.पा. एमाले) | २०४९।५।१३ | उद्योग तथा श्रम राज्यमन्त्री |
| १५ | मजदूरहरुको वर्गीकरण ग्रामीण मजदूरहरुलाई पनि समावेश गरी रोजगारको अवसर र शीप बृद्धि गरिनु पर्ने । | मा. श्री नथुनीसिंह दनुवार (ने.कां.) | २०४९।५।१३ | उद्योग तथा श्रम राज्यमन्त्री |
| १६ | नागरिकता सम्बन्धी समस्या समाधान गर्ने । | मा. श्री हृदयेश त्रिपाठी (ने.स.पा.) | २०४९।५।२२ | गृह मन्त्री |
| १७ | नेपालका नदीहरुबाट कलकत्ता वन्दरगाहसम्म जलमार्ग संचालन गर्न भारत सरकारसंग वार्ता चलाईयोस । | मा. डा. प्रकाशचन्द्र लोहनी (रा.प्र.पा. चन्द) | २०४९।५।२२ | निर्माण तथा यातायात मन्त्री |

| क.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १८ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत गुठी संस्थान लगायत विभिन्न कार्यालयहरुमा ठूलो अनियमितता भएको । | मा. श्री भीमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४९।५।२३ | भूमिसुधार तथा व्यवस्था मन्त्री |
| १९ | सुकुम्बासीहरुको बसोबास र रोजगारको व्यवस्था गरियोस् । | मा. श्री द्रोणप्रसाद आचार्य (ने.क.पा. एमाले) | २०४९।५।२४ | आवास तथा भौतिक योजना मन्त्री |
| २० | रेडियो नेपालको प्राविधिक क्षमता बृद्धि गरी राष्ट्रिय भाषाहरुमा समेत कार्यक्रमहरु प्रसारण गरियोस् । | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०४९।५।२४ | संचार राज्यमन्त्री |
| २१ | कार्पेट उद्योगमा ह्रास आउन थालेकोले देशको अर्थतन्त्रमा प्रतिकुल असर परेको । | मा. श्री कमलप्रसाद चौलगाई (सं.ज.मो. नेपाल) | २०४९।५।२७ | वाणिज्य तथा आपूर्ति राज्यमन्त्री |
| २२ | दुर्गम तथा पहाडी जिल्लाका सदरमुकामसम्म मोटर सडक पुर्‍याउन प्राथमिकता दिई कार्यक्रम तर्जुमा गरियोस् । | मा. श्री अर्जुनजंग बहादुर सिंह (ने.कां.) | २०४९।५।२८ | निर्माण तथा यातायात मन्त्री |
| २३ | गत श्रावण १६ गते भएको थाई एयरबस दुर्घटनामा दिवंगत हुन् भएका यात्रुहरुको स्मृतिमा नुवाकोट जिल्लाको ढिकुरे लब्धुदेखी गोसाईकुण्ड सम्म स्मृति मार्ग बनाइयोस् । | मा. श्री गणेश पण्डित (ने.क.पा. एमाले) | २०४९।५।२८ | निर्माण तथा यातायात मन्त्री |
| २४ | क्षतिपूर्ति सम्बन्धी ऐनको व्यवस्था गरियोस् । | मा. श्री कृष्णप्रसाद भट्टराई (ने.क.पा. एमाले) | २०४९।५।२९ | कानुन, न्याय तथा संसदीय व्यवस्था सहायक मन्त्री |
| २५ | शैक्षिक वेरोजगारहरुको लागि राजगारको व्यवस्था गरियोस् । | मा. श्री सलिम मियाँ अन्सारी (ने.क.पा. एमाले) | २०४९।५।२९ | उद्योग तथा श्रम सहायक मन्त्री |
| २६ | पूर्वाञ्चलका पहाडी जिल्लाहरुमा चिहान खन्ने कार्यलाई रोकी ऐतिहासिक एवं पुरातात्विक महत्वका वस्तुहरु जोगाइयोस् । | मा. श्री धनहर्क राई (ने.क.पा. एमाले) | २०४९।५।३० | गृह मन्त्री |
| २७ | पिछडिएका तथा लोप हुन लागेका प्रजातिहरुको संरक्षणका लागि कायक्रम बनाई कार्यान्वयन गरियोस् । | मा. श्री नारायण राजवंशी (ने.क.पा. एमाले) | २०४९।५।३० | शिक्षा, संस्कृति तथा समाज कल्याण सहायक मन्त्री |

## चौथो अधिवेशन

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | कर्णाली अञ्चल जस्तो दुर्गम क्षेत्रमा आजसम्म यातायातको व्यवस्था नभएको | मा. श्री तिलकप्रसाद न्यौपाने (ने.कां.) | २०४९।११।१० | निर्माण तथा यातायात मन्त्री |
| २ | पर्यटन उद्योगको प्रवर्द्धनका लागि नयाँ क्षेत्रहरुको पहिचान गरी ठोस कार्यक्रम तर्जुमा गरियोस् । | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०४९।११।११ | पर्यटन तथा नागरिक उड्डयन मन्त्री |
| ३ | कृषि विश्व विद्यालय स्थापना गरियोस् | मा. श्री भीमबहादुर श्रेष्ठ (स्वतन्त्र) | २०४९।११।१३ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ४ | इन्धनको समस्या र वन-जंगलको विनाश बढ्दै गैरहेको | मा. श्री नथुनिसिंह दनुवार (ने.कां.) | २०४९।११।१४ | वन तथा भू संरक्षण राज्यमन्त्री |
| ५ | प्राथमिक तहका पाठ्यपुस्तकहरु सरल प्रक्रियाबाट उपलब्ध गराइयोस् | मा. श्री लालबावु पण्डित (ने.क.पा. एमाले) | २०४९।११।१७ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |

## पाँचौं अधिवेशन

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | मोहियानी हक संरक्षण सम्बन्धी । | मा. श्री मफीलाल थारु थनेत (ने.क.पा. एमाले) | २०५०।४।२१ | भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री |
| २ | बोलपत्र स्वीकृत सम्बन्धी वर्तमान व्यवस्था अवैज्ञानीक भएको । | मा. श्री विजय सुब्बा (ने.क.पा. एमाले) | २०५०।४।२४ | अर्थ राज्यमन्त्री |
| ३ | जिल्ला सदरमुकामहरु र आसपासका साना शहरी क्षेत्रहरुमा आवास योजना लागू गरियोस् । | मा. श्री नरेन्द्र बस्नेत (ने.क.पा. एमाले) | २०५०।४।२५ | आवास तथा भौतिक योजना मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| ४ | रोजगारको लागि विदेशिएका नेपालीहरुले पाइरहेको दुःखका सम्बन्धमा । | मा. श्री भरतमोहन अधिकारी (ने.क.पा. एमाले) | २०५०।४।२७ | उद्योग तथा श्रम राज्यमन्त्री |
| ५ | श्रमजिवी पत्रकारहरुको हक हितका सम्बन्धमा । | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०५०।४।२९ | सूचना तथा संचार राज्यमन्त्री |
| ६ | लागू औषध नियन्त्रण सम्बन्धमा । | मा. श्री विरोध खतिवडा (ने.क.पा. एमाले) | २०५०।४।३१ | गृह मन्त्री |
| ७ | पिछडिएका गाउँहरुमा विद्यमान बेठी प्रथा उन्मूलन गरियोस् । | मा. श्री कृष्णबहादुर शाही (ने.क.पा. एमाले) | २०५०।४।३२ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ८ | निर्माणाधीन सडकहरु यथाशीघ्र पूरा गरियोस् । | मा. श्री ऋषिकेश गौतम (ने.कां.) | २०५०।५।१ | निर्माण तथा यातायात मन्त्री |
| ९ | कमैया प्रथाको अन्त्य गरी कृषि मजदूरहरुको न्यूनतम ज्याला तोकियोस् । | मा. श्री खगराज शर्मा (ने.क.पा. एमाले) | २०५०।५।१ | उद्योग तथा श्रम राज्यमन्त्री |
| १० | निजी क्षेत्रमा खोल्न दिइएका मेडिकल एवं इन्जिनियरिङ्ग कलेजहरुसंग भएको सम्झौता र शर्तहरुका सम्बन्धमा । | मा. डा. वंशीधर मिश्र (ने.क.पा. एमाले) | २०५०।५।२ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ११ | जनसहयोग जुटाई वनको संरक्षण र सम्बर्द्धन गर्ने कार्य योजना बनाइयोस् । | मा. श्री शिवराज गौतम (ने.क.पा. एमाले) | २०५०।५।३ | वनतथा भूसंरक्षण राज्यमन्त्री |
| १२ | चिया खेतीमा संलग्न कृषक तथा उद्यमीहरुलाई प्रोत्साहित गर्न कार्यक्रम तर्जुमा गरियोस् । | मा. श्री झलनाथ खनाल (ने.क.पा. एमाले) | २०५०।५।६ | कृषि मन्त्री |
| १३ | दैवी प्रकोपमापरि घरबार विहिन भएकाहरुलाई व्यवस्थित वसोवास गराइयोस् । | मा. श्री अर्जुनजंग बहादुर सिंह (ने.कां.) | २०५०।५।७ | आवस तथा भौतिक याजना मन्त्री |
| १४ | पिछडिएका दलित जनजातिको जीवनस्तर उठाउन विशेष कार्यक्रम तर्जुमा गरियोस् । | मा. श्री गोविन्द बहादुर शाह (ने.कां.) | २०५०।५।८ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १५ | हवाई दुर्घटनामा निधन भएका व्यक्तिका परिवारलाई बीमा रकम उपलब्ध गराइयोस् । | मा. श्री दीपकुमार उपाध्याय (ने.कां.) | २०५०।५।९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्री |
| १६ | हिमाली भेगमा पाइने जडीबुटीहरुको संरक्षण र उपयोग गरियोस् । | मा. श्री डिल्लीबहादुर महत (स्वतन्त्र) | २०५०।५।११ | वन तथा भू संरक्षण राज्यमन्त्री |
| १७ | बषौंदेखि ऐलानी पर्ति जमीन जोतभोग गर्दै आएका किसानहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गरियोस् । | मा. श्री हर्कमान तामाङ्ग (ने.क.पा. एमाले) | २०५०।५।१३ | आवस तथा भौतिक योजना मन्त्री |
| १८ | नदी नियन्त्रणका लागि प्रभावकारी कदम चालियोस् । | मा. श्री लक्ष्मीनारायण चौधरी (ने.क.पा. एमाले) | २०५०।५।१४ | जलस्रोत राज्यमन्त्री |
| १९ | नेपाली गलैंचाको गुणस्तर कायम गरियोस् । | मा. श्री बलबहादुर कुंवर ( ने.कां.) | २०५०।५।१५ | वाणिज्य तथा आपूर्ति राज्यमन्त्री |
| २० | पुरातात्विक वस्तुहरुको संरक्षण गर्न प्रभावकारी कदम चालियोस् । | मा. श्री हेमराज राई (ने.क.पा. एमाले) | २०५०।५।२२ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| २१ | बालबालिकाहरुको संरक्षण र विकासका लागि ठोस कायक्रम संचालन गरियोस् । | मा. श्री नारायण राजवंशी (ने.क.पा. एमाले) | २०५०।५।२७ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| २२ | आनन्दकुटी विहारबाट चोरिएको भगवान बुद्धको अस्थिधातु खोजी कार्यमा तीव्रता ल्याइयोस् । | मा. श्री ओमकार प्रसाद गौचन (ने.कां.) | २०५०।५।२८ | गृहमन्त्री |
| २३ | हिमरेखा आसपासका जनताको जीवनस्तर उठाउन विशेष कार्यक्रम संचालन गरियोस् । | मा. श्री परशुराम मेघी गुरुङ्ग (ने.क.पा. एमाले) | २०५०।५।२८ | स्थानीय विकास मन्त्री |
| २४ | स्थानीय व्यक्तिहरु सम्मिलित लुम्बिनी विकास कोष गठन गरियोस् । | मा. श्री श्यामसुन्दर गुप्ता (ने.स.पा.) | २०५०।५।३० | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |

## छैठौं अधिवेशन

| क.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १ | विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी कायम गरिने नयाँ नियमले विद्यालयको पठनपाठनमा ह्रास आएको । | मा. श्रीमती उमा अधिकारी (ने.कां.) | २०५०।१२।१ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| २ | कर्णाली अञ्चलका किसानहरुलाई जाजरकोट, दैलेख, अछाम आदि जिल्लाहरुमा पशु चराए वापत गा.वि.स. हरुले कर लिंदा मर्का परेको । | मा. श्री डिल्लीबहादुर महत (स्वतन्त्र) | २०५०।१२।४ | कृषि मन्त्री |
| ३ | गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समितिको शेयर त्यहाँ कार्यरत पत्रकारिता पेशामा संलग्न अन्य व्यक्तिहरुलाई बिक्री वितरण गरी सहकारीकरण गरियोस् । | मा. श्री हिरण्यलाल श्रेष्ठ (ने.क.पा. एमाले) | २०५०।१२।४ | सूचना तथा संचार राज्यमन्त्री |
| ४ | खानेपानी आयोजनाहरु गुणस्तर कायम गरी निर्धारित समयभित्र पूरा गरिनु पर्ने । | मा. श्री तिलकप्रसाद न्यौपाने (ने.कां.) | २०५०।१२।७ | आवास तथा भौतिक योजना मन्त्री |
| ५ | सुकुम्बासी समस्या छिटो समाधान गरियोस् । | मा. श्री लालबाबु पण्डित (ने.क.पा. एमाले) | २०५०।१२।१० | आवास तथा भौतिक योजना मन्त्री |
| ६ | चिया बगानमा कार्यरत मजदुरहरुको समस्या सम्बन्धमा । | मा. श्री नारायण राजवंशी (ने.क.पा. एमाले) | २०५०।१२।११ | कृषि मन्त्री |
| ७ | कलात्मक एवं सांस्कृतिक महतवका स्मारकहरुको संरक्षण र सम्बर्धन गर्ने । | मा. श्री नारायणमान विजुक्छे (स्वतन्त्र) | २०५०।१२।११ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| ८ | शाही नेपाल वायुसेवा निगमको यूरोप सेक्टरको जी.एस.ए. मा फेयर कम्पनीलाई नियुक्त गर्दा संस्थानको हितलाई बेवास्ता गरिएको । | मा. श्री विरोध खतिवडा (ने.क.पा. एमाले) | २०५०।१२।१५ | पर्यटन तथा नागरिक उड्डयन मन्त्री |
| ९ | काठमाडौं उपत्यकामा फोहरले प्रतिकूल असर पारेको । | मा. श्रीमती विद्यादेवी भण्डारी (ने.क.पा. एमाले) | २०५०।१२।१८ | स्थानीय विकास मन्त्री |

| क्र.सं. | विषय | ध्यानाकर्षणकर्ता | ध्यानाकर्षण मिति | सम्बन्धित मन्त्री |
|---|---|---|---|---|
| १० | पूर्व-पश्चिम राजमार्गमा पर्ने कर्णालीपारिका पुलहरु यथाशीघ्र निर्माण गरियोस् । | मा. श्री गोविन्दबहादुर शाह (ने.कां) | २०५०।१२।२१ | निर्माण तथा यातायात मन्त्री |
| ११ | मेची राजमार्ग निर्माण कार्यमा अनियमितता भएको । | मा. श्री मणिकुमार लिम्बू (ने.क.पा. एमाले) | २०५०।१२।२२ | निर्माण तथा यातायात मन्त्री |
| १२ | स्वास्थ्य सेवामा देखिएका समस्याहरु । | मा. श्री वंशीधर मिश्र (ने.क.पा. एमाले) | २०५०।१२।२३ | स्वास्थ्य राज्यमन्त्री |
| १३ | भू.पू. सैनिकहरुको शीप र तालीमको उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरियोस् । | मा. श्री धनहर्क राई (ने.क.पा. एमाले) | २०५०।१२।२४ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |
| १४ | निम्नमाध्यमिक विद्यालयहरुमा संस्कृत भाषा अनिवार्य नगराइयोस् । | मा. श्री अशोककुमार राई (ने.क.पा. एमाले) | २०५०।१२।२५ | शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री |

# परिशिष्ट – ३

संकल्पहरु

## प्रथम अधिवेशन

| क.सं. | संकल्पको व्यहोरा | प्रस्तुतकर्ता मा. सदस्य | स्वीकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|
| १ | "प्रतिनिधि सभाको यो बैठक देशमा विद्यमान वास्तविक सुकुम्वासीहरुको समस्या समाधान गर्न श्री ५ को सरकारले एक उच्चस्तरीय आयोग गठन गरोस् भनी सिफारिश गर्दछ।" | मा. श्री पूर्णबहादुर खड्का | २०४८।४।१९ | आवास तथा भौतिक योजना |
| २ | "पिछडिएका वर्ग, जात-जाति, जनजाति र समुदायका भाषा, संस्कृति, लिपि र कलाको यथोचित विकासका लागि र ती मध्ये आर्थिक, सामाजिक, राजनैतिक दृष्टिकोणले पिछडिएका जात-जाती र जनजाति वर्ग समूहलाई शिक्षा, स्वास्थ्य, सरकारी, अर्ध-सरकारी एवं आर्थिक सामाजिक क्षेत्रमा विषेश व्यवस्था र यथोचित मौका दिलाई हाम्रो मुलकको वर्तमान समाजमा रहेको असमानतालाई हटाई राष्ट्रिय एकतालाई बलियो बनाउने हेतुले श्री ५ को सरकारले संविधानको भावना प्रतिविम्वित हुने गरी एउटा प्रभावकारी कार्यक्रम बनाई व्यवहारिक कार्यान्वयनका लागि अविलम्व कारवाही गरोस् भनी यो सदन सिफारिश गर्दछ। | मा. श्री रकम जेमजोङ्ग | २०४८।६।४ | शिक्षा तथा संस्कृति |

## तृतीय अधिवेशन

| क्र.सं. | संकल्पको व्यहोरा | प्रस्तुतकर्ता मा. सदस्य | स्वीकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|
| १ | "हाम्रो देशमा महिलाहरुप्रति अमर्यादित र असभ्य व्यवहारहरु भैरहेको पृष्ठभूमिमा अबोध बालिकासंग बलात्कार गरिएको जस्तो जघन्य अपराधिक घटना समेत घट्न गएको विषयले हामी सबैलाई चिन्तित तुल्याएको छ । अत : प्रतिनिधि सभाको यो बैठक यस दु:खद् स्थितिप्रति गहिरो चिन्ता प्रकट गर्दै त्यस्तो प्रबृत्ति र घटनाहरुका विरुद्ध जनमानसमा प्रतिबद्धता जगाउन देशका समस्त राजनैतिक, समाजसेवी तथा बौद्धिक क्षेत्रसंग अपील गर्नुका साथै यस्ता घटनाहरु आयन्दा दोहोरिन नदिन श्री ५ को सरकारले अविलम्ब प्रभावकारी कदम चालोस् भनी राय व्यक्त गर्दछ ।" | मा. श्रीमती सहाना प्रधान | २०४९।४।१६ | गृह |
| २ | "आफ्नो राष्ट्र नेपालको रक्षा गर्ने पवित्र कार्यबाट कुनै पनि देशवासिले वञ्चित रहन नपरोस् भन्ने उद्देश्यले शाही नेपाली सेनालाई राष्ट्रिय चरित्र र स्वरुप प्रदान गर्न सबै नेपालीहरुका लागि शाही नेपाली सेनामा प्रवेश गर्न समान अवसर प्रदान गरियोस् भनी यो सदन राय व्यक्त गर्दछ ।" | मा. श्री हृदयेश त्रिपाठी | २०४९।५।२६ | रक्षा |

## पाँचौ अधिवेशन

| क्र.सं. | संकल्पको व्यहोरा | प्रस्तुतकर्ता मा. सदस्य | स्वीकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|
| १ | "संविधान र शिक्षा नियमावली अनुसार सबै भाषा-भाषीलाई समान अवसर प्रदान गर्न प्रतिनिधि सभाको यो बैठक सम्पूर्ण जनजातीको भाषा संस्कृतिको अनुसन्धान, विकास र सम्बर्द्धनको लागि श्री ५ को सरकारले उपयुक्त योजना तथा कार्यक्रम तर्जुमा गरी यथाशीघ्र कार्यान्वयन गरोस् भनी सिफारिश गर्दछ ।" | मा. श्री कमानसिंह लामा | २०५०।५।४ | शिक्षा, संस्कृति तथा समाज कल्याण |

## छैठौं अधिवेशन

| क्र.सं. | संकल्पको व्यहोरा | प्रस्तुतकर्ता मा. सदस्य | स्वीकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|
| १ | "प्रतिनिधि सभाको यो बैठक प्रजातन्त्र र बहुदलीय व्यवस्थाको संस्थागत विकासका लागि स्वतन्त्र, निष्पक्ष र धाँधली रहित निर्वाचन पहिलो शर्त भएकोले श्री ५ को सरकारले आगामी आम निर्वाचन अगावै सम्पूर्ण मतदाताहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था गरोस् भनी सिफारिश गर्दछ ।" | मा. श्री तारानाथ रानाभाट | २०५०।१२।५ | गृह |
| २ | "प्रतिनिधि सभाको यो बैठक श्री ५ को सरकारले भूमि व्यवस्थामा सामाजिक न्याय दिलाई उत्पादकत्वमा बृद्धि गर्नको लागि समेत भूमि व्यवस्थापनमा ठोस् नीति तर्जुमा गरी कार्यान्वयन गरोस् भनी निर्देश गर्दछ ।" | मा. श्री केशवप्रसाद बडाल | २०५०।१२।२३ | भूमिसुधार तथा व्यवस्था |
| ३ | "प्रतिनिधि सभाको यो बैठक देशमा असंगठित रुपले छरिएर रहेका असंख्य कृषि मजदूरहरुको दयनीय अवस्था र आर्थिक शोषणको अन्त्य गर्न श्री ५ को सरकारले स्थानीय निकायलाई समय सापेक्ष न्यूनतम ज्यालादर निर्धारण गर्न निर्देशन गरोस् भनी सिफारिश गर्दछ ।" | मा. श्री हृदयेश त्रिपाठी | २०५०।१२।२६ | स्थानिय विकास * |

* कृषि मन्त्रालयसंग सम्बन्धित रुपमा स्वीकृत भएकोमा कृषि मन्त्रालयको कार्यान्वयनका लागि स्थानीय विकास मन्त्रालयमा पठाएको ।

## परिशिष्ट -४

पारित विधेयकहरु

### प्रथम अधिवेशन

प्रतिनिधि सभामा उत्पति भएका विधेयकहरुको तालिका

| क.सं. | विधेयकको नाम | वितरण मिति | प्रस्तुत मिति | सामान्य छलफल मिति | दफाबार छलफल मिति | | पारित मिति | राष्ट्रिय सभामा | | लालमोहर सदर मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सदन | सम्बन्धित समिति | | पठाइएको मिति | पारित मिति | |
| १ | लालमोहर (आठौं संशोधन) विधेयक, २०४८ | ३।२१ | ३।२३ | ३।२३ | ३।२६ | - | ३।२६ | ३।२६ | ३।३० | २०४८।३।३२ |
| २ | आर्थिक विधेयक, २०४८ | ३।२७ | ३।२७ | ५।३१ | ६।१ | - | ६।१ | ६।२ | ६।६ | २०४८।९।१ |
| ३ | विनियोजन विधेयक, २०४८ | ३।३२ | ३।३२ | ३।३२ | ४।५ देखी ५।३० सम्म | - | ५।३० | ५।३० | ६।४ | २०४८।६।२० |
| ४ | पेश्की खर्च विधेयक, २०४८ | ३।३२ | ३।३२ | ३।३२ | ३।३२ | - | ३।३२ | ३।३२ | ३।३२ | २०४८।४।१ |
| ५ | छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०४८ | ५।२१ | ५।२८ | ५।३१ | ६।३ | - | ६।३ | ६।३ | ६।९ | २०४८।७।१४ |
| ६ | प्रेस काउन्सिल विधेयक, २०४८ | ५।२१ | ५।२८ | ६।१ | - | ६।७ | ६।८ | ६।८ | ६।१२ | २०४८।७।२८ |
| ७ | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने)(दोश्रो संशोधन) विधेयक, २०४८ | ५।२१ | ५।२८ | ५।३१ | ६।३ | - | ६।३ | ६।३ | ६।९ | २०४८।७।४१ |
| ८ | विष्फोटक पदार्थ (दोस्रो संशोधन) विधेयक, २०४८ | ५।२६ | ५।२८ | ६।१ | ६।४ | - | ६।४ | ६।४ | ६।१० | २०४८।७।१४ |
| ९ | हातहतियार खरखजाना (पहिलो संशोधन) विधेयक, २०४८ | ५।२६ | ५।२८ | ६।१ | ६।४ | - | ६।४ | ६।४ | ६।१० | २०४८।७।११ |
| १० | लोकसेवा आयोग (कार्यविधि) विधेयक, २०४८ | ५।२१ | ५।२८ | ६।१ | ६।४ | - | ६।४ | ६।४ | ६।३० | २०४८।७।१४ |
| ११ | संसदका केही पदाधिकारीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक, २०४८ | ३।२३ | ५।२८ | ५।३१ | ६।६ | - | ६।६ | ६।६ | ६।१० | २०४८।८।४ |

| क्र.सं. | विधेयकको नाम | वितरण मिति | प्रस्तुत मिति | सामान्य छलफल मिति | दफाबार छलफल मिति | | पारित मिति | राष्ट्रिय सभामा | | लालमोहर सदर मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सदन | सम्बन्धित समिति | | पठाइएको मिति | पारित मिति | |
| १२ | राष्ट्र ऋण उठाउने विधेयक, २०४८ | ५।२१ | ५।२८ | ५।३१ | ६।३ | - | ६।३ | ६।३ | ६।७ | २०४८।७।११ |
| १३ | ऋण तथा जमानत (छैठौं संशोधन) विधेयक, २०४८ | ५।२१ | ५।२८ | ५।३१ | ६।३ | - | ६।३ | ६।३ | ६।७ | २०४८।७।२८ |
| १४ | वाणिज्य बैक (पाँचौ संशोधन) विधेयक, २०४८ | ५।२१ | ५।२८ | ५।३१ | ६।३ | - | ६।३ | ६।३ | ६।९ | २०४८।७।११ |
| १५ | लेखापरिक्षण विधेयक, २०४८ | ५।२६ | ५।२८ | ६।१ | ६।४ | - | ६।४ | ६।४ | ६।१० | २०४८।७।११ |
